धरान नगरपालिकाद्वारा प्रकाशित

# धरान दर्शन



वर्ष ६, अंक ८



आ.ब. २०६७/६८ बजेट विशेषांक

# २०१० ओलम्पिक डे धरानका झलकहरू




ओलम्पिक डे को उद्घाटन कार्यक्रममा सहभागी हुँदै उपराष्ट्रपति परमानन्द झा लगायत पदाधिकारीहरू ।



१७ - २३ जुलाई, २०१० मा धरानमा भएको ओलम्पिक डे मा नेपालका पहिलो ओलम्पियन भुपेन्द्र सिलवाललाई ओलम्पिक टर्च हस्तान्तरण गर्दै उपराष्ट्रपति परमानन्द झा ।




ओलम्पिक र्‍यालीमा सहभागी हुँदै नेपाल ओलम्पिक कमिटिका अध्यक्ष धुव्रबहादुर प्रधान लगायत ।

# धरान हङकङ मञ्चको वार्षिकोत्सवमा धरान नगरपालिकाको हङकङमा सहभागिता




धरान हङकङ मञ्चको १० औं वार्षिक उत्सव उद्घाटन समारोहमा सहभागी हुँदै धरान नगरपालिकाका कार्यकारी अधिकृतको नेतृत्वको टोली



मायाको चिनो ग्रहण गर्दै धरान हङकङ मञ्चका अध्यक्ष प्रदिप थापा ।




वडागत छलफल कार्यक्रममा सहभागी हुँदै कार्यकारी अधिकृत राजेन्द्रकुमार पौडेल ।



आयोजकको हङकङ सहर दृष्यावलोकन कार्यक्रममा सहभागी हुँदै ।

# सम्पादकीय

धरान नगरपालिकाले आफ्नो कामकारवाही तथा गतिविधिहरुको जानकारी तथा सूचनालाई नगरवासी समक्ष पुऱ्याउनका लागि धरान दर्शन प्रकाशन गर्दै आएको छ ।

सोहि प्रयासलाई निरन्तरता दिने क्रममा आर्थिक वर्ष २०६७।६८ को बजेट विशेषांकको रुपमा धरान दर्शनको प्रकाशन गरिएकोछ । यस अंकमा आर्थिक वर्ष २०६७।६८ को बजेट बक्तब्य, नीति, कार्यक्रम तथा अनुमानित आय ब्यय विवरणलाई समावेश गरिएकोछ । त्यस्तै आर्थिक वर्ष २०६६।६७ मा धरान नगरपालिकाले गरेका उल्लेख्य उपलब्धिहरुलाई पनि समावेश गरिएको छ । हङकङको सद्भावना भ्रमणको लेख लगायत धरानको कानुन उपशाखाको गतिविधि, फोहरमैला व्यवस्थापनाका चुनौती तथा सम्भावना, डकाव कार्यक्रमको गतिविधिहरु, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको जानकारी तथा धरानमा सार्वजनिक निजी साझेदारी कार्यक्रमको शुरुवातको लेखहरु पनि समावेश गरिएको छ ।

अन्त्यमा यस अंक प्रकाशनमा सहयोग गर्नु हुने सवै शाखा, उपशाखा लगायत विशेष रुपले सहयोग गर्नु हुने प्रशासकीय अधिकृत श्री गणेशप्रसाद खतिवडा तथा लेखा अधिकृत श्री भेषराज अधिकारीलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| १. | दुई शब्द | १ |
| २. | आ.व.२०६७/६८को नीति तथा कार्यक्रम | २ |
| ३. | आ.व.२०६६/६७ को प्रगति समीक्षा | २५ |
| ४. | आ.व.२०६७/६८ को बजेट सारांश | २७ |
| ५. | आ.व.२०६६/६७ को मुख्य गतिविधिहरु | २८ |
| ६. | धरान न.पा.को कानून तथा न्याय उपशाखा... | ३३ |
| ७. | धरान न.पा.मा सार्वजनिक निजी साझेदारी... | ३६ |
| ८. | धरान नगरको फोहोर व्यवस्थापन चुनौती.... | ४१ |
| ९. | 2010 Olyampic Day भव्यताका साथ..... | ४३ |
| १०. | धरान न.पा.मा DACAW कार्यक्रम.... | ४६ |
| ११. | एकीकृत सम्पत्ति कर पुनरावलोकन २०६६ | ५० |
| १२. | LGCDP कार्यक्रम | ५५ |
| १३. | हङकङको सद्भावना भ्रमण | ५९ |
| १४. | जनसहभागिताको अनुपम नमुना धरान | ६२ |
| १५. | आ.व. २०६६/६७ को बजेट विवरण | ६५ |



सम्पादक : शिवचन्द्र चाम्लिङ
कार्यकारी सम्पादक : केशव सापकोटा
कम्प्यूटर ले-आउट : बिना डि. तामाङ, धरान-१२(९८४२०८२६१७)
आवरण : धरानको पृष्ठभूमिमा प्रस्तावित धरान प्रवेशद्वार
मुद्रण : धरान प्रिन्टिङ प्रेस, धरान-५

प्रकाशक
**धरान नगरपालिका कार्यालय**
सुनसरी, कोशी



फोन नं. ०२५-५२०४०७, ५२०६३६
फ्याक्स ०२५-५२१९९१
ईमेल : info@dharan.gov.np
वेभ साईट : www.dharan.gov.np


**"शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, बहु-सांस्कृतिक, आवासीय, समृद्ध शहर"**



❐ राजेन्द्रकुमार पौडेल
कार्यकारी अधिकृत

# दुई शब्द

धरान नगरपालिकाले आफ्ना क्रियाकलापहरुलाई सवै सामु जानकारी गराई सुशासनको अनुभूति दिलाउने उद्देश्यले धरान दर्शन बुलेटिन प्रकाशन गर्दै आएको कुरालाई निरन्तरता दिंदै बजेट विशेषाङ्कको रुपमा यो अंकमा आ.व. २०६७|६८ को नीति, कार्यक्रम तथा बजेटका साथै नगरपालिका कार्यालयका विभिन्न शाखा, उपशाखाका आ.व. २०६६|६७ को उल्लेख्य गतिविधिहरुलाई समेत समावेश गरिएकाले नगरपालिकाको बारेमा जान्न र बुझ्न चाहने सवैका लागि धरान दर्शन बढी उपयोगी हुने विश्वास नगरपालिकाले लिएको छ ।

आ.व. २०६७|६८ को बजेटमा जनसहभागिताको नमुना शहरको रुपमा परिचित धरानको पहिचानलाई कायमै राख्न जनसहभागिताका योजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ । धरानमा भौतिक पूर्वाधार विकासको तुलनामा सामाजिक विकास कम भएको पाइएकाले सामाजिक विकासका कार्यक्रमहरुलाई विशेष महत्व दिईएको छ । नगरपालिका आर्थिक रुपमा सवल भएको खण्डमा मात्र समग्र विकास हुने भएकाले आर्थिक रुपमा सवल वनाउन आन्तरिक आम्दानी बढाउन केहि प्रयास गरिएको छ । जस अन्तर्गत एकीकृत सम्पत्तिकरको दररेटमा केहि सेवा शुल्क थप गरिएको र केहिको दररेट परिवर्तन गरिएको छ । यसबाट नगरवासीमा केहि आर्थिक भार बढ्न गएता पनि नगरपालिका आर्थिक रुपमा सवल बन्न मद्दत गर्ने विश्वास लिईएको छ ।

स्थानीय विकास मन्त्रालय, स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत योजनाहरु तथा कार्यक्रम, आवधिक योजना अन्तर्गत योजनाहरुको छनौट तथा दातृ निकायहरुको सहयोगमा संचालन गरिने PPPUE तथा UEIP लगायतका कार्यक्रमहरु समेत यस आ.व.को कार्यक्रममा रहेका छन् । जसले धरानको दीर्घकालीन विकाससंग प्रत्यक्ष सरोकार राख्दछन् ।

अन्त्यमा धरान दर्शनको अध्ययन पश्चात सल्लाह, सुझाव प्राप्त हुने कुरामा नगरपालिका आशावादी रहेको छ ।

# आ.व. २०६७/०६८ को १४ औं नगर परिषद्मा प्रस्तुत नीति तथा कार्यक्रम

१४ औं नगर परिषद् धरानमा हाम्रो आमन्त्रणलाई स्विकारेर पाल्नु भएका
प्रमुख अतिथि श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
राजनैतिक पार्टीका प्रमुख तथा नगरपालिका संचालन दलीय संयन्त्रका प्रतिनिधिज्यूहरु,
भू.पू. नगर प्रमुख मनोजकुमार मेन्याङ्वोज्यू,
उद्योग बाणिज्य संघ-सुनसरी, नेपाल रेडक्रस सोसाईटी लगायत विभिन्न संघसंस्थाका प्रमुखज्यूहरु,
नेपाल पत्रकार महासंघका सभापतिज्यू, वरिष्ठ पत्रकारज्यू, इलाका प्रशासन शाखाका प्रमुखज्यू लगायत कार्यालय प्रमुखज्यूहरु,
पत्रकारज्यूहरु, कर्मचारी साथी, बुद्धिजीवी एवं उपस्थित महिला तथा सज्जनवृन्द

सर्वप्रथम म लोकतान्त्रिक गणतन्त्र घोषणा हुँदासम्मका समयमा भएका विभिन्न आन्दोलनमा वलिदान दिने शहिदहरु प्रति आजको यस क्षणमा स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। ऐतिहासिक तथा धार्मिक पर्यटक स्थलको रुपमा रहेको समृद्ध धरानमा दन्तकाली, पिण्डेश्वर मन्दिर (वोलवम), बुढासुब्बा मन्दिर (टुप्पो नभएका बांसको पहिचान भएका) तथा पांचकन्या मन्दिर रहेका छन् । आर्थिक रुपमा समृद्ध र बसोवासको लागि उपयुक्त स्थलको रुपमा रहेको यस नगरमा आदिवासी जनजातिहरुको वाहुल्यता रहेको छ । पूर्वी पहाडी प्रवेशद्वार तथा व्यापारिक Hub को रुपमा रहेको यो नगरका अधिकांश नगरवासी वैदेशिक रोजगारको सिलसिलामा विशेष गरी वेलायत, हङकङ, सिंगापुर र भारतीय सेनामा कार्यरत रहेका छन् । समशितोष्ण हावापानी रहेको यस नगरलाई पर्यावरणीय दृष्टिकोणले उपयुक्त र सरसफाइको दृष्टिकोणले स्वच्छ, सफा र चौडा फराकिलो सडकहरु निर्माण सहितको शहरी मापदण्ड



१४ औं नगर परिषद्को बजेट तथा नीति कार्यक्रम सार्वजनिक गर्दै प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार पौडेल

यसको पहिचान नै भै सकेको छ । शिक्षा क्षेत्रको विकासमा पूर्वाञ्चल इन्जिनियरीङ कलेज, खाद्य प्रविधि विषय पढाई हुने केन्द्रिय प्रविधि क्याम्पस -हात्तिसार, वि.पि.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (मेडिकल कलेज) ले थप आर्कषण दिएको छ । सप्तरंगी पार्क, विभिन्न बौद्ध धर्मावलम्वीहरुले निर्माण गरेका गुम्वा (३ वटा), स्तुप तथा विहारहरु र नजिककै चार्ल्स प्वाइन्ट (१४२० मिटर) भेडेटार हरुले पर्यटकीय दृष्टिकोणमा थप आर्कषण बढाएका छन्। ५० औं वर्ष प्रवेश गरेको यस नगरपालिकाको आ.व. २०६७/६८ को बजेट यहाँहरु समक्ष प्रस्तुत गर्न गैरहेकोमा खुशी व्यक्त गर्न चाहन्छु।

आदरणीय प्रमुख तथा विशिष्ट अतिथि एंवम् उपस्थित सहभागिज्यूहरु,

नेपाली जनता लामो संघर्ष पछि ठूलो परिवर्तनको संघारमा उभिएका छन् । नेपालको पुरानो एकात्मक राज्य व्यवस्थालाई नयाँ संघीयताको ढाँचामा

लैजान राजनैतिक दलहरुको प्रतिवद्धताले नयाँ संविधान निर्माणको जग बनि सकेको छ । यसै अवधारणामा आधारित रहँदा नेपालको संविधान पनि समावेशी निर्माण हुने कुरामा दुई मत हुन सक्दैन । राज्यको पुनःसंरचनाको विधि तयार गर्दा महिला, दलित, जनजाति, मधेशी, पिछडिएका तथा दुर्गम क्षेत्रमा बस्ने समुदाय तथा व्यक्तिको सकृय सहभागिताको प्रत्याभुत हुनु पर्ने आवाजहरु चर्को स्वरमा आउन थालेको छ। यो प्रकृयाले हाम्रो नगर पनि अछुतो रहन सकेको छैन । स्थानीय सरकारको प्रतिनिधिमूलक संस्था भएकोले स्थानीय स्तरमा कसरी समावेशी बजेट निर्माण गर्न सकिन्छ भनी सरोकारवालाको छलफल तथा निष्कर्षलाई पनि प्रतिबिम्बित गर्दै गत बर्ष झै यस वर्ष पनि कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ ।

धरानको विकासलाई अझ विस्तार गरी थप क्षेत्रमा लगानीका अवसरहरु जुटाउन राजनैतिक दल, नगरपालिका संचालन दलीय संयन्त्रका प्रतिनिधिज्यूहरुको भ्रमण मन्त्रालय तथा विभाग स्तर मा भएको थियो । यही क्रमको निरन्तरता स्वरुप हडकङमा बस्ने नेपाली दाजुभाइहरु संग पनि भेटघाट तथा छलफल कार्यकारी अधिकृतको नेतृत्वमा उद्योग बाणिज्य संघ सहित छ जनाको टोलीले सप्ताहब्यापी भ्रमण गरेको थियो ।

उपलब्ध साधन श्रोतको बाँडफाँड र निर्णायक अधिकारको स्वायत्तता जस्ता विषयमा सवै वर्गको चासो बढ्नु स्वाभाविक हो । तैपनि अधिकार माग्दै जाँदा दायित्व बिर्सने हाम्रो परिपाटीले समग्र विकासमा केहि न केहि प्रभाव पारेकै छ । विनियोजित बजेट शीर्षकलाई औचित्य तथा आवश्यकताको सिद्धान्तको आधारमा खर्च गर्नुको साटो वितरणमुखी प्रकृयालाई बढ्वा हुन पुगेकोले यी प्रकृयाले सवै वर्ग क्षेत्रमा सशक्तीकरण सहित परिवर्तन भयो भन्न नसकिने अवस्था छ । यद्यपि समस्याहरुलाई चिरफार गर्दै छलफलको माध्यमबाट निष्कर्ष सहितको बजेटलाई नगरको दीर्घकालीन तथा अल्पकालीन पूर्वाधार विकास र सामाजिक क्षेत्रको विकासका लागि मिल्दो जुल्दो शीर्षकहरु राखी विनियोजन गरिएको छ ।

त्रि-वर्षीय अन्तरिम योजनाको सोचः सम्वृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न वेरोजगारी, गरिबी, असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आमजनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाई सम्वृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणको आर्थिक सामाजिक रुपान्तरणको आधार तयार गरिने तर्फ आगामि वर्षको कार्यक्रम लक्षित गरिएको छ । आवधिक योजना (२०६७/६८-२०७१/७२) को निर्माण गरी प्राथमिकता समेत तोकि यसै आर्थिक वर्ष देखि दीर्घकालीन तथा अल्पकालीन योजनाहरु प्रस्ताव गरिएको छ। यी योजनाहरुलाई वार्षिक बजेटमा समावेश गर्ने नीति अनुरुप यस आर्थिक वर्षको बजेटमा समायोजन गर्ने कार्यको थालनी गरिएको छ ।

त्यस्तै लैङ्गिक मूल प्रवाहीकरण तथा समावेशीकरणलाई मूर्तरुप दिन महिला सशक्तीकरण तथा लैङ्गिक समानता, दलित उत्थान तथा विकास, आदिवासी जनजाति विकास, मधेशी, मुस्लिम तथा सुकुम्वासी वर्गको विकासमा जोड दिई शासकीय, सामाजिक तथा आर्थिक एवम् श्रोत साधनमा ती वर्गहरुको जनसंख्याको आधारमा पहिचान गरी पहुँच सुनिश्चिततासहित उनीहरुको जीवनस्तरमा सुधारका लागि कार्यक्रमहरु ल्याइने छ । दलित, आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम वर्गहरुका लागि विशेष कार्यक्रमहरु संचालन गर्न दातृ निकाय, गैसस तथा सरकारी निकायहरुलाई अभिप्रेरित गरी मानव विकास सूचांकमा सुधार ल्याइनेछ । सरोकारवाला तथा धरान वाहिरका धरानेहरुबाट प्राप्त सुझावलाई पनि आत्मसाथ गरी यस वर्षको बजेट निर्माण गरिनुका साथै योजना तर्जुमा सुझाव बैठक तथा छलफल

कार्यक्रममा उपस्थित राजनैतिक पार्टीका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समितिका प्रमुख तथा सदस्यज्यूहरु, कार्यालयका प्रमुखज्यूहरु लगायत पत्रकार एवम् नगरवासीहरुबाट प्राप्त सल्लाह सुझावहरुलाई आगामी वर्षको कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनका लागि मार्ग निर्देशनको रुपमा नगरपालिका परिवारले आत्मसात गरेको छ ।

**आदरणीय महानुभावहरु,**

विकेन्द्रिकरण, स्थानीय स्वायत्त शासन र निक्षेपण जस्ता विषयहरुमा नेपालले विगतमा प्राप्त गरेको अनुभवबाट केन्द्रिकृत भन्दा विकेन्द्रित पद्धतिबाटै स्थानीय स्तरको द्रुतत्तर विकास सम्भव भएको, जनस्तर का सामुदायिक संस्था र सदस्यलाई सशक्तीकरण गर्न सहज भएको, सेवा प्रवाह सरल र मितव्ययी भएको, सहभागिता र सहकार्यको माध्यमबाट अन्य निकाय संग समन्वय गरी कार्यक्रम संचालन भएको तथा उपभोक्ताहरु मार्फत साधन श्रोतको उच्चतम परिचालन गर्ने कार्य उत्कर्षमा पुग्न सम्भव भएको छ।

विकेन्द्रिकरणको थालनीको अभ्यास तीन दशकदेखि भएपनि स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउने कार्यको शुरुवात विकेन्द्रिकरण कार्यान्वयन कार्ययोजनाले अंगिकार गरेको भावना विकासका कार्यक्रमहरु एकद्वार प्रणाली अनुसार कार्यान्वयन गर्न आ.व. २०५८/०५९ सालदेखि ३ क्षेत्रहरुमा कार्यहरु निक्षेपण गरी शुरु गरेको हो । निक्षेपण बाहिरका कायक्रमहरुलाई एकै छातामुनि ल्याउन केन्द्रिय तह र विषयगत निकायहरु तयार नभएको हालको अवस्थाले सेवा प्रवाह र कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन नसकेको नगरपालिकामा महशुस भएको छ। विषयगत निकायहरुले केन्द्रिय योजनाहरुको कार्यान्वयन गर्दा नगरपालिका क्षेत्र भित्र समन्वय तथा सहकार्य नगरी संचालन हुने योजनाले जनतालाई प्रत्यक्ष लाभ दिन सकेका छैनन् । योजना छनौटमा दोहोरोपना, जनसहभागिता बिनाको कार्यान्वयन प्रकृयाले गर्दा ती निकायहरु (सडक तथा भवन डिभिजन कार्यालय) ले धरान नगरपालिकाको जनसहभागिताको उत्कृष्ट नमुनालाई आत्मसात गर्न सकेका छैनन्। यस प्रकृयालाई केन्द्रिय तह (राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय) बाट पनि विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

आर्थिक–सामाजिक परिवर्तनका लागि राजनैतिक सहमतिको आधारमा कार्य गर्दै जाने संविधानको मूलमर्म र भावना अनुसार स्थानीयतह देखि नै जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्ने र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलब्ध गराउने गरी १४ औं नगर परिषद्ले आगामि आ.व. २०६७/६८ को प्रस्तावित योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने जमर्को गरेको छ । श्रोत साधनहरुको पहिचान, प्रवर्द्धन र परिचालनबाट मात्र नगरको सर्वाङ्गीण विकास हुन सक्ने कुरालाई यस गरिमामय परिषदले हृदयङ्गम गरी समग्र विकासको पाटोमा रही नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने जमर्को गरिएको कुरा म स्मरण गराउन चाहन्छु। योजना तथा कार्यक्रम तर्जूमा गर्दा सहश्राब्दी विकास लक्ष्य, स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीतिहरु, ३ वर्षे अन्तरिम योजना, राष्ट्रिय योजना आयोग तथा स्थानीय विकास मन्त्रालयको मार्ग निर्देशन, शहरी विकास योजना, जिल्ला गुरु योजना तथा बिषयगत योजनाहरुलाई मुख्य आधार बनाईएको व्यहोरा म निवेदन गर्न चाहन्छु ।

सेवा सुविधाबाट टाढा रहेका आदिवासी, जनजाति, मधेसी, दलित, भूमिहीन, अपांग र गरिब भन्दा गरिब जनता समेतलाई लक्षित गरी विकासको मूल प्रवाहमा ल्याउनेतर्फ ध्यान केन्द्रित गरिएको छ । सीप तथा क्षमता विकासको अवसर उपलब्ध गराई सेवा तथा सुविधा माथि पहुँच वृद्धि गर्न र सिमान्तकृत वर्गको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्न आगामि आ.व.को कार्यक्रमले धेरै हदसम्म सम्वोधन गर्नसक्नेछ भन्ने विश्वास लिइएको छ । विकासको मूलप्रवाहमा सवै तह र तप्काका जनतालाई

समन्वयात्मक ढंगबाट समावेश गराई विकासको प्रतिफलमा समान हिस्सेदार बनाउने कार्यमा हामी दृढताका साथ लागी परेका छौं । सामाजिक पूर्वाधारको विकासविना भौतिक पूर्वाधारको विकास दिगो नहुने तथ्यलाई हृदयङ्गम गरी विद्यमान गरिबी, पिछडिएको वर्ग तथा महिला बालबालिकाहरुको उत्थान र एकल महिला, वृद्ध-वृद्धाहरुको सुरक्षा र सुविधाको लागि हाम्रा कार्यक्रमहरु लक्षित गरिएका छन् । नगरको विकासमा श्रोत साधनहरु पहिचान प्रवर्द्धन र परिचालन गरी नगरवासीहरुको सहभागितालाई अपरिहार्य गर्न सकेमात्र सर्वाङ्गीण विकास सम्भव हुने कुरालाई गरिमामय वोर्डले हृदयङ्गम गरी आ.व.२०६७/०६८ को नीति कार्यक्रम तथा बजेट तयार गरेको कूरा म स्मरण गराउन चाहन्छु ।

आमन्त्रीत अतिथिज्यूहरु,

नगरमा रहेका चिरकालीन समस्याहरुलाई मूल मुद्दाको रुपमा लविङ गरिनेछ । खानेपानी, ढल निर्माण, वस पार्क व्यवस्थापन, आय आर्जन गर्ने योजना, पर्यटन पूर्वाधार, रिङ रोड (तटबन्ध सहित) र विमानस्थल जस्ता विषयलाई प्राथमिकता क्रममा राखी समाधान गर्न स्थानीय, राष्ट्रिय तथा वैदेशिक सहयोग, सदुपयोग गरिने कार्यक्रमको रुपमा लिइएको छ ।

नगरवासी जनताको इच्छा, चाहना र आवश्यकता पुरा गर्ने निकायको रुपमा नगरपालिका रहेको सबैमा विदितै छ। राजनैतिक सहमतीका आधार मा जनताका आवश्यकताहरु क्रमशः पुरा गर्दै जानु पर्ने हुन्छ । यस परिवेशमा सानातिना समस्याहरुले ठूलो राजनैतिक रुप लिंदा जनताका अति आवश्यक सेवाहरु वितरणमा समेत प्रभाव पर्ने भएको हुँदा सहमतीबाटै कर्मचारीहरुलाई निर्धारित कार्य सम्पादनमा मात्र ध्यान केन्द्रित हुने वातावरण निर्माणमा सहयोग गर्न राजनैतिक नेतृत्व वर्गमा विशेष आग्रह गर्न चाहन्छु। समन्वय र सहकार्यको संस्कृति नै विकास निर्माणको दस्तावेज हो, तयार पारिएको दस्तावेज नै हाम्रो सफलता भएकोले कार्यान्वयनका लागि वातावरण निर्माण गर्न आग्रह गर्दछु ।

धरान नगरकै समग्र भौतिक विकासका लागि न.पा.कै सीमित श्रोतलाई अत्याधिक उपयोग गर्ने लक्ष्य लिई यस आ.व. २०६७/०६८ कै बजेट तथा नीति कार्यक्रम तयार गरिएको हो । विगत वर्षदेखि निर्माण कार्य शुरु गरिएका तथा बजेटमा क्रमागत रुपमा रहेका पुराना योजनालाई सम्पन्न गरेर मात्र नयाँ योजनाहरु कार्यान्वयन गर्ने बजेटकै मूल लक्ष्य तथा नीति रहेको छ । स्थानीय विकास मन्त्रालयले नगरपालिकालाई उपलब्ध गराउने थप अनुदान (LGCDP) आ.व. को अन्त्यतिर आएको भए तापनि विनियोजित सम्पूर्ण रकम खर्च भै फरफारकको अवस्थामा रहेको छ । अधिकांश योजनाहरु जनसहभागिता परिचालन गरी उपभोक्ता समिति मार्फत् संचालन भएकाले सम्बन्धित उपभोक्ताहरुले समयमै जनसहभागिता रकम उठाई प्रकृयामा आउन नसकेको देखिन्छ जसका कारणबाट केहि योजना सञ्चालनमा ढिला हुन गएको देखिन्छ । आन्तरिक श्रोतको न्यूनताले केन्द्रबाट प्राप्त श्रोतलाई समेत दबाब पार्नुका साथै समाजिक क्षेत्रमा अपुग रकमको रुपमा खर्च गर्नु पर्ने परिस्थितिले नगरपालिकाको संस्थागत क्षमता कमजोर देखिएको छ। भविष्यमा यसलाई दरिलो बनाउन आन्तरिक आयमा व्यापक वृद्धि गर्नु पर्ने या सामाजिक क्षेत्रमा लगानी कटौती गर्नु पर्ने हुनसक्छ ।

तै पनि सहभागितात्मक योजना प्रकृयाद्वारा धरान नगरपालिकाका १९ वटै वडामा छलफल आयोजना गरी विकास निर्माण योजना तथा कार्यक्रम संकलन गरिएको हो। समयमा नै संकलित मागहरुलाई योजना मस्यौदा समितिले प्राथमिकताका क्रम तोकी छलफलमा प्रस्तुत गरिएको थियो । प्रस्तावित बजेट तर्जुमा प्रकृया पूरा भैसकेपछि प्राप्त भएका निवेदनहरुलाई पनि न.पा.को समिति, आन्तरिक

आम्दानीबाट ती सबै माग र आवश्यकतालाई एकै वर्षमा पूरा गर्न निश्चय नै सम्भव हुन सकेको छैन । आफनो सीमित आयस्रोतका कारण सञ्चालित योजनालाई पूर्णरुपमा सम्पन्न गर्न वर्षौ लाग्ने गरेको छ । यहि कारणले ठूला योजना तथा नमुना प्रकृतिका कार्यहरुको थालनीको प्रयास हुन सकेको छैन । उपरोक्त परिस्थितिहरुका बावजुद यस नगरपालिकामा आईपर्ने समस्याहरुलाई सहज ढंगले व्यवस्थापन गर्ने कार्य तथा निर्णय लिने प्रकृयामा सुझबुझ सहित महत्वपूर्ण भूमिका निभाइरहेका राजनैतिक दलका न.पा. बोर्डमा रहनु भएका प्रतिनिधिज्यूहरुले कडा मिहिनेतका साथ आफनो सम्पूर्ण उर्जा खर्चिनु भई योजना छनौट तथा निर्णय प्रकृयामा अमूल्य समय दिनुभएकोमा समस्त कर्मचारीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

## नीति तथा कार्यक्रम

१. **संगठन तथा जनशक्ति विकास कार्ययोजना :**

- ❖ न.पा.को संगठन संरचना र दरवन्दीको व्यवस्था धेरै पुरानो भैसकेकोले समयसापेक्ष रुपमा पुनरावलोकन गरी आवश्यकताअनुसार परिमार्जन गर्ने कार्यको लागि सेवा प्रदायक छनौट भई काम थालनी भइसकेकोले संस्थागत विकास योजना तयार भइसकेपछि क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- ❖ निश्चित अवधी सेवा गरिसकेका स्थायी कर्मचारीहरुलाई स्वेच्छिक अवकास लिन चाहेमा उनीहरुले पाउने सुविधामा केही रकम थप गरी अवकास दिने व्यवस्था गर्न पहल गरिनेछ। यसबाट रिक्तहुन आउने पदलाई सम्भव भएसम्म दरबन्दी खारेज गर्ने र नभए अन्य तरीकाले काममा लगाई नगरपालिकाको दीर्घकालीन दायित्व कम गरी कामलाई चुस्त दुरुस्त बनाइनेछ ।
- ❖ नगरपालिकाको आर्थिक भारलाई कम गर्दै लैजान र प्रशासनलाई चुस्त दुरुस्त बनाउदैं कम जनशक्तिलाई धेरै सुविधा उपलब्ध गराई जनतालाई सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने उद्देश्यले नयाँ पदपूर्ति गरिने छैन । यसभन्दा अघि नगर परिषद्बाट स्वीकृत गरिएका र रिक्त भएका सम्पूर्ण दरबन्दीहरु पुनरावलोकन गरी खारेज गरिनेछ । अति आवश्यक भएको खण्डमा अति आवश्यकताको पुष्ट्याइ गरी नगर परिषद्बाट दरबन्दी सिर्जना गरी मात्र पदपूर्ति गरिनेछ। साथै स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को चौथो शंशोधनमा भएको व्यवस्था अनुरुप स्तरवृद्धि र स्थायी प्रकृयालाई पूरा गरिनेछ ।
- ❖ नगरपालिकालाई अझ बढी सक्षम एवं सुदृढ बनाई नगरपालिकाबाट प्रवाह हुने सेवालाई सर्वसुलभ एवं प्रभावकारी बनाइनेछ ।
- ❖ कुनै पनि निकायको मेरुदण्डको रुपमा रहेको जनशक्ति व्यवस्थापनको महत्वलाई ध्यानमा राखी विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी आफ्नै न.पा.का कर्मचारीहरुलाई तालीम दिने र अन्य न.पा.का कर्मचारीहरुलाई समेत यसै न.पा.मा रहेको नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र (Municipal Regional Learning Centre) मार्फत तालीम दिई जनशक्तिको दक्षता अभिवृद्धि गर्ने आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ जनप्रतिनिधिहरु नभएको वर्तमान अवस्थामा वडाध्यक्षकोसमेत जिम्मेवारी बहन गर्नुपर्ने वडासचिवहरुलाई सहयोगीको रुपमा नयाँ दरबन्दी सिर्जना गरी थप कर्मचारी उपलब्ध गराउन सम्भव नभएकोले तत्कालको लागि कामको जिम्मेवारी समेतलाई हेरी आ.व. २०६६/०६७ देखि उपलब्ध गराउँदै आएकोलाई कायमै राखिनेछ। यसबाट नगरवासीहरुलाई स्तरीय सेवा प्रदान गर्ने विषयमा थप प्रोत्साहन हुने विश्वास लिइएको छ ।
- ❖ कार्यालयको स्वीकृत दरबन्दीमा रही विगत वर्षमा नै करार सेवामा परिणत गरिएको सेवालाई

आ.व.२०६७/०६८ मा समेत सोही करार सेवामा नै लिईने छ ।

- ❖ आफनो वडा समिति भवन नभएका वडाहरुमा सम्भव भएसम्म जग्गाको खोजी गरी वडा समिति भवन बनाउन प्रयास जारी राखिने छ ।
- ❖ वडासमिति सुदृढीकरणका लागि वडा समितिहरुमा पनि क्रमशः कम्प्यूटरको व्यबस्था गरिने छ ।
- ❖ स्थानीय विकास प्रशिक्षण केन्द्र, नगर प्रशिक्षण केन्द्र, क्षेत्रीय अध्ययन केन्द्र जस्ता निकायहरु संग समन्वय गरेर कर्मचारीहरुलाई सेवाकालीन तालिमको व्यबस्था गरिने छ । (एक आ.व.मा कम्तिमा २ जना लाई ) ।
- ❖ आफनो जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई दण्ड, जरिवाना तथा अन्य विभागिय कार्यबाही गरिने छ ।
- ❖ घरदैलो व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गरिने छ ।
- ❖ व्यक्ति घटना दर्ता सम्बन्धी सफ्टवेयरको खरिद भइसकेकोले उक्त सफ्टवेयर प्रयोग गरी अभिलेख चुस्त दुरुस्त बनाईने छ ।
- ❖ टोलविकास संस्था, उपभोक्ता समिति हरुलाई कानूनी साक्षरता कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाउन प्रयास गरिने छ ।
- ❖ नमुनाका लागि १५ र १७ नं वडा समितिमा ना.सु. सरहको दरबन्दी सृजना भइसकेकोले आ.व. २०६७/०६८ देखि केही सेवाहरु वडाबाटै उपलब्ध गराउने कार्यको सुरुवात गरिने छ ।
- ❖ बिभिन्न नगरपालिकाहरुका अनुकरणीय अभ्यासहरुको अध्ययन अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाउने र त्यसका राम्रा कुराहरु अनुसरण गर्दै लगिने छ ।
- ❖ कार्य संचालन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तपसिलका क्षेत्रहरुमा प्रोत्साहन तथा सम्मान पुरस्कारको व्यवस्था गर्न पहल गरिनेछ ।
- ❖ कर्मचारीहरु:
- ● वडासचिवहरु
- ● कार्यालयका कर्मचारीहरु
- ❖ विविध क्षेत्र
- ● निर्माण उपभोक्ता समितिहरु
- ● नियमित र अत्यधिक कर तिर्ने करदाताहरु
- ● पत्रपत्रिका , पत्रकारहरु
- ● साहित्यिक पत्रिकाहरु र साहित्यकारहरु
- ● पर्यटन विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरु
- ❖ १५ जनादेखि पच्चीस जनासम्म रक्तदान गर्ने गराउने संस्था वा निकायलाई रु. १,५०० र ५० जना सम्म गराउनेलाई रु. २,००० र ५० जनाभन्दा बढी गराउनेलाई नगद रु.२,५०० प्रोत्साहनस्वरुप उपलव्ध गराइने व्यवस्थालाई कायमै गरिएको छ ।

## २. आर्थिक प्रशासन

**(क) प्रशासनिक खर्चतर्फ :**

प्रशासनिक खर्च तर्फ कर्मचारीको तलब भत्ताजस्ता अनिवार्य रुपमा वृद्धि हुँदै जाने खर्चहरुबाहेक अन्य खर्चहरुमा सम्भव भएसम्म गत वर्षको तुलनामा बजेट कम गर्ने र सम्भव नभए पनि नबढाई मितव्ययिता अपनाउँदै लाने प्रयास गरिएको छ ।

- ❖ आगामी आ.व.को लागि कर्मचारी तलबमा चालु आर्थिक वर्षको तुलनामा केही बढी रकम खर्च हुनेगरी प्रस्ताव गरिएको छ भने स्थानीय निकायहरु संचालनको लागि अन्तरिम संयन्त्र बन्ने सम्भावनालाई कायमै राखी प्रतिनिधिहरुको लागि आवश्यक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ताको लागि आवश्यक रकम विनियोजन प्रस्ताव गरिएको छ ।
- ❖ बिगत वर्षहरुमा जस्तै आगामी आ.व.मा पनि

कर्मचारीहरुले नियमानुसार संचित गरी राख्न पाउनेभन्दा बढी घर बिदाको रकम भुक्तानी गर्ने गरी बजेट व्यवस्था गरिएको छ । यसबाट कर्मचारीहरुले अधिकारको रुपमा आवश्यकताभन्दा बढी बिदा लिई बस्ने प्रवृत्तिमा कमी आई कार्यालयको कार्यसम्पादन स्तरमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

- ❖ कर्मचारीहरुको कार्यबोध तथा जिम्मेवारीको आधारमा केही कर्मचारीहरुलाई थप प्रोत्साहन दिनेगरी गत आ.व.मा गरिएको व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- ❖ त्यसैगरी कर्मचारीहरु सेवा निवृत्त भएर जाँदाको लागि आवश्यक पर्ने रकमको लागि कर्मचारी कल्याण कोषमा जम्मा गर्ने, सवारी चालक, सडक बत्ति मर्मत र वारुणयन्त्र जस्ता जोखिमपूर्ण काममा संलग्न कर्मचारीहरुलाई विगत वर्षहरुदेखि नै दिइदै आएको दुर्घटना बीमाको व्यवस्थासमेतलाई कायमै राखी सरसफाईमा काम गर्ने कर्मचारीहरुको लागि समेत दुर्घटना बीमाको व्यवस्थाका साथै करार सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई कार्यालयले मासिक रु.५००।- उपलब्ध गराउने र सोही बराबर कर्मचारीको तलबबाट समेत रकम कट्टा गरी एउटा कल्याण कोष खडा गरिनेछ। यसबाट करार सेवामा काम गर्ने कर्मचारीहरुको मनोबल उच्च भई कार्यक्षमतामा वृद्धि हुने साथै अवकास पाउँदा खालि हात जानु नपर्ने अवस्था सृजना हुनेछ ।
- ❖ कार्यालयका स्थायी कर्मचारीहरुलाई विगत आ.व.हरुदेखि नै दिइएको जीवन बीमाको सुविधालाई यथावत राख्ने गरी प्रस्ताव गरिएको छ ।
- ❖ विज्ञापन खर्चको लागि पत्रकार महासंघसँगको सहकार्यमा आवश्यक नीति तय गरिनेछ ।
- ❖ संस्थागत अनुदान, सहयोग जस्ता खर्चहरुको लागि गत आ.व.मा तय गरिएको नीतिकै आधारमा यस वर्ष पनि खर्च गरिनेछ र अन्य खर्चहरुमा मितव्ययिता अपनाई घटाउँदै लाने प्रयास गरिनेछ ।
- ❖ जनसहभागितामा वडासमिति कार्यालयहरु बनाउँदै जाने क्रममा १७ नं. वडा समितिको भवन निर्माण कार्यको लागि पनि केही बजेटको व्यवस्था गरी भाडामा हुने खर्च घटाउने प्रयास गरिएको छ । त्यसरी नै अन्य वडा समिति तथा स्वास्थ्य केन्द्रहरुको लागि सम्भाव्य सार्वजनिक भवन तथा जग्गाहरुको उपयोग गरी त्यसमा हुने खर्चलाई समेत नियन्त्रण गर्ने प्रयास गर्न पहल गरिनेछ ।
- ❖ वारुणयन्त्र र नगर प्रहरीहरुलाई उपलब्ध गराइने पोशाक र रासन वापतको सुविधा रकम चालु वर्षमा समेत कायमै गर्ने प्रस्ताव गरिएकोछ ।
- ❖ कार्यालयका अन्य स्थायी कर्मचारीहरुलाई दिइँदै आएको पोशाक सुविधाको रकमलाई महंगीको मारलाई समेत ध्यानमा राखी रु.२,०००।- कायम गर्ने र करार तथा ज्यालादारीमा नियुक्त कर्मचारीहरुलाई समेत स्थायी कर्मचारी सरह दिनेगरी प्रस्ताव गरिएको छ ।
- ❖ कार्यालयबाट विभिन्न व्यक्तिहरुलाई दिइने आर्थिक सहयोगको रकममा नियन्त्रण गर्ने प्रयास गर्न पहल गरिनेछ । त्यसरी नै अतिथि सत्कार र अन्य भैपरी आउने खर्चहरुमा समेत नियन्त्रण गर्दै लाने उद्देश्य राखिएको छ ।

**(ख) अनुदान तर्फ :**

- ❖ विभिन्न संघ संस्थाहरुलाई दिईने संस्थागत अनुदानको लागि दर्ता र नवीकरण भएका संस्थालाई मात्र उनीहरुको कार्यक्रम पेश गरेपछि कार्यक्रमको प्रभावकारिता हेरी निर्णय भएअनुसार मात्र अनुदान निकाशा दिइनछ ।
- ❖ रु.१०,०००।- भन्दा बढी अनुदान लिने संस्थाले निर्णय भएपछि कार्यक्रमको विशेषताको आधारमा बढीमा ५०% रकम मात्र अग्रिम रुपमा उपलब्ध राई

प्रस्तावित कार्यक्रम सम्पन्न भएपछि खर्चको विवरण सहित संस्थाको निर्णय अनिवार्य रुपमा पेश गरेपछि मात्र बाँकी रकम भुक्तानी दिने व्यवस्था गरिएको छ । उक्त विवरण पेश नगरेमा त्यसपछि दिइने अनुदान रोक्का गरिनेछ र आ.व. समाप्त भएपछि लेखापरीक्षण प्रतिवेदन र नवीकरणको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।

❖ विभिन्न व्यक्ति तथा संस्थाहरुलाई दिइएको अनुदान सहयोगको रकमलाई पारदर्शी बनाउन मासिकरुपमा त्यसरी भएको भुक्तानीको विवरण सार्वजनिक गरिनेछ ।

❖ पूँजीगत अनुदानतर्फ विभिन्न संघसंस्था तथा निकायहरुलाई दिइने अनुदान प्राविधिकको लागत अनुमानको आधारमा सम्बन्धित निकायले तोकिएको कार्य शुरु गरिसकेपछि भएको कार्य प्रगतिको आधारमा मात्र उपलब्ध गराइनेछ ।

**(ग) जिन्सी प्रशासनतर्फः**

❖ सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा भएको व्यवस्थाअनुसार मालसामान, सेवा तथा निर्माण कार्यको खरिद व्यवस्थालाई प्रभावकारीरुपमा अबलम्बन गरिनेछ ।

❖ अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट कायम हुन आएका बेरुजुहरुलाई नगरपालिका र नगरपरिषद्को बैठकमा पेश गरी प्रचलित नियमानुसार फछ्र्यौट र असुल उपर गर्ने प्रकृयालाई प्रभावकारी रुपमा लागू गरिने र आगामी दिनहरुमा बेरुजुको मात्रा कम गर्दै लाने उपायहरु अबलम्बन गरिनेछ ।

❖ नगरपालिकाले मासिक रुपमा गरेको आय र व्ययको विवरणलाई सूचना पाटीमा टाँस गर्ने लगायत अन्य माध्यमबाट नियमित रुपमा सार्वजनिक गरिनेछ ।

❖ जिन्सीमा मौज्दात रहेका पुराना भई काम नलाग्ने सामानहरुलाई प्रचलित कानुनको प्रकृया पुरा गरी लिलाम बिक्री गरी आम्दानीको श्रोतमा समेत केही वृद्धि हुने अपेक्षा गरिएको छ ।

❖ विगत धेरै वर्षदेखि कार्यालयमा बाँकी रहेको विभिन्न व्यक्ति तथा संघसंस्थाको धरौटी रकमलाई नियमानुसार सदर स्याहाको प्रकृया अघि बढाई हिसाब मिलान गरिने र फिर्ता गर्नु नपर्ने धरौटी रकमलाई नगरपालिका कोषमा आम्दानी बाधेर थप श्रोत परिचालन हुने अपेक्षा गरिएको छ ।

**३. सुशासन र पारदर्शिताः**

१. नगरपालिकाको हरेक कर्मचारीहरुको पदीय जिम्मेवारी (काम, कर्तव्य र अधिकार) तोकिएको हुनेछ र उक्त जिम्मेवारी पुरा गर्ने दायित्व निज कर्मचारीको हुनेछ ।

२. प्रत्येक कर्मचारीले तोकिएको जिम्मेवारीलाई उचित कारण बिना पन्छाउन पाउने छैन र जिम्मेवारी पुरा नगर्ने कर्मचारीहरुलाई कार्य क्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

३. नगरपालिकाको हरेक कर्मचारीहरुको पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था गरिनेछ ।

४. कर्मचारीहरुको सम्पत्ति विवरणलाई विगत वर्ष देखि अभिलेखमा राख्ने काम शुरु भइसकेकोलाई निरन्तरता दिइनेछ ।

५. नगरवासीहरुको गुनासालाई व्यवस्थापन गर्नका लागि एक जना नोडल अधिकृतको व्यवस्था गरिनेछ र गुनासासँग सम्बन्धित शाखा उपशाखा प्रमुखहरुसँग समन्वय गरी सोको सुनुवाइ गरिनेछ ।

६. नगरपालिकाले सेवाग्राहीसंग FIRST COME : FIRST OUT/SERVE SYSTEM लागू गरिनेछ ।

७. सार्वजनिक चासोको विषयलाई कार्यान्वयन गर्दा

सरोकारवाला वा नागरिक समाजसँग परामर्श गरिनेछ ।

८. पिछडिएको क्षेत्र तथा नगरपालिका कार्यालयदेखि टाढाको दूरीका वडाहरुमा घुम्ती सेवा संचालन गरिनछ र यस क्षेत्रका बासिन्दाहरुको लागि न्यायोचित सेवा शुल्क समेत निर्धारण गरिनेछ ।

९. प्रत्येक शाखा, उपशाखा तथा वडा समितिको कार्यालयहरुले आफूले वार्षिक रुपमा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ । नगरपालिकाको स्वीकृति लिएर प्रकाशन गरी नगरवासीहरुलाई सुसूचित गर्न समेत सक्नेछ ।

१०. जनताले तिरेको राजश्वबाट न.पा.ले गरेको आय आर्जन र खर्चलाई मासिक रुपमा सूचना पाटीमा टाँसी जानकारी गराउने, अन्य क्रियाकलापहरु वेबसाईटको माध्यमबाट र न.पा.को आफ्नो प्रकासन धरान दर्शनको माध्यमबाट जानकारी गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

११. स्थानीय एफ.एम.हरु तथा पत्रपत्रिका मार्फत नगर पालिकाका गतिविधिलाई सम्प्रेषण गरिनेछ ।

१२. नगरपालिकाले उपलब्ध गराइरहेको सेवा, सुविधा तथा नगरपालिकाले लगाएको कर तथा दस्तुरका सम्बन्धमा नगरवासीहरुलाई सुसूचित गराउने र पृष्ठपोषणका निमित्त सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवं सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१३. नगरपालिकाले दिने सेवा सुविधा सम्बन्धमा सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले बिगत वर्षहरुदेखि नै प्रकाशन हुँदै आएको नागरिक बडापत्रलाई परिमार्जित रुपमा तयार गरी वडासमिति कार्यालयहरुमा समेत सबैले देख्नेगरी राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१४. नगरपालिकाको वेबसाईटलाई समयसापेक्ष अद्यावधिक भै रहेकोलाई निरन्तरता दिइनेछ ।

१५. विद्युतीय सुशासनको माध्यमबाट नगरपालिकाको सेवाहरुलाई प्रवाहित गर्ने र सोका लागि विभिन्न सिफारिसका निवेदन फारमहरु तथा बोलपत्र फारामहरु समेत वेबसाइटबाट उपलब्ध गराई दर्तासमेत गर्न सकिने व्यवस्था (E-Procurement System) लागू गरिनेछ।

१६. विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युटरबाट नै बिलिङ् गर्ने प्रणाली निरन्तरता दिई कम्प्युटर अभिलेख प्रणालीलाई दुरुस्त गरिनेछ ।

१७. यस नगरपालिका कार्यालयमा शुरु भएको मितिदेखि हालसम्मको व्यक्तिगत घटना दर्तालाई कम्प्युटर प्रणालीमा अभिलेखीकरण गर्ने कार्यलाई निरन्तर ता दिने र उक्त अभिलेखन कार्य सम्पन्न भए पछि नयाँ दर्ता गर्ने र कम्प्युटरबाट प्रिन्ट गरी दिने व्यवस्थालाई अगाडि बढाइनेछ ।

१८. अन्य सम्पूर्ण प्रशासनिक काम कार्वाहीहरुलाई कम्प्युटरमा रेकर्ड राख्ने र जनतालाई छिटो छरितो सेवा दिने व्यवस्थालाई निरन्तरता दिने र यस कार्यलाई वडा समितिको कार्यालयसम्म पुऱ्याईनेछ ।

१९. सुशासन (संचालन तथा व्यवस्थापन) ऐन नियममा भएको व्यवस्थालाई समेत नगरवासीहरुको हितका लागि लागू गरिनेछ ।

२०. नगरपालिकाको गतिविधिलाई एकद्वार प्रणालीबाट सर्वसाधारणसम्म पुऱ्याउनका लागि यस अघि तोकिएको प्रक्रियालाई निरन्तरता दिइनेछ ।

२१. जिम्मेवारी पूरा गर्ने उचित कर्मचारीहरुलाई पुरस्कार र जिम्मेवारी पूरा नगर्ने कर्मचारीहरुलाई दण्ड सजायको व्यवस्था गरिनेछ र यो कार्य यसै आर्थिक वर्षदेखि लागू गरिनेछ ।

**४. योजना तथा सहरी विकासतर्फः**

क. सडकमा अवैज्ञानिक ढङ्गबाट जताततै हम्प्सहरु

निर्माण गर्ने क्रम केही वर्ष यतादेखि बढ्दो रुपमा देखिएको छ । जसको कारणबाट यातायात आवागमनमा असहजता उत्पन्न भइरहेको व्यापक जनगुनासो आईरहेकोले नयाँ बन्ने सडकहरुमा हम्प्स्हरु निर्माण गर्न नपाउने र बनाउनु पर्ने अवस्थामा उचित प्राविधिक पुष्टयाईंसहित नगरपालिकाको स्वीकृतिमा मात्र तपसीलका मापदण्ड अनुरुप हम्प्स्हरु बनाउन पाईनेछ ।

१. एक हम्प्स्देखि अर्को हम्प्स्सम्मको दूरी कम्तिमा २५०.० मी. हुनुपर्नेछ ।
२. हम्प्स्को चौडाई ६ फिट र बीचको उचाई ४ ईन्च गरी दुवैतर्फ स्लोपमा बनाउनु पर्नेछ ।
३. हम्प्स् बनाउँदा कालोपत्रे या सिमेन्ट ढलाईको मात्र बनाउन पाईनेछ ।
४. हम्प्स्लाई रातमा पनि देख्न सकिने गरी पेन्टिङ् गर्नु पर्नेछ ।
५. हम्प्स् भन्दा ५० फिट अगाडि तथा पछाडि हम्प्स् सम्बन्धी जानकारी बोर्ड राख्नु पर्नेछ ।
६. तपसीलका सडकहरुमा हम्प्स् निर्माण गर्न पाईने छैन ।

- गंगालालमार्ग, बुद्धमार्ग, महेन्द्रपथ, लक्ष्मीसडक जिरोप्वाईन्ट हुदै धनकुटा जाने बाटोको कुनै पनि भाग,
- ट्राफिकचौकबाट आर.टि.ओ. सडक बुद्धचौक हुँदै बी.पी.को.स्वा.वि.प्रतिष्ठानसम्म जाने सडकको कुनै पनि भाग,
- बुद्धचौकबाट रेल्वेचौक हुँदै सर्दू खोलासम्मको चतरामार्गको कुनै पनि भाग,
- नगरपालिका बोर्डले आवश्यक ठानेका अन्य सडकहरु ।

❖ नीति विपरीत कुनै पनि सडकमा हम्प्स्हरु निर्माण भएमा त्यस्ता सडकहरुको मर्मत सम्भार नगर पालिकाले गर्ने छैन ।

ख. जथाभावी आफुखुशी जग्गाहरु प्लटिङ् गरी किनबेच गर्ने प्रवृत्ति विगतका केही वर्षहरुदेखि देखिएकाले शहरको सुन्दरतामा ह्रास उत्पन्न भई नगरपालिकाले लागू गरेका न्यूनतम मापदण्डहरु समेत पूरा गराउन अप्ठ्यारो परिरहेको तथा सोझा सर्वसाधारण जनताहरुलाई असर पर्ने गरी केही निश्चित व्यक्तिहरुले मात्र फाईदा उठाई रहेकोले नगर क्षेत्रभित्र जग्गा प्लटिङ् गरी बेचविखन वा अन्य उपभोग गर्नका लागि आ.व. २०६६।०६८ को नगर परिषद्ले पारित गरेको कार्यनीतिलाई निरन्तरता दिईनेछ । साथै नगरक्षेत्रका डाँडा, भिर, खहरे खोल्सी, ऐतिहासिक, पौराणिक, पर्यटकीय महत्व बोकेका क्षेत्रहरुको आसपासका जग्गाहरुमा डोजर लगाई अवैज्ञानिक ढङ्गबाट प्लटिङ् गर्दा उक्त क्षेत्र तथा त्यसका आसपासका क्षेत्रहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष ढंगबाट असर पार्न सक्ने स्थिति आउन सक्ने देखिएको हुँदा त्यस्ता जग्गाहरु प्लटिङ् गर्न रोक लगाईने छ ।

ग. साविक घरको नक्सापासका सम्बन्धमा आ.व. २०६६/०६७ को नगरपरिषद्ले पारित गरेको कार्यनीतिलाई निरन्तरता दिईनेछ ।

घ. आ.व. २०६६ र ०६७ मा खडा भएको मर्मत सम्भार कोषलाई अझ बढी प्रभावकारी बनाउँदै लगिने छ । साथै आ.व. २०६७०६८ को लागि तयार पारिएको बार्षिक सडक मर्मत योजना (Annual Road Maintenance Plan- ARMP) स्वीकृत गरी लागू गरिएको छ । उक्त योजना अनुरुप वार्षिक रुपमा मर्मत सम्भार गर्नका लागि हरेक योजनाको अन्तिम मूल्याङ्कनको २ प्रतिशत रकम नगरस्तरीय मर्मत कोषमा जम्मा गर्ने व्यवस्था गरिने छ। उक्त कोष सञ्चालनका लागि आवश्यक निर्देशिकाहरु तयार गरी लागू गर्न नगरपालिका सञ्चालन बोर्डलाई जिम्मा दिइएको छ ।

८. भवन तथा योजना मापदण्ड २०५६ लाई समयसापेक्ष

पुनरावलोकन गरी योजना तथा शहरी विकास शाखाबाट पेश गरिएको परिमार्जित मापदण्डलाई स्विकृत गरी लागू गरिएको छ ।

च. शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा तयार पारिएको धरान नगरपालिकाको आवधिक योजना स्विकृत गरी लागू गरिएको छ । उक्त आवधिक योजनाले औल्याएका योजनाहरुको आधारमा नगरपालिकाले आफना वार्षिक तथा दीर्धकालीन कार्यक्रमहरु तयार गर्नु पर्नेछ ।

५. धरान नगरपालिकाले तयार पारेको प्रकोप व्यवस्थापन गुरुयोजना स्विकृत गरी लागू गरिएको छ ।

ज. आ.व.२०६६।६७ मा सञ्चालित योजनाहरुमध्येबाट रु. ५० लाखभन्दा बढी लागत अनुमानका योजनाहरुको पेश भएका सम्भाव्यता अध्ययनका प्रतिवेदनहरु तथा रु. २५ लाख भन्दा बढी लागतका योजनाहरुको पेश भएका प्रभाव मूल्याङ्कन सम्बन्धि प्रतिवेदनहरु स्विकृत गरिएको छ ।

झ. धरान नगरपालिकाले मिति २०६६ भाद्र ५ गतेदेखि लागू गरेको राष्ट्रिय भवन निर्माण संहितालाई अझ बढी प्रभावकारी बनाउनका लागि स्थानीय भवन निर्माण व्यवसायी संघ, धरान लगायतका अन्य सरोकारवाला संस्थाहरुसँग छलफल तथा सहमति गरी धरान नगरपालिकाले मिति २०६६ चैत्र १ गतेदेखि लागू हुने गरी तपसीलको व्यवस्था सहितको प्रकृया अवलम्वन गर्दै आएकोमा सो व्यवस्थालाई अनुमोदन गरी अझ बढी प्रभावकारी ढङगबाट लागू गरिएको छ । लागू गरिएको प्रकृया तपसील बमोजिम हुनेछ ।

- नक्सा बनाउँदा या भवनको सुपरभिजन गर्दा भवन संहिता सम्बन्धि तालिम लिएका तथा नगरपालिकामा व्यवसाय दर्ता गराएका प्राविधिक कन्सल्ट्यान्टहरुले मात्र बनाउन वा सुपरभिजन गर्न पाउने छ । पेश गरिएको स्ट्रक्चरल डिजाईनिङ प्रति सम्बन्धित प्राविधिक डिजाईनर नै पूर्ण रुपले जिम्मेवार हुनेछ। भवन संहितमा व्याख्या भए अनुसार 'क' र 'ख' वर्गका भवनहरुको हकमा कम्तिमा सिभिल इन्जिनियरको आवश्यकता पर्ने छ भने 'ग' र '३' वर्गका भवनहरुको हकमा कम्तिमा सिभिल ओभर सियर हुनु पर्नेछ । सार्वजनिक महत्वका कम्प्लेक्स् भवनहरुका लागि स्ट्रक्चरल इन्जिनियरले नै नक्सा बनाउनु पर्नेछ ।
- नगर क्षेत्रभित्र कुनै पनि भवन निर्माण गर्नका लागि नगरपालिकाबाट प्रदान गरिएको वा भविष्यमा दिईने भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम अनिवार्य रुपमा लिई नगर पालिकामा व्यवसाय दर्ता गरी वार्षिक रुपमा नविकरण गरेका निर्माण व्यवसायी तथा निर्माणकर्मी हुनु पर्नेछ । सम्बन्धित निर्माण व्यवसायी तथा निर्माणकर्मीले व्यवसाय दर्ताको उक्त प्रमाणपत्रको नक्कल अनिवार्य रुपमा नक्सा दर्ता गर्दा पेश गर्नु पर्नेछ ।
- नक्सा दर्ता गर्दा सम्बन्धित घरधनी तथा निर्माण व्यवसायी र निर्माणकर्मी अनिवार्य नगरपालिकामा उपस्थित हुनु पर्नेछ ।
- सम्बन्धित घरधनी तथा निर्माण व्यवसायी र निर्माणकर्मीको उपस्थितिमा नगरपालिकाका इन्जिनियरबाट भवन संहिताका बारेमा न्यूनतम पालना गर्नुपर्ने बिषयलाई जानकारी गराई सो अनुसार नबनाएमा हुन सक्ने सम्भावित सजायको भागिदारीका बारेमा सचेत गराइनेछ ।
- Mobile Clinic को अवधारणा अनुरुप नगर पालिकाका प्राविधिकद्धारा प्रत्यक्ष रुपमा फिल्डमा अनुगमन गर्न जाने र काम के कसरी भई रहेको छ निरीक्षण गरी  घरधनी तथा निर्माण व्यवसायी र निर्माणकर्मीलाई उचित राय सल्लाह दिनु पर्नेछ ।
- सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माण व्यवसायी र निर्माणकर्मीले सहि समयमा जानकारी गराउँदा गराउँदै पनि सम्बन्धित घर

धनीले लापरवाही गरी जबरजस्ती आफूखुशी घर बनाउन लगाएमा सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माण व्यवसायी र निर्माणकर्मीले समयमै नगरपालिकामा लिखित निवेदन दिनु पर्नेछ। यसो गरेमा सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माण व्यवसायी र निर्माणकर्मी सजायको भागिदारीबाट बच्ने छ ।

- उक्त निवेदन दर्ता भएलगत्तै सम्बन्धित घरधनीलाई नगरपालिकामा झिकाई सचेत गराइनेछ ।
- नगरपालिकाबाट सचेत गराउँदा गराउंदै पनि आफूखुशी लापरवाही ढङ्गबाट भवन बनाएमा वा बनाउन लगाएमा भवनको प्रकृति तथा संवेदनशिलतालाई हेरी रु. एक लाखसम्मको भारी जरीवाना या नक्सा पास रोक्का हुनेछ ।
- सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माणव्यवसायी र निर्माणकर्मीको लापरवाहीका कारणबाट भवन संहिता पालना नभएको देखिएमा सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माणव्यवसायी र निर्माणकर्मीलाई विभिन्न चार चरणमा सजायको व्यवस्था मिलाउनेछ ।
- पहिलो पटक गल्ति भेटिएमा नसिहत दिने ।
- दोस्रो पटक गल्ति भेटिएमा दुई महिनाका लागि सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माण व्यवसायी र निर्माणकर्मीको सही नचल्ने गरी सस्पेन्ड गर्ने ।
- तेस्रो पटक गल्ति भेटिएमा सम्बन्धित प्राविधिक कन्सल्ट्यान्ट तथा निर्माण व्यवसायी र निर्माणकर्मीलाई कालो सूचिमा राख्ने ।
- चौथो पटक पनि गल्ति भेटिएमा निजलाई धरान नगर क्षेत्रभित्र कुनै पनि भवन निर्माण गर्न अयोग्य भएको ठहऱ्याई निजको व्यवसाय प्रमाणपत्र जफत गरी नगरपालिकाको सूचिकृत लिष्टबाट हटाउने ।
- वर्षभरि उत्कृष्ट काम गर्ने १ जना प्राविधिक कन्सल्ट्यान्ट तथा कम्तिमा ३/३ जना निर्माण व्यवसायी तथा निर्माणकर्मीलाई प्रत्येक वर्षको भाद्र ५ गते 'भूकम्प चेतना दिवस' का दिन पुरस्कृत गरी सम्मान गर्नेछ ।

ञ. चालु आ.व.मा विनियोजित रकम खर्च गर्दा विगत वर्षहरुदेखि शुरु भई पूरा हुन बाँकी भएका योजनाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

ट. सडक ढल निर्माण लगायतका नगरवासीका आधारभूत आवश्यकताका विषयका योजनाहरु वाहेक चालु आ.व.मा नगरपालिकाको दीर्घकालीन सोच तथा लक्ष्य परिपूर्ति गर्ने प्रकृतिका योजनाहरुमा विशेष जोड दिईनेछ ।

ठ. नयाँ योजना अन्तर्गत परेका सडकहरु कालोपत्रे गर्दा तपसीलका बुंदाहरुको आधारमा मात्र छनौट गरिनेछ ।

- जनसहभागिताको प्रतिशत ५० प्रतिशत भार
- सडकको महत्व ५० प्रतिशत भार

ड. गुणस्तरीय निर्माणका लागि अनुगमन तथा निरीक्षणलाई सशक्त ढंगबाट अघि बढाईनेछ । यसका लागि आवश्यक सेवासुविधाको व्यवस्था मिलाईनेछ ।

ढ. धरान नगर क्षेत्र भित्र साविकका नापी धेरै पुरानो भएको र सोका कारणबाट हालको स्थलगत स्थिति र नापी नक्सामा धेरै फरक भएकोले नक्सा पास लगायत विकास निर्माणका काममा समेत कानूनी समस्या परिरहेकोले यसै आ.व.मा नयाँ नापीका लागि आवश्यक पहल गरिनेछ ।

ण. विगतदेखि चलिआएको जनसहभागितालाई अझ बढी परिचालन गरी कार्यक्रमहरु संचालन गरिनेछ। योजनाहरु संचालन गर्दा जनसहभागिताको योगदानलाई मुख्य आधार मानिनेछ ।

**५. पर्यटन**

❖ स्थानीय पर्यटन विकास संग सम्वन्धित संघसंस्था

निकायहरुलाई समन्वय गरी निजी क्षेत्रको अगुवाईमा पर्यटकीय विकासका लागि न.पा. द्वारा विभिन्न समयमा गठित पर्यटन विकास समिति, पर्यटक सूचना केन्द्र लगायतको क्षमता अभिवृद्धि गर्दै क्षेत्रीय स्तर र राष्ट्रिय स्तरमा धरान र वरपरका पर्यटकीय, धार्मिक, पुरातात्विक क्षेत्रको विकास तथा प्रर्वद्धन गरिनेछ ।

- ❖ नेपाल भ्रमण वर्ष 2011 लाई अभूतपूर्व रुपमा सफल बनाउन रकम विनियोजन गरी क्षेत्रीय, राष्ट्रिय र स्थानीय संयन्त्रको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।
- ❖ पर्यटकीय विकासका लागि धरान न.पा.द्वारा गठित धरान पर्यटन विकास समितिलाई सक्रिय बनाई सोही समिति मातहतमा कार्यक्रम संचालन गर्ने नीति अपनाईनेछ ।
- ❖ धरान र सुनसरी जिल्लाकै गौरवका रुपमा रहेको प्रसिद्ध तिर्थस्थलहरु, पिण्डेश्वर, विष्णुपादुका, दन्तकाली, बुढासुब्बा, बराहक्षेत्र , रामधुनी लगायतका धार्मिक क्षेत्रको प्रर्वद्धनमा राष्ट्रिय र क्षेत्रीय संयन्त्रसंग समन्वय गरि प्रर्वद्धन गरिनेछ ।
- ❖ धार्मिक पर्यटन प्रवर्द्धनका लागि विष्णुपादुका, पिण्डेश्वर बाबाधाम, बराहक्षेत्र, छठ पर्व जस्ता धार्मिक मेलाको संचालनमा सहयोगको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ मठमन्दिर सजावट र पूर्वाधार निर्माणका साथै पञ्चकन्या जंगलमा रहेको किराँत राजाको दरबारको भग्नावशेषको संरक्षणको कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
- ❖ धार्मिक तथा पुरातात्विक स्थलहरुको खोज, पहिचान, संरक्षण तथा प्रचारप्रसारमा पहल गरिनुका साथै रुद्राक्षारण्यको विकास तथा प्रचार प्रसार गर्न पहल गरिनेछ ।
- ❖ प्याराग्लाइडिङ्को लागि सम्भाव्यता अध्ययनको प्रकृया अगाडि बढाइने र अन्य पर्यटकीय सम्भावनाहरुको समेत अध्ययन गरिनेछ ।
- ❖ पर्यटकीय वस्तुहरु तयार पारी स्थानीय व्यवसायीहरुको सहायतामा सोको प्रवर्द्धन गरिनेछ ।
- ❖ धरानको मुटुमा रहेको घण्टाघरको व्यवस्थित संचालनको लागि गठन भएको व्यवस्थापन समितिलाई नै निरन्तरता दिइनेछ ।
- ❖ पर्यटकीय सूचना सामाग्री (ब्रोसर, पोष्टर, टुर गाइड, भिडियो आदि) तयारी र प्रचार प्रसार गरिनेछ ।
- ❖ धरान उत्सव मनाउने तथा धरान उत्सवलाई पर्यटन विकास बोर्डको क्यालेण्डरमा पार्न पहल गरिनेछ ।
- ❖ धरानमा रहेको १८ होलको गल्फ कोर्षलाई प्रचार प्रसार र गल्फ प्रतियोगिता आयोजना साथै ध.न.पा.को स्वामित्वमा ल्याउन पहल गरिनेछ ।
- ❖ पर्यटनका सरोकारवालाहरुको समन्वयमा विभिन्न पर्यटन तथा टुर प्याकेजहरुको विकास, तालीम र प्रचारप्रसार गर्न पहल गरिनेछ। साथै धरान आसपासका क्षेत्रमा पैदल यात्रा (Trekking) गर्ने सम्भाव्य स्थानहरुको पहिचान र प्रसार प्रसार गरिनेछ ।
- ❖ होटल, रेष्टुरेण्टहरुको स्तर र क्षमता अभिवृद्धि लगायत ट्याक्सी व्यवस्थापनमा पहल गरिनेछ ।
- ❖ सांस्कृतिक सहरको घोषणामा पहल गरिनेछ भने सांस्कृतिक जातीय संग्रहालयको स्थापनामा पहल गरिनेछ ।
- ❖ घण्टाघरको तल्लोपट्टी रहेको कोठामा पर्यटकीय सूचना केन्द्रको स्थापनाको लागि नेपाल पर्यटन बोर्डसँग सहकार्यको काम अगाडि बढाइनेछ ।
- ❖ पूर्वाञ्चल क्षेत्रका पर्यटकीय स्थानहरुसँग समन्वय गरी धरानलाई पर्यटन केन्द्र (Hub) हब सेन्टरको रुपमा विकास गरिनेछ र पर्यटन क्षेत्र विकास एवं विस्तारको लागि अन्य सम्भावित जिल्ला, गा.वि.स., न.पा., संघसंस्थाहरुसँग समन्वय संजाल (भगिनी

सम्वन्ध) स्थापना गरी प्रवर्द्धन गर्न पहल गरिनेछ ।

- ❖ धरानको नजिकका पर्यटकीय सम्भावना भएका स्थलहरु (रामधुनी, बराहक्षेत्र, प्राचिन हरिद्वार चतरा, विष्णुपादुका, सूर्यकुण्ड, भेडेटार, डाँडाँबजारको धजे डाँडाँ, अजङ्गको रुख, राजारानी आदि) को फोटो तथा चित्रकला प्रर्दशनीका लागि पहल गरिनेछ ।
- ❖ पर्यटन सम्बन्धी संघसंस्थाहरुसँग सम्बन्ध विस्तार गरिनेछ । पर्यटन प्रवर्द्धन पुरस्कारको व्यवस्था गरिनेछ ।
- ❖ सप्तरंगी पार्कको पूर्वाधार विकासको लागि तयार भएको गुरुयोजनालाई समयसापेक्ष पुनरावलोकन गरी थप चरणको काम समेत गरिनेछ। साथै उक्त पार्कले चर्चेको जग्गा अतिक्रमण हुनबाट बचाउनका लागि बारबेरा लगाई सुरक्षित गर्न समेत आवश्यक पहल गरिनेछ ।
- ❖ पर्यटनको विकास र समन्वयका लागि गठन भएको धरान पर्यटन विकास समिति मार्फत विभिन्न पर्यटकीय गतिविधिहरु संचालन र व्यवस्थापन गरिनेछ ।
- ❖ घण्टाघरको अण्डरग्राउण्डमा रहेको १ कोठामा पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।
- ❖ एकीकृत पर्यटन पूर्वाधार तयार गर्न क्षेत्रीयस्तरमा गठित समिति र जिल्ला समितिहरुसँग सहकार्य गरिनेछ ।

**६. खेलकूद विकासतर्फ :**

खेलकुदको उर्वर भूमिको रुपमा रहेको धरान नगरलाई नेपालकै खेलकुदको प्रमुख शहरको रुपमा विकास गर्दै जाने र प्रस्तावित क्षेत्रीय रंगशाला पनि धरानमै स्थापना गर्ने उद्देश्यका साथ खेलकुदका सम्भावित सबै इभेन्टहरुको विकास गर्दै लगिने नीति लिइनेछ । बुढासुब्बा गोल्डकपदेखि बाहेकका अन्य कुनै पनि योजनामा छुट्टै रकम विनियोजन नगरी कार्यक्रमको औचित्य र आवश्यकताको आधारमा निर्णय गरी दिनेगरी एकमुष्ट रकम विनियोजन प्रस्ताव गरिएको छ ।

- ❖ खेलकुदको विकास तथा प्रवर्द्धनबाट आन्तरिक पर्यटन विकासका लागि बुढासुब्वा गोल्ड कप लगायतका अन्य स्थानीय प्रतियोगिताहरु संचालनको लागि दिईंदै आएको अनुदानलाई निरन्तरता दिइएको छ ।
- ❖ एन्फा गोल प्रोजेक्टलाई व्यवस्थित रुपले सञ्चालन गराउनका लागि सहकार्य गरिनेछ ।
- ❖ धरान रंगशालालाई क्षेत्रीय रंगशालाको रुपमा बिस्तार गरी सुदृढ गरिनेछ ।
- ❖ स्थानीय क्लबहरुलाई खेलकुद गतिविधिमा सहभागी हुने वातावरण निमाण गरिने छ ।
- ❖ धरानमा रहेको खेलकूदका कृयाकलापहरुलाई संस्कृतिको रुपमा विकास गर्दै लगिनेछ ।
- ❖ खेलकूदको रकमलाई विनियोजन गर्दा खेलकुद समितिको प्रतिवेदनमा उल्लेख भएअनुसार देहायअनुसार गर्ने नीति लिइनेछ :

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताको लागि- रु. २५ हजारदेखि ४० हजारसम्म,

२. क्षेत्रीय तथा जिल्ला तथा नगरस्तरका प्रतियोगिताको लागि- रु.१५ हजारदेखि २५ हजारसम्म,

३. वडा तथा विद्यालयस्तरका प्रतियोगिताको लागि रु. ५ हजारदेखि १५ हजारसम्म /

**७. सामाजिक विकास तर्फ :**

- ❖ महिला र बालबालिकाहरुको समग्र विकास र विकास कार्यमा उनीहरुको सहभागिता बढाउन महिला तथा बालबालिकाको लागि विकेन्द्रीत कार्य (DACAW) लगायतका कार्यक्रमहरुको सुदृढीकरण र विस्तारमा जोड दिइनेछ । साथै कार्यक्रमलाई निरन्तरता दिन नगरपालिका र युनिसेफको संयुक्त लगानीमा एक अक्षय कोष स्थापना गर्न विनियमावली बनाई लागू गरिनेछ ।

आगामी वर्ष युनिसेफको कार्यक्रम समाप्त हुने भएको हुँदा डकावबाट भएका कार्यक्रमहरुको निरन्तरता दिनका लागि सामाजिक परिचालन अन्तर्गत टोल विकास संस्थाहरुको समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

- ❖ डकावको कार्यक्रमबाट समुदायमा परेको सकारात्मक प्रभावलाई अन्य समुदायमा विस्तार गर्नका लागि एक डकाव संचालन निर्देशिका तयार गरी लागु गरिने छ ।
- ❖ युवा, किशोर किशोरीहरुको विकासका लागि उनीहरुकै संलग्नता र सहभागितामा कार्यक्रम संचालन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- ❖ आर्थिक रुपमा पिछडिएका वस्ती तथा परिवारका गर्भवती महिलाको लागि वडा स्तरमा आकस्मिक प्रसुती सहायता कोषको व्यवस्था भइसकेको छ । यसलाई वृद्धि तथा परिचालन गरी यसबाट आकस्मिक संकट निवारण तथा मातृशिशु मृत्युदरमा कमि आउने विश्वास लिइएको छ ।
- ❖ अपाङ्ग तथा अशक्तहरुको तथ्यांक अद्यावधिक गरी उनीहरुको क्षमता विकास तथा पुनर्स्थापनाका लागि सम्बद्ध संस्थाहरुको सहभागिता एवं सहकार्यमा सीपमूलक र रोजगारमूलक कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- ❖ अपाङ्गहरुलाई नगरपालिकाले दिने सेवाहरुमा विशेष प्राथमिकता दिने नीतिअनुरुप अपाङ्ग नागरिकहरुलाई धरान नगरपालिकाबाट दिइने सिफारिस लगायतका सेवाहरुमा लिने गरिएको सेवा शुल्कहरु नलिने व्यवस्था गरिएको छ । साथै लागुपदार्थको दुर्व्यसनमा फसेकाहरुको स्वास्थ्य उपचार, दैवी प्रकोपमा परेकाहरुलाई उपचार तथा राहतकालागि सम्बन्धित सरोकारवाला निकायहरुमा सिफारिस गर्दा नगरपालिकाबाट लिइने दस्तुर छुट दिइनेछ ।
- ❖ पिछडिएका बस्तीहरुमा सचेतनामूलक एवं सशक्तीकरण र स्वरोजगारमूलक तालिमका क्षेत्रहरु पहिचान गरी दाताहरुको सहयोगमा एकीकृत रुपमा (प्याकेज) कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- ❖ नगरको सहरी गरिबी प्रोफाइल तयार भई मस्यौदा समितिबाट प्रस्तुत भएको सहरी गरिबी न्यूनीकरण रणनीतिका आधारमा आगामी आ.व.देखि गरिबी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ संघसंस्थाहरुले संचालन गरेका विभिन्न कार्यक्रमहरुको अनुगमन मूल्यांकन तथा सहजीकरणका लागि संघसंस्थाहरुसँग समन्वय गरी नगरपालिकाको कार्यक्रमसँग एकीकृत गर्ने र विकास साझेदार संस्था समन्वय समितिलाई क्रियासिल गराइनेछ ।
- ❖ सामाजिक परिचालन मार्फत समूह तथा समुदाय स्वपरिचालन हुने अवस्था सिर्जना गरिनेछ ।
- ❖ NGOs, पेशागत संघसंस्था र स्थानीय दक्ष जनशक्तिको प्रोफाइल तयार गरी आवश्यकताअनुसार वडा / वस्ती/ समुदायमा विभिन्न सामाजिक क्रियाकलाप संचालन गर्न उत्प्रेरित गरिनेछ ।
- ❖ सामाजिक संघसंस्थाहरु तथा युवाहरुको परिचालन गरी सामाजिक विकृति फैलाउने जुवातास, मादक पदार्थ, लागुऔषध सेवन, वा यस्तै प्रकृतिका कू-कार्यहरु निरुत्साहित गर्न पहल गरिनेछ ।
- ❖ सामाजिक कार्यक्रमहरु संचालन गर्दा अत्यधिक रुपमा स्थानीय सरकारी र गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।
- ❖ संघसंस्थाहरुले संचालन गरेका विभिन्न कार्यक्रमहरुको अनुगमन मूल्यांकन तथा सहजीकरणका लागि संघसंस्थाहरुसंग समन्वय गरी नगरपालिकाको कार्यक्रमसँग एकीकृत गर्ने र कार्यक्रमहरुको दोहोरोपनलाई कम गर्न

संघसंस्थासहितको संयन्त्र तथा प्रणालीको विकास गरी कार्य संचालनमा सहजता ल्याईनेछ ।

- ❖ कुनै पनि कार्यक्रम संचालन गर्न संघसंस्थालाई र कम सहयोग गर्दा सम्बन्धित संस्थाको पनि लगानी अनिवार्य देखिने गरी प्राप्त प्रस्तावको आधारमा आवश्यकता र औचित्य हेरेर मात्र सहयोग गरिनेछ ।
- ❖ संघसंस्था परिचालन सम्बन्धी निर्देशिका यथाशीघ्र तयार गरी न.पा.बाट स्वीकृत गराई कार्यान्वयन गर्न पहल गरिनेछ ।
- ❖ समाजको विकासका लागि स्थानीय वुद्धिजीवी, समाजसेवी, विषयविज्ञ र धरानबाट अन्यत्र गई बसोवास गरेका धरानेहरुलाई धरान विकास मञ्चमा आवद्ध गराई धरानको विकासमा व्यापकता र प्रभावकारिता ल्याउन पहल गरिनेछ ।
- ❖ समाजमा पिछडिएर रहेका महिला, दलित, अपाङ्ग तथा आदिवासी जनजातिहरुको सशक्तीकरणको लागि उनीहरुसँगै सम्बन्धित संस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु समेत संचालन गर्न पहल गरिनेछ ।
- ❖ सामाजिक परिचालनद्वारा शहरी गरिबी न्यूनीकरणका लागि जन सहभागितामा आधारित कार्यक्रम संचालन गरिने छ । यस अन्तर्गत नगर क्षेत्रमा आवश्यकता अनुसारको सामुदायिक संस्थाहरु निर्माण गरिने छ ।
- ❖ वडा तहमा निर्माण भएका सामुदायिक संस्थाहरुलाई क्षमता विकास गरी स्वनिर्भर हुने वातावरण सिर्जना गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरिने भत्ता रकमलाई व्यवस्थित तरीकाले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१. सामाजिक विकासका लागि नगरपालिकाले गर्दै आएका क्रियाकलापहरुलाई व्यवस्थित गर्नका लागि नगरपालिकाबाट गठित भएको सामाजिक विकास समितिलाई परिचालन गरिने छ ।

२. संघसंस्थाहरुले नगरक्षेत्रमा गरिरहेको कामलाई पारदर्शी र विकासलाई प्रभावकारी गराउन नगर पालिकाको बजेट नीति तथा कार्यक्रममा समावेश गरिने छ ।

३. एच आई भी एड्सबाट संक्रमितहरुका लागि नगर पालिकाले उपलव्ध गराउने न्यूनतम् सहयोगलाई प्रभावकारी ढंगबाट वितरण गरिने छ ।

४. एचआईभि एड्स संग सम्बन्धित कार्य गर्नका लागि नगरस्तरीय एड्स समन्वय समितिको गठन गरी यसै समिति मार्फत् नगरपालिका श्रोत तथा स्थानीय संघसंस्थाहरुको परिचालन गरिने छ ।

५. लागुपदार्थ प्रयोगकर्ताहरुका लागि नगरपालिकाको आफनै पहल तथा स्थानीय संघसंस्थाहरुको सहयोगमा कार्यक्रम तय गरी संचालन गरिने छ ।

६. पूर्व लागुपदार्थ प्रयोगकर्ताहरुको वृत्ति विकासका लागि उद्यमशिलता विकास र उद्यम संचालन गर्नका लागि सिड फण्डको व्यवस्था गरिने छ ।

७. युवा शक्तिलाई नगरको व्यवस्थापन तथा सचेतनाका संवाहकका रुपमा सदुपयोग गर्दै उनिहरुमा पनि सामाजिक उत्तरदायित्वको भावना भर्ने गरी कार्यक्रम संचालन गरिने छ । विशेष गरी जनचेतना फोहर व्यवस्थापन उद्यमशिलताको विकास लगायतका कार्यमा युवाहरुको परिचालन गरिने छ ।

८. युवा व्याण्ड तथा संगीत क्षेत्र र अन्य कलाकर्ममा लागेका संघसंस्थाहरुलाई नगर विकासका साझेदारका रुपमा पहिचान गरी उनीहरुका हरेक कार्यक्रममा समाज विकासका सन्देश प्रशारण गर्न उत्प्रेरणा गरी सामाजिक मूल प्रवाहिकरण गरिने छ ।

९. विराट घोषणा पत्रलाई कार्यान्वयन गर्न विशेष पहल गरिने छ ।

१०. सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने रकमबाट दलित सहित जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, लोपोन्मुख लगायतको सामाजिक सुरक्षावृत्ति प्रदानलाई प्रभावकारी वनाई वितरण गरिनेछ ।

११. नगरक्षेत्रको आधारभूत तहको स्वास्थ्य सेवा(खोप) उपलब्ध गराउने महिला स्वास्थ्य स्वयंसेवीकाहरुको सेवालाई मध्येनजर गर्दै आगामी आ.व.मा नेपाल सरकारसंग उपलब्ध गराईने स्वयंसेवीका वृत्ति उपलब्ध गराउन नेपाल सरकारसंग पहल गर्दै नगरपालिकाबाट समेत सम्वोधनको प्रयास गरिनेछ ।

१२. आदिवासी जनजातिसंग सम्बन्धित कार्यक्रमहरुलाई कार्यान्वयन गर्न न.पा.को तोकिएको विनियोजन भित्रका शीर्षकमा समावेश गरी विनियोजन गरिनेछ । कार्यक्रम संचालन गर्ने क्रममा प्राप्त भएका कार्यक्रमहरुलाई न.पा.बोर्डबाट निर्णय गरी संचालन गरिनेछ ।

१३. दलित उत्पीडित जातिको विकासका लागि सचेतना तथा वृत्तिविकास लगायतका कार्यक्रमका लागि रकम विनियोजन गरिएको छ ।

१४. अन्य कार्यक्रमहरुमा विनियोजन गरिएका क्षेत्रहरुमा समेत दलित, जनजाति, मधेसी, मुस्लिम, लगायतका पिछडिएका समुदायको सहभागिता बढाउन सुनिश्चित गर्ने प्रकृया अवलम्बन गरिनेछ ।

१५. मधेशी, मुस्लीम लगायतका समुदायका लागि रकम विनियोजन गरिएको छ ।

१६. नगरपालिकाले संचालन गर्ने आदिवासी जनजाति महिलाहरुलाई न.पा.द्वारा संचालन गरिने क्षमता विकास कृयाकलापहरुमा वढी सहभागी गराउने नीति अख्तियार गरिनेछ ।

१७. जथाभावी हम्प्स् निर्माणबाट दमकल लगायतका अति सम्वेदनशिल आकस्मिक सेवा प्रदान गर्न कठिनाई भएको हुँदा सम्पूर्ण हम्प्स्हरुलाई हटाउने तथा सुगम बनाउने तर्फ सामाजिक परिचालन गरिने छ ।

१८. विपन्न भूमिहीनहरुद्धारा अतिक्रमित भई स्थापित भएका विभिन्न अव्यवस्थित वस्तीहरुको सुधारका लागि चालु आ.व.मा विनियोजित वस्ती पुनःस्थापना कार्यलाई UN Habitat लगायतका अन्य निकायहरुसंग समन्वय गरी प्रभावकारी ढंगबाट तोकिएका क्षेत्रमा संचालन गरिनेछ । यसबाट अतिक्रमित वस्तीहरुमा रहेको जग्गा अतिक्रमण घटाई उपलव्ध जग्गालाई अन्य परियोजनामा संचालन गर्न सकिनेछ । साथै वस्तीको सुधार लगायत वसोवासको उचित व्यवस्था भएबाट वासिन्दाहरुको समेत जीवनस्तर बढ्ने आशा गरिएको छ ।

१९. अव्यवस्थित वस्तीहरुमा सामाजिक विकास, क्षमता अभिवृद्धि लगायतका सफ्टवेयर कृयाकलापहरुमा न.पा.को संलग्नता बढाई संस्था परिचालन गरिनेछ ।

२०. विपन्न समुदायको सामाजिक विकासका लागि स्थानीय व्यावसायिक संस्थाहरुको सामुदायिक विकास कार्यका लागि परिचालन गर्ने नीति लिईनेछ ।

**महिला विकास**

१. लैगिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना २०६६ को प्रावधान अनुसार नगरपालिकाले लैगिक हिंसा विरुद्ध नगरस्तरीय कार्यक्रम तय गरी लागु गर्नेछ ।

२. नगरस्तरीय पारालिगल कमिटीको सहयोग लिई नगरभित्र हुने घरेलु हिंसा तथा लैंगिक हिंसालाई न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३. महिलाहरुलाई गैरपरम्परागत शिप प्रदान गर्न तालिम र उद्यम संचालन गर्न बिउपूँजि उपलव्ध गराईने छ ।

४. महिलाहरुद्धारा संचालित सघसंस्थाहरुको संस्थागत विकासका लागि क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।

५. एकल महिलाका सवालहरुमा न.पा.को महिला सम्बन्धित शाखा वा निकायबाट सम्बोधन गरिनेछ ।

**शिक्षा क्षेत्रतर्फ**

१. विद्यालयको भौतिक विकासका लागि अनुदान उपलव्ध गराउँदै आएकोमा आगामी आ.व. देखि विद्यालय सुधार योजना (SIP) को आधारमा नगर शिक्षा समितिको सिफारिसमा अनुदान सहयोग उपलब्ध गराईने छ ।

२. विपन्न समुदायमा संचालित केही सामुदायिक प्राथमिक विद्यालयहरुलाई विगतमा भ्कै संचालन अनुदान प्रदान गरिने छ । वितरणलाई समान र समानुपातिक बनाउन विद्यालयको भौतिक अवस्था, शैक्षिक उपलव्धि र गुणस्तरका आधारमा वितरण गर्ने प्रयत्न गरिनेछ ।

३. नगरभित्र नगरपालिकाबाट संचालित बालविकास केन्द्रलाई व्यवस्थित र प्रभावकारी संचालनका लागि निर्मित समितिहरुलाई सकृय बनाउनका लागि समितिहरुसंग छलफल तथा अन्तरकृया गरिनेछ । समुदायमा आधारित बाल विकास केन्द्रहरुमध्ये कम विद्यार्थी उपस्थिति भएका केन्द्रहरुलाई मातृविद्यालयमा समाहित गर्ने नीति लिईने छ ।

४. सामुदायिक विद्यालयमा प्राथमिक स्तरका पठन पाठन गर्ने अतिविपन्न परिवारका केही बालबालिकाहरुका लागि आवश्यक शैक्षिक सामग्रीहरुको व्यवस्था गरिनेछ ।

५. सामुदायिक विद्यालयहरुलाई बालमैत्री र गुणस्तरिय शिक्षा केन्द्रको रुपमा विकास गर्ने उद्देश्य अनुरुप युनिसेफको सहयोगमा संचालित बालमैत्री विद्यालय अभियान आगामी वर्षमा पनि संचालन गरिने छ ।

६. सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई बालमैत्री वनाउने र बालमैत्री विद्यालयका कक्षा शिक्षकहरुका लागि पुनर्ताजगी तथा अन्य क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछ ।

७. बालमैत्री विद्यालयहरुलाई कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामग्री तथा शिक्षण सामग्रीमा अनुदान दिईनेछ । यसबाट धरानको शिक्षाको गुणस्तरमा वृद्धि भई शिक्षाकेन्द्रको परिकल्पना पूरा गर्न सघाउ पुग्नेछ ।

८. आधुनिक सूचना प्रविधिमा स्थानीय विपन्न समुदायका बालबालिकाहरुको पहुँच पुर्‍याउनका लागि बालमैत्री विद्यालयहरुमा कम्प्युटर प्रदान गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिईनेछ ।

९. नगर शिक्षा समितिको स्थापना र व्यवस्थापनका लागि स्थानीय श्रोत केन्द्रसंग समन्वय गरी उक्त समितिको विकास र विस्तारका लागि व्यवस्थापनमा आवश्यक सामग्री उपलब्ध गराईने छ । समिति मातहत विद्यालयको गुणस्तरमा एकरुपता तथा एकद्वारबाट विकास गराउने प्रयत्न गरिनेछ ।

१०. विभिन्न राष्ट्रिय भाषाहरुको विकास तथा भाषा शिक्षणको लागि सहयोगको व्यवस्थालाई निरन्तरता दिईने छ ।

११. कला, साहित्य तथा सांस्कृतिक कार्यक्रमहरुलाई फलदायी र प्रभावकारी बनाउने नीति लिईनेछ ।

१२. केहि पुस्तकालय तथा विद्यालयको भौतिक तथा शैक्षिक सामग्रीको विस्तारका लागि अनुदानको व्यवस्था गरिएकोछ ।

१३. प्राविधिक शिक्षाको विकासको लागि धरानभित्र रहेका खाद्य प्रविधि क्याम्पस, हात्तिसार र पूर्वाञ्चल इन्जिनियरिङ् क्याम्पस वि.पि.को.स्वा.वि.प्र. लगायत अन्य प्राविधिक शिक्षालयहरुसँग आवश्यक समन्वय र सहयोग गरिने छ ।

८. **वातावरण विकास तर्फ :**

- ❖ सहरलाई सुन्दर बनाउनका लागि वृक्षरोपण लगायत सार्वजनिक खाली जग्गाहरुमा सार्वजनिक निजी साझेदारीमा फूलबारी तथा लघु पार्क निर्माण गरिनेछ ।
- ❖ फोहोरमैला व्यवस्थापनका लागि कम्पोष्ट मल बनाउने तालीमलाई निरन्तरता दिईने छ ।
- ❖ पुनः प्रयोग योग्य बस्तुहरुको संकलन केन्द्र स्थापना भइसकेकोले त्यसको संचालन तथा व्यवस्थापनमा सम्वन्धित सरोकारवाला निकायहरु संग सहकार्य गरिनेछ ।
- ❖ दीर्घकालीन रुपमा Landfill Site को व्यवस्थापनको लागि SEAM- N आयोजनाको सहयोगमा नजिकका नगरपालिकाहरुसँग सहकार्य गरिनेछ ।
- ❖ हाल प्रयोगमा रहेको डम्पिङ् साइटको व्यवस्थापन तथा सम्बन्धित वन क्षेत्रको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न पहल गरिनेछ ।
- ❖ फोहर संकलन गर्ने साधनको व्यवस्था गर्ने सिलसिलामा थप साधनका लागि मन्त्रालय समक्ष अनुरोध गरिने छ ।
- ❖ धरानमा रहेको खानेपानीको समस्यालाई मध्यनजर गरी घरमा बर्षादको पानी संकलन गर्ने प्रविधिलाई प्रोत्साहन गर्न उक्त प्रविधि जडान गर्न चाहने घरधनीहरुको घरनक्सा पास गर्दा लाग्ने दस्तुरमा निश्चित रकम छूट दिने व्यवस्थालाई कायमै गरिएको छ । साथै हाल स्थापना भएको धरान एकीकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समितिसंग समन्वय गर्दै खानेपानी समस्यालाई न्यूनीकरण गर्न पहल गरिने छ। धरान न.पा.क्षेत्रभित्र खानेपानीको अभावलाई पूरा गर्न छिमेकी गा.वि.स.हरुमा रहेका श्रोतहरुलाई पहिचान गरी कार्यान्वय गर्न आवश्यक समन्वय र परामर्श गरिने छ।
- ❖ एकीकृत खानेपानी व्यवस्थापन तथा जलाधार व्यवस्थापन संरक्षण समितिले धरानको खानेपानी व्यवस्थापन तथा जलाधार क्षेत्रको विकास तथा व्यवस्थापन गरी मुहान संरक्षण गर्ने नीति लिइएको छ ।
- ❖ नगरको खानेपानी व्यवस्थापनको लागि उद्योग वाणिज्य संघलाई श्रोतहरु जुटाउने कार्यको नेतृत्व दिने तथा सेड नेपाललाई जलाधार संरक्षण क्षेत्रको लागि श्रोतहरु संकलन गर्ने जिम्मेवारी दिइनेछ ।
- ❖ सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप नगरपालिकाले गर्दै आएको सरसफाइको काम निजी क्षेत्र लगायत सामुदायिक संघसंस्थाहरुमार्फत गर्ने नीति अवलम्बन गरिएको छ ।
- ❖ बजारको सौन्दर्य र जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने किसिमले अव्यवस्थित र छाडा रुपमा रहने कुकुर, सुंगुर र अन्य चौपायाहरुको नियन्त्रणको लागि कान्जि हाउसलाई व्यवस्थित संचालन गरिने छ साथै केनल क्लव जस्ता पशुसंग सम्बन्धित संघ संस्थाहरुको स्थापनाको लागि प्रोत्साहित गरिनेछ ।
- ❖ नगरस्तरीय वातावरण सुधार समितिबाट नगर क्षेत्रमा भइरहेको वातावरणीय अनुगमनलाई अझ बढी प्रभावकारी बनाउनको लागि आवश्यक न्यूनतम सहयोग प्रदान गर्ने कार्यलाई कायमै गरिनेछ ।
- ❖ सामुदायिक वन उपभोक्ता समितिहरुको कार्यलाई प्रोत्साहन गर्नका लागि विश्व वातावरण दिवस लगायतका क्रियाकलापमा संलग्न गराउने, जनचेतना बढाउने जस्ता कार्यलाई प्राथमिकता दिईनेछ ।
- ❖ सामुदायिक वनबाट प्राप्त हुने आय तथा काठलाई स्थानीय विद्यालयहरु, संघसंस्था लगायतलाई सहयोग उपलब्ध गराउन प्रोत्साहित गर्न पहल गरिनेछ । फोहरमैला व्यवस्थापनमा सहयोग

पु¥याउने सर्वोत्कृष्ट व्यक्ति वा संस्थालाई विश्व वातावरण दिवसका दिन रु. १००१।- नगद पुरस्कार र सम्मान पत्र दिइनेछ ।

- ❖ मासु व्यवसायलाई व्यवस्थित गर्न सरोकारवाला निकायहरुको संलग्नतामा व्यवस्थित वधशाला निर्माण तथा मीट कम्प्लेस निर्माण गरिनेछ ।
- ❖ सन 2010 मा धरान नगरलाई खुला दिसा मुक्त नगर वनाउनका लागि विशेष कार्यक्रम संचालन गरिने छ। नगर भित्र रहेका अव्यव्यस्थित बसोवास तथा चर्पी रहित घरहरुलाई व्यवस्थित गर्न सहभागितामा आधारित सुलभ सौचालय निर्माण गर्न न.पा.बाट अति विपन्न परिवारलाई चर्पी निर्माण सामग्री प्रदान गरिने छ ।
- ❖ वातावरण व्यवस्थापनसँग सम्बन्धित विद्यमान साधन, यन्त्र र उपकरण चालु अवस्थामा राखिने साथै समयानुकुल आधुनिक साधन, यन्त्र, उपकरण आदिको व्यवस्थापनमा जोड दिईनेछ ।
- ❖ फोहरमैला जथाभावी फाल्ने, विसर्जन गर्ने जस्ता सामाजिक अपराधको विरोध गर्न सशक्त सामाजिक समूहको विकास गरिनेछ ।
- ❖ महत्वपूर्ण सामाजिक, धार्मिक तथा अन्य सार्वजनिक स्थलहरुको सरसफाइ, संरक्षण, मर्मत संभारको कार्यमा स्थानीयको भूमिका वृद्धि गरिनेछ ।
- ❖ वातावरणीय पक्षहरुमा ध्यान नपु¥याई नगरक्षेत्रमा उद्योगहरुको स्थापना हुन नदिईने साथै पुराना स्थापित उद्योगहरुलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी काम गर्न प्रोत्साहित गरिनेछ ।
- ❖ शौचालय, गाडी पार्किङ्गको उचित व्यवस्था भएका रेष्टुरेन्ट, डिपार्टमेन्टल स्टोर खोल्न प्रोत्साहन गरिनेछ । साथै फोहरमैला व्यवस्थापनमा फोहर बढी उत्सर्जन गर्ने व्यवसायको समन्वय गरी फोहर व्यवस्थापन गरिनेछ ।
- ❖ अव्यवस्थित व्यापारिक तुल, व्यानर, भित्तेलेखन आदिलाई व्यवस्थित गरिनेछ ।
- ❖ मासु तथा मासुजन्य पदार्थहरुको काटमार, बिक्री वितरण, ओसारपसारलाई सुधार गर्दै व्यवस्थित वनाईनेछ ।
- ❖ वडास्तरमै वडा प्रमुखलाई छाडा पशु पक्राउ तथा लिलाम गर्ने अधिकार प्रत्यायोजन गरी नगरक्षेत्रमा छाडा पशु नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ वन विनाशलाई रोक्नका लागि विद्युत शवदाह गृह निर्माणमा जोड दिईनेछ ।
- ❖ धरान नगरपालिका क्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र निर्माण गर्न चालू आ.व.मा गरिएको प्रयास लाई थप सरोकारवालासंग समन्वय गरी प्रभावकारी रुपमा कार्यक्रम अघि बढाईनेछ ।
- ❖ फोहर व्यवस्थापनको कार्य सक्षम नीजि क्षेत्र मार्फत कुनै निश्चित वडामा PILOT PROJECT को रुपमा PPP अवधारणामा समुदायको समेत सकृय भूमिका रहने गरि संचालन गरिनेछ ।
- ❖ नगरको फोहर व्यवस्थापनका लागि क्षेत्रीय स्तरको ल्याण्डफिल साइट निर्माण गरिने अवस्था रहेकोमा स्थानीय स्तरमा एक ट्रान्सफर स्टेशनको स्थापना गर्नका लागि जग्गा प्राप्ति गरि IEE तथा अन्य आवश्यक कार्यक्रम तय गरिने छ ।
- ❖ नगरको फोहर व्यवस्थापनका लागि प्रत्येक फोहर उठाउने गाडीमा सूचक यन्त्र (साईरन वा घण्टी) प्रयोग गरि नगरवासीहरुलाई जनाउ दिने कार्य गरिने छ । यसरी सबैले आ-आफनो घरमा भएको फोहरलाई बाटोमा नफ्याली गाडीमा नै राख्ने गरी फोहर व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- ❖ थप गाडीको व्यवस्थापन गरी नगरको थप धेरै क्षेत्रको फोहर उठाई व्यवस्थापन गरिनेछ ।
- ❖ सीमएन आयोजना तथा फिनल्याण्ड सरकार र नेपाल सरकारको संयुक्त पहलमा आउन लागेको फोहर व्यवस्थापन सम्बन्धि परियोजनासंग सहकार्य

गरिने छ। साथै अन्य निकायहरुसंग समेत श्रोत परिचालनमा समन्वय गरिनेछ ।

- ❖ स्वास्थ्य संस्थाजन्य फोहर जस्ता हानीकारक फोहर को व्यवस्थापनमा स्थानस्य निजी साझेदारसंग सहकार्य गर्न पहल गरिने छ ।
- ❖ नगरलाई आगामी ३ वर्षभित्र अनुमति वेगरका प्लाष्टिक उत्पादन र वितरणमा प्रतिवन्ध लगाउने र बाटो तथा बाहिरी भागमा प्लाष्टिक फोहर रहित नगर बनाउनका लागि अभियान संचालन गरिने छ ।
- ❖ भवन निर्माण सामग्री बाटोमा राख्नेलाई दण्डको व्यवस्था गरिनेछ ।

९. **स्वास्थ्यः**

- ❖ भविष्यमा आइपर्नसक्ने विविध प्रकोपको नियन्त्रणको लागि बजेटको व्यवस्था गरिने छ ।
- ❖ पोलियो खोप, भिटामिन ए कार्यक्रम एचआईभी 'एड्स र लागू पदार्थ दुर्व्यसन नियन्त्रणको लागि स्थानीय संघसंस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।
- ❖ शिशु पोषण, स्याहार संभार, बालविकास केन्द्र आदिको विकास विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ❖ सहरी गरिबको तथ्याङक संकलन, मातृ मृत्यूदर, शिशु मृत्यूदर, साक्षरता स्थिति, Drop Out स्थिति आदिको तथ्याङ्क संकलन तथा त्यसको कारण र समाधानको खोजी गर्ने र त्यसलाई निराकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने प्रयास गरिनेछ ।
- ❖ स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि धरान न.पा. मा अवस्थित वि.पि.को.स्वा.वि.प्र.संग समन्वय गरी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- ❖ नगरक्षेत्रका HIV AIDS संक्रमण भएका बिरामीहरुको उपचारको लागि विगत वर्षहरुदेखि नै दिइँदै आएको न्यूनतम आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- ❖ स्वास्थ्य क्षेत्रमा व्यापक परिवर्तनको लागि स्वास्थ्य स्वयंसेवीकाको परिचालनमा जोड दिंदै उत्कृष्ट सेवा पुऱ्याउने तीनजना स्वयंसेवीकालाई स्वयंसेवीका दिवसको अवसरमा रु.१,००० एकहजारका दरले पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ ।

१. स्वास्थ्य क्षेत्रको विकासका लागि नगरपालिका र समुदायको पहलमा संचालित सामुदायिक स्वास्थ्य क्लिनिकहरुको व्यवस्थापन स्थानीय समुदायलाई हस्तान्तरण गर्ने अभ्यास शुरु गरिने छ । यसका लागि विगतमा बनेको स्वास्थ्य केन्द्र संचालन निर्देशिकालाई परिमार्जन गरिने छ ।

२. हाल देशका तराई क्षेत्रमा पोलियोको विरामी देखा परेको र यस अवस्थाले बालबालिकामा पर्न सक्ने भयावह असरलाई कम गर्नका लागि कम कभरेज देखा परेका वडाहरुमा खोप केन्द्र थप गरी सेवा पुऱ्याईने छ ।

३. उपस्वास्थ्य चौकीको प्रभावकारिता वृद्धि गर्न र आधारभूत सेवामा विपन्न समुदायको पहुँच बढाउन स्थानीय वडाहरुको मागलाई समेत मध्यनजर गर्दै सो चौकीलाई परिचालन गरिने छ ।

१०. **सार्वजनिक निजी साझेदारी तर्फ**

- ❖ न.पा.को सीमित श्रोतलाई अत्यधिक उपयोग गर्ने गरी ठूला योजनाहरु निर्माण तथा संचालन गर्दा सार्वजनिक निजी साझेदारीका आधारमा गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । यस प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावलीमा भएको व्यवस्था अनुसार एक सार्वजनिक निजी साझेदारी समिति पनि गठन गरिसकिएको साथै सन 2010 र 2011 दुई वर्षको लागि शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी

कार्यक्रम (PPPUE) लागु गर्ने सम्झौता भइसकी सार्वजनिक निजी साझेदारीमा हुनसक्ने योजनाहरुको अध्ययन गर्ने कार्य (PPP Scoping)समेत शुरु भइसकेकोले त्यस प्रतिवेदनको आधारमा आगामी आ.व.मा बढीभन्दा बढी योजनाहरु सो प्रकृयाबाट संचालनको प्रकृया अघि बढाइनेछ ।

- ❖ भानुचौकमा रहेको सार्वजनिक शौचालयलाई विभिन्न शहरी सुविधासहितको सेवा केन्द्र (City Service Centre)को रुपमा विकास गर्नको लागि PPPUE तथा उद्योग वाणिज्य संघसँग सम्झौतासमेत भइसकेकोले उक्त निर्माण कार्य आगामी आ.व.भित्रै पूरा गरी संचालन तथा व्यवस्थापनको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- ❖ वडा नं. ३६ मा अवस्थित माछा भौडीमा व्यवस्थित मिट कम्प्लेक्स वा अन्य कुनै उपयुक्त प्रयोजनको लागि निजी क्षेत्रलाई उक्त जग्गा निश्चित अवधिका लागि लिजमा उपलब्ध गराई BOOT को अवधारणामा गर्ने तर्फ पहल गरिनेछ ।
- ❖ विगतमा निजी क्षेत्र मार्फत संचालन भई पुनः नगरपालिका आफैंले संचालन गर्दै आएको नगरको सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्य वडा तथा टोलस्तरमा टोल समूहहरुलाई र नगरस्तरमा दीर्घकालीन व्यवस्थापनको लागि निजीक्षेत्रलाई जिम्मा दिने प्रकृया अघि बढाइनेछ । यस क्रममा घटीमा २ वटा टोल समूहहरुलाई नमुनाको रुपमा उक्त कार्य जिम्मा दिन पहल गरिनेछ ।
- ❖ धरानको विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहुँचका लागि बहुप्रतिक्षित धरान एयरपोर्टको निर्माण कार्य तुरुन्तै प्रारम्भ गर्न नागरिक समाज तथा सम्बद्ध निकायहरुको सहयोग लिई सरकार र सम्बन्धित निकायहरुलाई दबाब सिर्जना गराउन आवश्यक पहल गरिनेछ ।
- ❖ सप्तरंगी पार्कको निर्माण कार्य पुरा गर्न विभिन्न दातृ निकायहरुसंग समन्वय गरिनुका साथै सार्वजनिक निजी साझेदारीबाट विकास तथा संचालनको कार्य अघि बढाइनेछ ।
- ❖ सप्तरंगी पार्कभित्र विषयगत (Thematic) गार्डेन तथा अन्य निर्माणमा स्थानीय निजी तथा संस्थागत निकायहरुको संलग्नता बढाई आवश्यक विकास कार्य गर्न संघसंस्थाहरुलाई प्रस्तावको आधारमा निश्चित जग्गा उपलव्ध गराइनेछ । निर्माण कार्य सम्पन्न भएपछि त्यस्ता योजनाहरुको संचालन व्यवस्थापन निजी क्षेत्रमार्फत गरिने नीति लिइएको छ ।
- ❖ धरान ५, महेन्द्रपथमा रहेको फुटपाथको रेलिङ्मा निजी क्षेत्रको साझेदारीमा विभिन्न सूचनामूलक विज्ञापनहरु लेख्न प्रोत्साहन गरिनेछ ।
- ❖ विभिन्न ट्राफिक आईल्यान्ड र साना पार्कहरु निर्माण गरी मर्मत सम्भार तथा संचालनका लागि CSR (व्यावसायिक सामाजिक दायित्व) को आधारमा गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- ❖ नगरको पहिचान भएका स्थानहरुमा सुविधासम्पन्न शौचालय, स्नानगृह जस्ता अन्य आधुनिक नगरका आवस्यक पूर्वाधारहरु निजी क्षेत्रबाटै निर्माण गरी संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- ❖ धरान नगरमा आन्तरिक रुपमा भैरहेको सार्वजनिक परिवहन (नगर यातायात) को अभावलाई पूरा गर्न सम्बद्ध पक्षहरुसँग छलफल गरी आन्तरिक परिवहन संचालनको प्रक्रिया अघि बढाइनेछ ।
- ❖ नगरपालिका कार्यालय हाताभित्र महेन्द्रको सालिक रहेको स्थानमा Water Fountain लगायत व्यवस्थित फूलबारीको पुनःनिर्माणको लागि सार्वजनिक निजी साझेदारी (PPP) अथवा

व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) को आधारमा निर्माण गर्न पहल गरिनेछ ।

❖ धरान १७ स्थित रेल्वे चौक बिस्तार र सार्वजनिक शौचालयको निर्माण तथा विकासका लागि निजी क्षेत्रको सहभागिता जुटाउन पहल गरिनेछ ।

❖ भानुचौक स्थित तत्काल फेन्सीसप रहेको स्थानलाई उपयुक्त विकल्प सहित विकास गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

❖ धरान १४ स्थित पञ्चकन्या पार्क र रजत जयन्ती पार्कलाई पुनःनिर्माण गरी व्यवसायिक रुपमा संचालन गर्न निजी क्षेत्रको सहभागितालाई समावेश गर्न पहल गरिनेछ ।

११. **संचार सम्वन्धी :**

- धरान नगरको विकासमा विशिष्ट योगदान पुर्‍याएको संचार जगतसंग सहकार्य गरी धरानका संचार जगतलाई थप सक्षम बनाई धरानको विकासको लागि संचार जगतको अधिकतम् परिचालन गरिनेछ ।
- धरान नगरपालिकाको सूचना तथा संचार सम्प्रेषणलाई प्रभावकारी बनाउनका लागि नगर सूचना केन्द्र स्थापना गरिनेछ र सो सूचना केन्द्र मार्फत सेवाग्राही नगरवासीहरुलाई सूचना प्राप्त गर्न सहज बनाईनेछ ।
- धरान नगरको विकास र प्रगतिका लागि विशिष्ट योगदान पुरयाएका पत्रकारहरुलाई सम्मान गरी २ जनालाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पत्रकारिता जगतको विकासका लागि यस वर्षदेखि नेपाल पत्रकार महासंघसंग सहकार्य गर्ने र भौतिक निर्माणमा सहयोग पुर्‍याउने नीति अवलम्वन गरिनेछ ।
- पत्रपत्रिका, रेडियोमा विभिन्न पर्व, दिवस ईत्यादिमा उपलव्ध गराईने शुभकामना तथा लोक कल्याणकारी विज्ञापनहरुमा दिईदै आएको विज्ञापन रकमको दरवृद्धि गरिएको छ ।
- धरानको विकासको प्रवर्द्धनका लागि प्रचार प्रसार गर्न एक छुट्टाछुट्टै कार्यक्रम राखी विभिन्न मिडियाहरुलाई धरानको सकरात्मक सन्देश विभिन्न क्षेत्रमा पुर्‍याउन प्रोत्साहित गरिनेछ। यसका लागि यसैवर्ष देखि रकम विनियोजन गरिएको छ ।

❑❑❑

## धरान नगरपालिकाको अनुरोध

१. धरान नगरक्षेत्रमा कुनै प्रकारको व्यापार व्यवसाय संचालन गर्दा नगरपालिका कार्यालयमा व्यवसाय दर्ता गराएर मात्र संचालन गरौ ।
२. कुनै पनि खाद्य पदार्थमा अखाद्य वस्तु मिसावट नगरौ ।
३. मासु व्यवसायीहरुले पसलमा जाली वा शिसा लगाएर मात्र मासु विक्री वितरण गरौ ।
४. मासुका उपभोक्ताहरुले सुरक्षित स्थान र स्वस्थ्य मासु मात्र खरिद गरौ ।
५. सडक, ढल मिचेर आपनो पसल नराखौ ।
६. आफ्ना चौपायाहरुलाई शहरमा जथाभावी नछाडौ ।
७. घरवाट निस्कने फोहरमैला तथा पानीलाई जथाभावी नफाकौ, नबगाउँ ।
८. प्लाष्टिक झोलाको प्रयोग नगरौ ।
९. धरान हाम्रो हो, यसलाई सफा, सुन्दर बनाउन आ–आफ्नो ठाउँबाट लागि परौ ।

# धरान नगरपालिका कार्यालय

## आ.व. २०६६।०६७ को प्रगति समीक्षा
## (२०६७ जेष्ठसम्मको)

यस नगरपालिकाको आ.व. २०६६।०६७ को लागि नगर परिषदबाट स्वीकृत बार्षिक बजेट अनुसार यस आ.व.को जेष्ठ मसान्तसम्ममा भएको आम्दानी र सोबाट भएको खर्च र गत आ.व.को सोही अवधिको आयव्ययको विवरणलाई निम्नानुसार तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

आय तर्फ:

| क्र. सं. | विवरण | आ.व. २०६५।०६६ को | | | आ.व. २०६६।०६७ को | | |
|---|---|---|---|---|---|---|---|
| | | अनुमान | जेठसम्मको यथार्थ | % | अनुमान | जेठसम्मको यथार्थ | % |
| १ | विभिन्न कर, शुल्क तथा दस्तुरबाट | २६७०६०००।०० | २२०९०६६३।४२ | ८२.७२ | ३१६०००००।०० | २२३३२४८८।०० | ७०.६७ |
| २ | स्थानीय बिकास शुल्क | ३२७८२५००।०० | ३२७८२०००।०० | १०० | ३२७८२०००।०० | २९९८७०००।०० | ९१.४७ |
| ३ | जि.बि.स.बाट प्राप्त | २५०००००।०० | ११०२०००।०० | ४४.०८ | २५०००००।०० | ० | ० |
| ४ | जनसहभागिताबाट प्राप्त | ७५०००००।०० | १७४१९११८।०० | २३२.२६ | १५००००००।०० | २०५२९४४७।०० | १३६.८६ |
| ५ | गत वर्षको जिम्मेवारी | ५१८९५००।०० | ५१८९४८६।५९ | १०० | २९७०७०००।०० | २३२०८९२४।४९ | ७८.१३ |
| | आन्तरिक आय तर्फ | ७४६७८०००।०० | ७८५८३३४८।०१ | १०५.२३ | १११५८९०००।०० | ९६०५७८५९।४९ | ८६.०८ |
| ६ | स्थानीय निकाय अनुदान | ११०००००।०० | ११०००००।०० | १०० | १२०००००।०० | २५०००००।०० | २०८.३३ |
| ७ | कृषि सडक अनुदान | ४००००००।०० | २६०००००।०० | ६५ | ४००००००।०० | ४००००००।०० | १०० |
| ८ | जि.वि.स.बाट सामाजिक सुरक्षा कार्यक्रम | ०।०० | ०।०० | ०.०० | २७००००००।०० | १३८९२०००।०० | ५१.४५ |
| ९ | जगेडा कोष । सडक बोर्ड | १६००००००।०० | ७५२३०९७।०० | ४७.०२ | १४५०००००।०० | ११०२१८०५।०० | ७६.०१ |
| १० | जनसहभागितामा आधारित कार्यक्रम | ५००००००।०० | ५००००००।०० | १०० | ३७०००००।०० | ० | ० |
| ११ | थप स्थानीय बिकास शुल्क | ४४८४७०००।०० | २९८९८०००।०० | ६६.६७ | १४९४९०००।०० | १४९४९०००।०० | १०० |
| १२ | जिल्ला शिक्षाबाट बाल बिकास र साक्षरता | | | | १६५२०००।०० | १४१९५२५।०० | ८५.९३ |
| १३ | LGCDP | | | | ३५०००००।०० | १५०६८८००।०० | ४३०.५४ |
| १३ | अन्य संघसंस्थाबाट प्राप्त | ३००२५००।०० | १०३२४५०।०० | ३४.३९ | २८६००००।०० | ३१७०००७।६० | ११०.८४ |
| बाह्य आय तर्फ | | ७३९४९५००।०० | ४७१५३५४७।०० | ६३.७६ | ७३३६१०००।०० | ६६०२११३७।६० | ८९.९९ |
| कुल जम्मा: | | १४८६२७५००।०० | १२५७३६८९५।०१ | ८४.६० | १८४९५००००।०० | १६२०७८९९७।०९ | ८७.६३ |

व्यय तर्फ:

| क्र. सं. | विवरण | आ.व. २०६५।०६६ को | | | आ.व. २०६६।०६७ को | | |
|---|---|---|---|---|---|---|---|
| | | अनुमान | जेठसम्मको यथार्थ | % | अनुमान | जेठसम्मको यथार्थ | % |
| १ | प्रशासनिक खर्च | २८४८९६००।०० | २१६१६२६१।०० | ७५.८७ % | ३५९४८५००।०० | २४०२११५०।७२ | ६६.८२ |
| २ | सामाजिक विकास तर्फ | ३३१५३७००।०० | १५९५७१६१।६२ | ४८.१३ % | ६८३४३५००।०० | ३५५४२०१७।६० | ५२.०० |
| ३ | साधारण पूँजिगत खर्च | १९५३०००।०० | ५२०१९७।५० | २६.६४ % | ३१०८०००।०० | ४१५८५२५।०० | १३३.८० |
| ४ | भवन निर्माण तथा मर्मत सम्भार | ६५२००००।०० | १३४०१८०।०० | २०.५५ % | ४२३००००।०० | ३४९३६६।४० | ८.२६ |
| ५ | सार्वजनिक विकास निर्माण | ७८५११२००।०० | ४७०१२२८४।२५ | ५९.८८% | ७३३२००००।०० | ७३७०३९०७।०० | १००.५२ |
| | जम्मा: | १४८६२७५००।०० | ८६४४६०८४।३७ | ५८.१६ % | १८४९५००००।०० | १३७७७४९६६।७२ | ७४.४९ |

यसरी हेर्दा गत आ.व.को जेष्ठ मसान्तसम्ममा जम्मा रु.८ करोड ६४ लाख ४६ हजार ०८४ र पैसा ३७ मात्र अर्थात कूल अनुमानको ५८.१६% प्रतिशत मात्र खर्च हुन सम्भव भएकोमा यस आ.व.को सोही अवधिमा जम्मा खर्च रु. १३ करोड ७७ लाख ७४ हजार ९६६ र पैसा ७२ मात्र अर्थात कूल व्यय अनुमानको ७४.४९% खर्च गर्न सम्भव भएको छ । यसरी गत आ.व.को तुलनामा यस वर्षको सोही अवधिमा यस नगरपालिकाले रु. ५ करोड १३ लाख २८ हजार ८८२ र पैसा ३५ बढी खर्च गर्न सफल भएको छ । यसको अर्थ नगरपालिकाले विगत वर्षहरुमा गरेको भौतिक निर्माणको लगानीभन्दा यस वर्षको लगानीको अनुपातमा वृद्धि भएको छ । जसले गर्दा जनताका धेरै मागहरु सम्बोधन हुन सकेको छ । त्यसमा पनि सडक, ढल, खानेपानी जस्ता सार्वजनिक निर्माणको क्षेत्रमा मात्र पनि गत वर्षको जेठ मसान्तसम्ममा भएको कूल लगानी रु. ४ करोड ७० लाख १२ हजार २८४ र पैसा २५ (५९.८८) को तुलनामा यस आ.व.को सोही अवधिमा रु. ७ करोड ३७ लाख ०३ हजार ९०७ र पैसा ०० (१००.५२) खर्च हुनुले धरान नगरपालिकाको भौतिक विकासको बढ्दो गतिलाई इंगित गरेको छ ।

# धरान नगरपालिका
# आ.व. २०६६।०६७ को प्रगति समीक्षा तथा
# आ.व. २०६७।०६८ को बजेट सारांश

यस नगरपालिकाको आ.व. २०६६।०६७ को स्वीकृत बजेट अनुसार यस आ.व.को जेठ मसान्तसम्ममा भएको आम्दानी र खर्च तथा आ.व. २०६७।०६८ को लागि नगर परिषद्बाट स्वीकृत बार्षिक बजेट सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

आय तर्फ:

| क्र. सं. | विवरण | आ.व. २०६६।०६७ को | | | आ.व. २०६७।०६८ को |
|---|---|---|---|---|---|
| | | अनुमान | जेठसम्मको यथार्थ | % | अनुमान |
| १ | विभिन्न कर, शुल्क तथा दस्तुरबाट | ३१६०००००।०० | २२३३२४८८।०० | ७०.६७ | ३७६७००००।०० |
| २ | स्थानीय विकास शुल्क | ३२७८२०००।०० | २९९८७०००।०० | ९१.४७ | ३२८०००००।०० |
| ३ | जि.बि.स.बाट प्राप्त | २५०००००।०० | ० | ० | २००००००।०० |
| ४ | जनसहभागिताबाट प्राप्त | १५००००००।०० | २०५२९४४७।०० | १३६.८६ | १५००००००।०० |
| ५ | गत वर्षको जिम्मेवारी | २९७०७०००।०० | २३२०८९२४।४९ | ७८.१३ | ४००००००।०० |
| | आन्तरिक आय तर्फ | १११५८९०००।०० | ९६०५७८५९।४९ | ८६.०८ | ९१४७००००।०० |
| ६ | स्थानीय निकाय अनुदान | १२०००००।०० | २५०००००।०० | २०८.३३ | २५०००००।०० |
| ७ | कृषि सडक अनुदान | ४००००००।०० | ४००००००।०० | १०० | ४००००००।०० |
| ८ | जि.वि.स.बाट सामाजिक सुरक्षा कार्यक्रम | २७००००००।०० | १३८९२०००।०० | ५१.४५ | २५००००००।०० |
| ९ | जगेडा कोष । सडक बोर्ड | १४५०००००।०० | ११०२१८०५।०० | ७६.०१ | १७५०००००।०० |
| १० | जनसहभागितामा आधारित कार्यक्रम | ३७०००००।०० | ० | ० | ० |
| ११ | थप स्थानीय विकास शुल्क | १४९४९०००।०० | १४९४९०००।०० | १०० | ० |
| १२ | जिल्ला शिक्षाबाट बाल बिकास र साक्षरता | १६५२०००।०० | १४१९५२५।०० | ८५.९३ | १६५२०००।०० |
| १३ | LGCDP | ३५०००००।०० | १५०६८८००।०० | ४३०.५४ | १५००००००।०० |
| १३ | अन्य संघसंस्थाबाट प्राप्त | २८६००००।०० | ३१७०००७।६० | ११०.८४ | ११००७५००।०० |
| | बाह्य आय तर्फ | ७३३६१०००।०० | ६६०२११३७।६० | ८९.९९ | ७६६५९५००।०० |
| | कुल जम्मा | १८४९५००००।०० | १६२०७८९९७।०९ | ८७.६३ | १६८१२९५००।०० |
| | बजेट घाटा | | | | ५००००००।०० |
| | कुल बजेट | | | | १७३१२९५००।०० |

व्यय तर्फ:

| क्र. सं. | विवरण | आ.व.२०६६।०६७ को | | | आ.व. २०६७।०६८ को |
|---|---|---|---|---|---|
| | | अनुमान | जेठसम्मको यथार्थ | % | अनुमान |
| १ | प्रशासनिक खर्च | ३५९४८५००।०० | २४०२११५०।७२ | ६६.८२ | ३८३०९५००।०० |
| २ | सामाजिक विकास तर्फ | ६८३४३५००।०० | ३५५४२०१७।६० | ५२.०० | ६८१५२०००।०० |
| ३ | साधारण पूँजिगत खर्च | ३१०८०००।०० | ४१५८५२५।०० | १३३.८० | ४२८३०००।०० |
| ४ | भवन निर्माण तथा मर्मत सम्भार र जग्गा खरिदको जम्मा | ४२३००००।०० | ३४९३६६।४० | ८.२६ | ६९४००००।०० |
| ५ | सार्वजनिक विकास निर्माण | ७३३२००००।०० | ७३७०३९०७।०० | १००.५२ | ५५४४५०००।०० |
| | जम्मा: | १८४९५००००।०० | १३७७७४९६६।७२ | ७४.४९ | १७३१२९५००।०० |

# आ.ब. २०६६।६७ को मुख्य गतिविधिहरू



❑ भक्तिराज शर्मा
सूचना अधिकृत

□ २०६६ मंसिरमा प्रमुख एवं कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलको नेतृत्वमा नगरपालिका संचालन दलीय संयन्त्रका प्रतिनिधिहरु धरानका विभिन्न समस्याहरुलाई लिएर काठमाण्डौ डेलिगेसन जाने काम भयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोग, आवास तथा भौतिक योजना मन्त्रालय, जलश्रोत मन्त्रालय, पर्यटन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, आपूर्ति मन्त्रालय, सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू लगायत विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरु भेट गरी धरानका खानेपानी, सर्दु, सेउती तथा खहरे तटवन्ध, क्षेत्रीय रंगशाला, एयरपोर्ट लगायतका प्रमुख समस्याहरु र तिनका समाधानका लागि विशेष पहल गरिदिन अनुरोध गरिएको थियो।

□ हरेक वर्ष जुन २३ का दिन मनाइने OLYMPIC DAY सन २०१० मा धरानमा मनाउने भनी नेपाल ओलम्पिक कमिटीको निर्णय अनुसार मिति २०६७।०३।०३ देखि ९ सम्म विभिन्न कार्यक्रमहरुको आयोजना गरी सप्ताहब्यापी रुपमा भव्यताका साथ मनाईयो। यसका लागि धरान नगरपालिका कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलज्यूको संयोजकत्वमा नगरपालिका दलीय संचालन राजनीतिक संयन्त्रका प्रतिनिधिहरुको सल्लाहकार समिति रहेको, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु साथै व्यक्तिहरु रहेको ५०१ सदस्य रहने गरी मूल समिति गठन गरिएको थियो। महामहिम उपराष्ट्रपति श्री परमानन्द झाज्यूको विषेश आतिथ्यमा ओलम्पिक डे धरान रंगशालामा मनाईएको थियो। उक्त ओलम्पिक डे को अवसरमा सञ्चालन गरिएका विभिन्न खेलप्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण, पूर्व खेलाडीहरुको सम्मान र मायाको चिनो तथा प्रमाणपत्र वितरण गरिएको थियो।

□ २०६६ असोज ५ गते "बदलिदो परिस्थितिमा नगरपालिकाको दायित्व 'शान्ति, सुरक्षा र युवाहरुको भूमिका" विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री हरिकृष्ण उपाध्यायज्यूको प्रमुख आतिथ्य तथा धरान नगरपालिका संचालन दलीत संयन्त्रका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि, पत्रकार, समाजवेसी, धरानवासी लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रम धरान ८ सभा गृहमा धरान नगरपालिका र नागरिक सरोकार तथा

अनुगमन मंचको संयुक्त आयोजनामा सम्पन्न भएको थियो ।

- २०६७ आषाढ २९ गते "धरानको विकासको सम्भावना र उत्तरदायित्व" विषयक सार्वजनिक सुनुवाई कार्यक्रम मोतीस्मृति भवनमा सुनसरीका प्रमुख जिल्ला अधिकारी श्री रामप्रसाद थपलियाज्यूको प्रमुख आतिथ्य तथा धरान नगर पालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलज्यूको सभापतित्वमा सम्पन्न भयो । सो कार्यक्रममा धरान नगरपालिकाका शाखा प्रमुखहरु, धरान नगरपालिका संचालन दलीय संयन्त्रका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि, पत्रकार, समाजवेसी लगायत धरानवासी तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो भने उक्त कार्यक्रम धरान नगरपालिका र नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति सुनसरीको संयुक्त आयोजनमा सम्पन्न भएको थियो ।

- धरानको खानेपानी व्यवस्थापन तथा जलाधार क्षेत्र संरक्षण गर्नका लागि धरान एकीकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन कोषको स्थापना गरिएको छ । साथै धरानको दीर्घकालीन खानेपानीको समस्या समाधान गर्नको लागि खानेपानी बोर्डको गठन गर्ने समेत शुरुवात गरिएको छ । त्यस्तै धरान नगरपालिकाले नगर क्षेत्रको खानेपानीको दीर्घकालीन समाधानका लागि प्रारम्भिक अध्ययन गराई प्रतिवेदन प्राप्त गरेको र सो प्रतिवेदनको आधारमा सप्तकोशीबाट पानी ल्याउने सम्बन्धी विस्तृत परियोजना प्रस्ताव तयार गर्ने निर्णय भएको छ ।

- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत धरान नगरपालिकाको ३ वर्षे क्षमता विकास योजना (CD Plan) तयार गरियो । सो योजना अनुसार प्रथम वर्ष (आ.व. २०६६।६७) मा नगरपालिका संचालन दलीय संयन्त्रकाका लागि दृष्टिकोण परिवर्तनका लागि सकारात्मक सोच विषयक १ दिने, संयन्त्रकै लागि १ दिने योजना अनुगमण तथा मूल्यांकन विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो । त्यस्तै सोहि योजना अनुसार नरपालिकाका विभिन्न शाखा उपशाखामा कार्यरत ७० जना कर्मचारीहरुलाई २ चरणमा ३, ३ दिनको गरी दृष्टिकोण परिवर्तनका लागि सकारात्मक सोच विषयक तालिम प्रदान गरियो । त्यस्तै धरान, इटहरी र धनकुटा नगरपालिकाका दलीय संयन्त्रका पदाधिकारीहरुका लागि ३ वटा नगरपालिकाको संयुक्त आयोजनामा १ दिवशीय सुशासन सम्वन्धि अनुशिक्षण कार्यक्रम समेत सचालन गरिएको थियो ।

- शहरी विकास तथा भवन निर्माण विभाग र udle/GTZ को सहयोगमा धरान नगरपालिकाको पञ्च वर्षिय (२०६७ देखि २०७२) आवधिक योजना बनाईएको छ । त्यसका लागि नगरपालिकाको दीर्घकालीन दृष्टिकोण

तयार गर्ने गोष्ठी सम्पन्न भई उक्त गोष्ठीले नगरपालिकाको भिजन "शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय, समृद्ध शहर" तयार गरिएकोछ। उक्त आवधिक योजना तयारका लागि सिमेका कन्सल्टेन्सीको प्राविधिक सहयोग रहेको थियो।

- SEAM-N ले आयोजना गरेको पूर्वाञ्चलका नगरपालिकाका कार्यकारी अधिकृतहरुलाई Land Fill Site Management & Urban Management विषयक चीनको वेजिङ तथा गन्जाओ शहरको भ्रमण कार्यक्रममा धरान नगरपालिकाका कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलज्यूको सहभागिता रहेको थियो।

- धरानमा रहेको रंगशालालाई व्यवस्थित गर्ने क्रममा कम्पाउण्ड वाल निर्माण कार्य भई रहेको छ। त्यसका लागि गत आ.व.मा धरान नगरपालिकाले रु १० लाख लगानी गरेको छ भने धरान यू.के. मञ्चबाट रु ५० लाख सहयोग प्राप्त भएको र प्रवेशद्वार (मूलगेट) निर्माण गर्न धरान हङकङ मञ्चबाट रु १२ लाख सहयोग प्राप्त भएको थियो।

- धरान सरोकार समाज काठमाण्डौको गठन भै धरानको खानेपानी समस्या समाधान तर्फ श्रोत संकलन तथा केन्द्रिय स्तरमा पहल तीव्र पारिएको छ। यस कार्यका लागि मिति २०६६ जेष्ठ २९ मा दीप श्रेष्ठ एकल साँझ कार्यक्रम काठमाण्डौमा सम्पन्न गरिएको छ।

- धरान हङकङ मञ्चको निमन्त्रणामा धरान नगरपालिकाका कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलज्यूको नेतृत्वमा ५ सदस्यीय भ्रमण टोली २०६७ जेष्ठ २ देखि १० गतेसम्म हङकङको सद्भावना भ्रमण गरेको।

- मिति २०६६।०९।२१ गते कार्यकारी अधिकृतको संयोजकत्वमा ७ सदस्यीय सुशासन समिति गठन गरिएको छ भने उक्त समितिले ११ नं. वडामा नमुनाको रुपमा व्यक्तिगत घटना दर्ता घुम्ती सेवा संचालन गरेको छ। समितिले सवै वडा समिति कार्यालयहरुमा उजुरी पेटिकाको व्यवस्था गर्ने निर्णय गरेको छ भने लिखित तथा मौखिक गुनासोहरुको सुनुवाई गर्ने गरेको छ।

- वडा नं. १७ मा रहेको सप्तरंगी पार्कलाई व्यवस्थित तथा विकास गर्दै लाने सिलसिलामा कलाकार विक्रम श्रीबाट सप्तरंगी झल्कने स्तम्भ, भुलभुलैया (Puzzle Way) निर्माणको कार्य थालनी गरिएको छ।

- श्रीमान् सचिवज्यू (स्थानीय विकास मंन्त्रालय) बाट धरान नगरपालिकाभित्र रहेको वातावरण नेटवर्कले संचालन गरेको पुनः प्रयोग केन्द्रको अवलोकन भै निर्देशन भएको। (२०६६ भदौ १९ गते)।

- खुल्ला दिशा मुक्त क्षेत्र अभियान अन्तर्गत धरान नगरपालिका क्षेत्रका विभिन्न वडाका टोलहरुमा ५० समूहमा २००० जनालाई अनुशिक्षण कार्यक्रम संचालन गरियो। जस

अन्तर्गत ७५० घरधुरीलाई प्यान पाईप, ३६० घरधुरीलाई रिंग ढक्कन वितरण (३ रिंग तथा १ ढक्कनका दरले) वितरण गरियो ।

- विश्व वातावरण दिवश २०१० (जुन ५) लाई सप्ताहव्यापी कार्यक्रमहरु संचालन गरी मनाईयो । सर्वपक्षिय सरसफाई र्‍याली: जेष्ठ २२ गते, पुष्प प्रदर्शनी (टोल स्तरीय वातावरण समूहहरुको): जेष्ठ २३ गते, वातावरण स्टल प्रदर्शनी (३R अवधारणामा): जेष्ठ २२ देखि २८ र टोल स्तरीय वातावरण समूहहरुलाई अनुदान वितरण: जेष्ठ २८ ।
- नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र (MRLC) लाई सहयोग गर्न जर्मन विकास सेवा (DED) बाट प्राविधिक सल्लाहकार (TA) जुडित फ्लिपसन आउनु भएको ।
- महिला तथा घरेलु हिसांको विरुद्धमा नि:शुल्क परामर्श सेवाका लागि २१ सदस्यीय नगर स्तरीय पारालिगल कमिटीको गठन गरिएको छ भने १६ वटा वडाहरुमा वडा स्तरीय कमिटीको गठन गरिएको छ । आ.व. २०६६।६७ मा २१ निवेदन उपर परामर्श सेवा प्रदान गरिएको छ ।
- एशियाली विकास बैंक (ADB) को सहयोगमा सन् २०१० र ११ दुई वर्षका लागि धरानमा सार्वजनिक निजी साझेदारी (PPP) कार्यक्रम लागु गर्ने सम्बन्धमा धरान नगर पालिका, संयुक्तसंघीय विकास कार्यक्रम (UNDP) द्वारा संचालित शहरी वातावरणका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम (PPPUE) र उद्योग बाणिज्य संघ, सुनसरी बीच सम्झौता सम्पन्न भई कार्यक्रम लागु भएको ।
- एशियाली विकास बैक (ADB) को सहयोगमा संचालन हुने Integrated Urban Infrastructure Development Program (IUIDP) का लागि नेपाल सरकार – शहरी विकास तथा भवन निर्माण मन्त्रालयबाट नेपालका ३ वटा नगरपालिकाहरु छनौट गर्ने क्रममा उक्त कार्यक्रमको लागि धरान नगर पालिका पनि छनौटमा परेको छ ।
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ बमोजिम एक पटक लागु गरिएको एकीकृत सम्पत्ति कर ५ वर्षसम्म परिवर्तन गर्न नपाईने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०६५।०६६ मा पहिलो पटक पुनरावलोकन गरी लागू गरिएकोमा हाल पुन: ५ वर्ष पुरा भएकोहुंदा आर्थिक वर्ष २०६७।२०६८ मा पुनरावलोकन गरिएको एकीकृत सम्पत्ति कर लागु गर्न आ.व. २०६६।०६७ मा एकीकृत सम्पत्ति कर मूल्यांकन समिति गठन गरी नयाँ दररेट कायम गर्ने कार्य सम्पन्न भएको छ । उक्त समितिको सिफारिसमा नयाँ दररेट आ.व. २०६७।६८ देखि लागू गरेको छ ।

- आ.व. २०६६।६७ मा नगरपालिका संचालन दलीय संयन्त्रको जम्मा ३२ वटा वैठकहरु बसेको थियो भने उक्त बैठकहरुमा

विभिन्न विषयहरु सर्वसम्मत निर्णय गरिएको थियो । आ.व. २०६६।६७ को अन्त्य सम्ममा नगरपालिका संचालन दलीय संयन्त्रमा १२ वटा दलहरुको प्रतिनिधित्व रहेका छ ।

□ आ.व. २०६६।६७ मा नगरपालिका कार्य समितिको बैठक (बोर्ड बैठक) जम्मा १६ पटक बस्यो । नगरपालिका संचालन दलीय संयन्त्रमा भएका सहमतिको आधारमा नगरपालिका बोर्ड बैठकबाट निर्णय हुने गर्दछ । संयन्त्रलाई सहज बनाउनका लागि विभिन्न विषयगत समितिकोहरुको निर्माण गरिएको र सो समितिको सिफारिसमा निर्णयहरु अगाडी बढाईने गरेको । आदिवासी तथा जनजाति सम्वन्धि विषय कार्यक्रमहरु जनजाती महासंघ, सुनसरीले सिफारिस गर्ने गरेको तथा दलीय समन्वय समितिको सिफारिसमा दलित सम्वन्धि कार्यक्रम हेर्ने गरिएको छ ।

□ धरान नगरपालिकाको १४ औ नगर परिषद् २०६७ असार १५ गते शुरु भई २० गते सम्पन्न भयो भने ३० गते नगर परिषद्बाट पारित नीति कार्यक्रम तथा बजेटलाई सार्वजनिक गरियो ।

**आ.ब. २०६७।६८ मा नगरपालिका संचालन दलीय संयन्त्र पदाधिकारीज्यूहरु**

| क्र.सं | नाम पार्टि तथा पद | मो.फो.नं. |
|---|---|---|
| १ | श्री चोत्लुङ - नगर इन्चार्ज, एकिकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | ९८५२०४६९१८ |
| २ | श्री किशोर राई -सभापति, नेपाली काङग्रेस धरान नगर कमिटी | ९८४२०४१२७९ |
| ३ | श्री तारा सुब्बा -अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी (ए.मा.ले.) धरान नगर कमिटी | ९८५२०४५०५६ |
| ४ | श्री गोवर्द्धन शाह -अध्यक्ष, सदभावना पार्टी धरान नगर कमिटी | ९७४२००२२९३ |
| ५ | श्री विवेक राई -धरान नगर इन्चार्ज, राष्ट्रिय जनमुक्ति पार्टी | ९८०४३२९६२५ |
| ६ | श्री मोहन मगराती -प्रतिनिधि, नेकपा (एकिकृत) | ९७४२००२२९२ |
| ७ | श्री कुमार थाक्सुहाङ्ग -प्रतिनिधि मञ्च सम्वन्ध संघिय लिम्बुवान राज्य परिषद | ९८०४३३३४३२ |
| ८ | श्री लखन शाह -प्रतिनिधि, मधेसी जनअधिकार फोरम नेपाल | ९८४२०३९४६७ |
| ९ | श्री कमला खडका तामाङ-प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | ९७४२०१४३९२ |
| १० | श्री जितेन्द्र विश्वकर्मा -प्रतिनिधि दलित जनजाती पार्टी | ९८४२०३७८८३ |
| ११ | श्री विष्णु पाण्डे -प्रतिनिधि नेकपा संयुक्त | ९८०३२१३८६४ |
| १२ | श्री मनोहर काकी -प्रतिनिधि राष्ट्रिय जनशक्ति पार्टी | ९८०७३६६०८१ |

**विषयगत समितिहरू**

(क) योजना अनुगमन तथा जांचपास समिति –एकराज कोइराला–एकीकृत नेकपा माओवादी - संयोजक
(ख) खेलकुद विकास समिति –नरेन्द्र चोङ्गवाङ्ग– एकीकृत नेकपा माओवादी - संयोजक
(ग) अनुगमन समिति –किशोर राई –नेपाली कांग्रेस - संयोजक
(घ) सामाजिक विकास समिति –तारा सुव्वा प्रतिनिधी –नेकपा एमाले - संयोजक
(ङ) महिला विकास समिति –गोवर्द्धन शाह प्रतिनिधि – सद्भावना पार्टी - संयोजक
(च) पेश्की फर्स्यौट समिति –मोहन मगराती –प्रतिनिधी –नेकपा एकीकृत - संयोजक
(छ) कला, साहित्य र संस्कृति समिति – विवेक राई प्रतिनिधी – राष्ट्रिय जनमुक्ती पार्टी - संयोजक



कानुन सहायक- रामकुमार राई

# धरान नगरपालिकाको कानून तथा न्याय उपशाखा : एक झलक

धरान नगरपालिकाले आफ्नो स्थापना कालदेखि हालसम्म नगरबासीहरुको हितका साथै धरानको समग्र विकास गरी सम्वृद्ध नगर बनाउनका निमित्त विभिन्न सार्वजनिक सरोकारका कार्यहरु गर्दै आएको कुरा सर्वविदितै छ । त्यता सार्वजनिक कार्य गर्ने क्रममा कुनै कुनै पक्षबाट यस नगरपालिकाको निर्णय एवं कामकार्वाही विरुद्ध सम्मानित अदालतहरुमा विभिन्न किसिमका रीट एवं फिरादपत्रहरु दायर हुँदै आएको र नगरपालिकाले पनि त्यसको प्रतिवाद गर्दै आएको छ ।

तत्कालिन अवस्थामा धरान नगरपालिका विरुद्ध पर्ने मुद्दा मामिलाहरुको प्रतिवाद एवं प्रतिरक्षाका निमित्त नगरपालिकाले विभिन्न समयमा विभिन्न कानूनी सल्लाहकारहरुको व्यवस्था गर्दै आएको पाईए तापनि मुद्दाको प्रतिवाद गर्न प्रमाणको रुपमा आवश्यक पर्ने कागजातहरु समयमै कानूनी सल्लाहकारलाई उपलब्ध गराउने र कानूनी सल्लाहकारबाट मिसिलहरुको जिम्मा लिने दिने कुराको उचित व्यवस्थापन गर्ने शाखा, उपशाखा तथा कर्मचारीको व्यवस्था नभएको कारण नगरपालिकासंग सम्बन्धीत त्यस्ता मुद्दा मामिलाहरुको फैसला कार्यान्वयन गर्ने, मुद्दाहरुको मिसिलहरु बरबुझारथ गर्ने र सम्पन्न भएको मुद्दाहरुको मिसिलहरु सुरक्षित ढंगले राख्ने तथा अभिलेखिकरण गर्ने कार्य भएको थिएन । यस कुरालाई नगरपालिकाले पूर्ण रुपमा महशुस गरी आफनो संगठानिक संरचनाको प्रशासन शाखा अन्तर्गत कानून तथा न्याय उपशाखाको गठन गरी आ.व. २०६४/०६५ देखि सहायकस्तर पाँचौ तहको कानून सहायक एक जना, सहायकस्तर चौथो तहको खरिदार एक जना र कार्यालय सहयोगी एक जना गरी जम्मा तीन जना कर्मचारीको व्यवस्था गरेको छ । उक्त उपशाखामा कर्मचारीहरु तोकिदिए देखि यो उपशाखाले नगरपालिका विरुद्ध परेका विभिन्न विषयका मुद्दाहरुलाई कानूनी सल्लाहकार मार्फत प्रतिउत्तर फिराउने, आवश्यक प्रमाणहरु जुधाउने, मिसिलहरु सुरक्षित साथ राख्ने र फैसलाहरुलाई उतार गर्ने र आवश्यक कार्वाही अगाडि बढाउने कार्य गर्दै आइरहेको छ । यस उपशाखाले गर्ने प्रमुख कार्यहरु जानकारीको लागि देहाय बमोजिम बुंदागत रुपमा प्रस्तुत गरिएको छ ।

**क. नगरपालिकाको तर्फबाट मुद्दाहरुको प्रतिवाद गर्नेः-**

धरान नगरपालिका एक स्वशासित र संगठित संस्था भएकोले यो संस्थाले स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले तोकिएको कार्य सम्पन्न गर्ने सिलसिलामा नगरबासीहरुको आर्थिक, सामाजिक तथा भौतिक विकास हुने कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । यस्ता कार्यक्रमहरु संचालन गर्ने क्रममा र प्रचलित कानून बमोजिमको सिफारिसहरु गर्ने क्रममा कसैले उक्त कार्य गरेको विषयलाई लिएर नगरपालिका विरुद्ध सम्मानित अदालतहरुमा रीट निवेदन तथा फिराद गर्ने भएकोले नगरपालिकाको तर्फबाट पनि मुद्दाको प्रतिवाद तथा प्रतिरक्षा गर्नुपर्ने हुन्छ । यसका लागि कानून तथा न्याय उपशाखाले आवश्यक प्रमाणहरु सहित कानूनी

सल्लाहकारसंग समन्वय गरी प्रतिवाद तथा प्रतिरक्षा गर्ने काम गर्दै आएको छ भने सम्मानीत अदालतहरुबाट हुने फैसलाहरुको कार्यान्वयन समेत यस उपशाखाले गर्दै आएको छ । तर विगतका वर्षहरु भन्दा हालका वर्षहरुमा धरान नगरपालिकाले स्थानीय नगरबासीहरुको सहमति तथा स्वीकृतिमा नगरपालिकाको दृष्टिकोण, नीति नियम र उनीहरुको माग बमोजिम विभिन्न विकास निर्माण तथा अन्य सामाजिक कार्यहरु संचालन गर्दै आएकोले हाल नगरपालिकाले गरेको कामको विरुद्ध मुद्दा दायर गर्ने क्रम घटेको छ । नगरपालिका विरुद्ध आर्थिक वर्ष २०६३/२०६४ देखि आ.व. २०६६/२०६७ सम्म परेका मुद्दा तथा फैसलाहरु विवरणमा तपशिलमा उल्लेख भए अनुसार रहेको छ ।

**ख. उजुरी तथा गुनासाहरुको छानविनः-**

नगरपालिका कार्यालयको कुनै शाखा, उपशाखा, एकाइ तथा वडा समितिको कार्यालय लगाएत नगरपालिकाको कुनै कर्मचारीहरुले  गरेको कामको विषयमा चित्त नबुझने नगरवासीहरुले पेश गरेको लिखित तथा मौखिक उजुरीहरु र गुनासाहरुलाई प्रमुखको आदेश अनुसार यस उपशाखाले निष्पक्ष रुपमा छानविन गरी आवश्यक सुनुवाई समेत गर्ने गरेको छ ।

**ग. कानूनी राय तथा परामर्श उपलब्ध गराउनेः-**

यो उपशाखाले नगरपालिकाको अन्य विभिन्न शाखा, उपशाखा, एकाई तथा वडा समितिको कार्यालयबाट कुनै विषयमा काम गर्नुपर्दा कानूनी व्यवस्था के कस्तो छ ? भनी राय तथा परामर्श माग भै आएमा सो विषयमा कानूनी  राय तथा परामर्शहरु उपलब्ध गराउने व्यवस्था समेत गरेको छ । साथै यो उपशाखाले स्थानीय नगरवासीहरुबाट पनि कुनै विषयमा कानूनी राय सल्लाह माग भै आएमा समेत कानूनी राय सल्लाह उपलब्ध गराउने गरेको छ ।

**घ. दुई पक्ष विचको विवादहरु मिलाउन पहल गर्नेः-**

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा उल्लेख भएको न्यायिक अधिकार सम्बन्धि व्यवस्था आफ्नै उपदफाले गर्दा निस्कृय रहेको भएतापनि नगरपालिका स्थानीय जनताको साह्रै नजिकको निकाय भएकोले दुई पक्ष विच हुने सांध सिमाना, घरजग्गा, कम्पाउण्डवाल, कूलो, बाटो, सरसफाई, ध्वनि प्रदुषण, लेनदेन, सांधसिमानाको रुख काट्ने, बाली आर्मल तथा घरजग्गाको हकभोगका विषयमा हुने वादविवादहरुको सम्बन्धमा नगरपालिकामा निवेदन दिने र सो निवेदन उपर दुई पक्षलाई हाजिर गराउने, छलफल गराउने र कानूनी तथा सामाजिक विषयमा सम्झाई बुझाई गर्ने र सहमति गराउने सम्मको काम यस उपशाखाबाट हुने गरेको  छ। दुई पक्ष विचको वादविवादको क्रममा कुनै प्राविधिक कुराहरुको समेत छिनोफानो गर्नुपर्ने भएमा सम्भव भएसम्म नगरपालिकाको प्राविधिकहरुबाट र नभएमा अन्य सरकारी प्राविधिकहरु झिकाउने र उनीहरुले दिएको प्रतिवेदनको आधारमा छलफल र सहमति समेत गराउने गरिएको छ । तर सहमति नभएमा दुबै पक्षको कुरा राखी सम्बन्धित निकायमा जान जनाउ दिने कार्य समेत गर्दै आएको छ र हालसम्म यस उपशाखामा परेका यस्ता निवेदनहरु मध्ये ८० प्रतिशत जति विवादहरुलाई यस उपशाखाले सहमति गराउन सफल भएको छ ।

**ङ. सुशासन सम्बन्धी काम गर्नेः-**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रस्तावना, सिद्धान्त र नीतिहरुमा व्यवस्था भएको कुराको प्रत्याभूति दिन र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन-२०६४ तथा नियमावली-२०६५ बमोजिम नगरवासीमा सुशासनको समेत प्रत्याभूति दिनुपर्ने काम नगरपालिकाको रहेको छ। यस विषयमा यो उपशाखाले सुशासन एकाईको काम समेत गर्दै आएको छ। सुशासन (व्यवस्थापन तथा संचालन) ऐन तथा नियमावली व्यवस्था भए बमोजिम यस नगरपालिकाले नागरिक वडापत्रहरु प्रकाशित गरिसकेको छ भने स्थानीय नगर वासीहरुको जनगुनासाहरुको सुनवाईका लागि सम्पूर्ण वडाहरुमा गुनासा पेटिका (Complain Box) को समेत व्यवस्था गरेको छ ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा-२६ बमोजिमको कामको लागि यस नगरपालिकाले तत्कालका लागि नगरपालिकाबाट उपलब्ध सेवाहरु मध्ये व्यक्तिगत घटना दर्तालाई नगर पालिका कार्यालय रहेको स्थानबाट टाढा रहेका वडा तथा टोलहरुमा गै घुम्ती सेवा समेत संचालन गर्न थालेको छ । आ.व. २०६५/२०६६ मा धरान नगर पालिका वडा नं. ११ का वडावासीहरुको सुविधाका लागि वडा समितिको कार्यालयमा मिति २०६६।०३।२२ र २३ गते (दुई दिने)सम्म घुम्ती सेवा समेत संचालन गरी त्यस वडाका वडावासीहरुलाई जन्म दर्ता, विवाह दर्ता तथा मृत्यु दर्ता सम्बन्धी सेवाहरु उपलब्ध गराईएको थियो भने यो दुईदिने कार्यक्रमबाट विषेश गरी पिछडिएका र आर्थिक रुपमा कमजोर परिवारका २५० सेवाग्राहीहरु लाभाविन्त भएका थिए । यस्तो घुम्ती सेवाको माग अन्य वडाहरुको पिछडिएका र टाढाका वस्तीहरुबाट आइरहेको हुनाले निकट भविश्यमा पनि नगरपालिको अन्य शाखा उपशाखाहरुसंग समन्वय गरी यस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

**च. विभिन्न सिफारिसहरु गर्ने:-**

यस उपशाखाले विषेश गरी मुलुकी ऐनको अ.वं. ७२ (५) र अ.वं. ८३, महल-१२ लोग्नेस्वास्नी अन्तर्गत दफा-१ (क) तथा कोर्ट फि ऐन २०१७ (तेश्रो संसोधन २०५०) को दफा-२३(ख) बमोजिमको सिफारिस समेत यस उपशाखाले गर्ने गरेको छ ।

**छ. उजुरी तथा मुद्दा मामिलाहरुको उचित अभिलेखिकरण गर्ने :-**

नगरपालिकाबाट यो उपशाखाको स्थापना गर्नु अघि नगरपालिकाबाट हुने यस्ता वादविवाद तथा मुद्दा मामिलाहरुको व्यवस्थित अभिलेख भएको पाईन्दैन तर आ.व. २०६४/२०६५ देखि भने यस उपशाखाले धरान नगरपालिकाको मुद्दा मामिला र कुनै दुई पक्ष विच हुने वादविवादहरुको अभिलेख व्यवस्थित ढंगले राख्ने गरेको छ । जसले गर्दा हालसम्मको सम्पूर्ण सूचनाहरु तुरुन्त पाउन सकिन्छ ।

आ.व. २०६४/२०६५ देखि आ.व. २०६६/२०६७ सम्ममा यस नगरपालिकाको कानून तथा न्याय उपशाखामा परेका निवेदन तथा उजुरीहरुको साथै नगरपालिका विरुद्ध परेका मुद्दा र सम्पन्न भएका कामहरुको विवरण तपशिल बमोजिम रहेको छ ।

**तपशिल**

| कामको विवरण | निवेदन दर्ता | कार्य सम्पन्न | सम्पन्न हुन बांकी |
|---|---|---|---|
| नगरपालिका विरुद्ध दर्ता भएको मुद्दाहरुको संख्या | ८ | ७ | १ |
| सम्बन्ध विच्छेद सम्बन्धी निवेदनको संख्या | २० | १५ | ५ |
| सांध सिमाना सम्बन्धी निवेदनको संख्या | १९ | १३ | ६ |
| घरजग्गा सम्बन्धी निवेदनको संख्या | १६ | १२ | ४ |
| कोठा खाली गर्ने सम्बन्धी निवेदनको संख्या | ८ | ८ | ० |
| सार्वजनिक कुलो सम्बन्धी निवेदनको संख्या | ४ | ४ | ० |
| सार्वजनिक बाटो सम्बन्धी निवेदनको संख्या | १६ | १२ | ४ |
| रोक्का सम्बन्धी निवेदनको हालसम्मको संख्या | १२ | १० | २ |
| अन्य विविध उजुरी सम्बन्धी निवेदनको संख्या | २१ | १८ | ३ |
| विभिन्न सिफारिस सम्बन्धी निवेदनको संख्या | ५२१ | ५२१ | ० |

# धरान नगरपालिकामा सार्वजनिक निजी साझेदारी कार्यक्रम



लेखा अधिकृत-भेषराज अधिकारी

**पृष्ठभूमि:**

धरान नगरपालिकाले विगतदेखि नै आफूले गर्नुपर्ने विभिन्न कामहरुमा निजी क्षेत्र (खासगरी उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरु)को सहभागितालाई ठूलो महत्व दिई विकास निर्माणका हरेक क्रियाकलापहरुमा जनसहभागिता वा साझेदारीको अवधारणालाई आत्मसात गर्दै आएको छ । खासगरी सडक तथा ढल, वडा समिति कार्यालयहरु र विभिन्न सामुदायिक भवनहरुको निर्माण जस्ता पूर्वाधार विकासमा निजी क्षेत्र, खासगरी स्थानीय उपभोक्ताहरुको सहभागिताले यस नगरको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

निश्चित क्षेत्रमा मात्र हुने गरेको यस्तो सहभागितालाई संस्थागत र व्यवसायिक रुपमा नै अन्य क्षेत्रहरुमा, खासगरी आय आर्जनका योजनाहरुमा समेत लागु गर्ने प्रयास विगतदेखि नै भइरहेकोमा नगरपालिका तथा निजी क्षेत्रमा समेत सार्वजनिक निजी साझेदारीसम्बन्धी जानकारी र सो सम्बन्धी आवश्यक नीतिगत व्यवस्थाको अभावको कारणले पूर्ण रुपमा सफल हुन नसकेको तीतो यथार्थ हामीसँग छ । व्यवस्थितरुपमा नगरपालिकाको खर्च वा लगानी बचत गरी आय आर्जनको क्षेत्रमा बढोत्तरी गर्न र सार्वजनिक चासोको बिषय तथा आय आर्जनको क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन आवश्यक वातावरण सिर्जना गर्ने प्रयासको फलस्वरुप धरान नगरपालिका कार्यालय, स्थानीय उद्योग वाणिज्य संघ र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) बाट संचालित शहरी गरिबी न्यूनीकरणको लागि सार्वजनिक निजी साझेदारी विकास कार्यक्रम (PPPUE) बीच सम्झौता भई यही सन् २०१० देखि एशियाली विकास बैंकको सहयोगमा यस नगर पालिकामा पनि तत्काल २ बर्षको लागि उक्त कार्यक्रम लागु भएको छ ।

**वर्तमान अवस्था:**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) बाट संचालित शहरी गरीबी न्यूनीकरणको लागि सार्वजनिक निजी

साझेदारी विकास कार्यक्रम (PPPUE) ले नगर पालिकामा संस्थागत रुपमा सार्वजनिक निजी साझेदारी कार्यक्रम लागु गर्न प्राविधिक तथा केही नमुना परियोजनाहरुमा वित्तीय सहयोग समेत पुऱ्याउँछ । यसका साथै नेपाल सरकार र नगरपालिकाहरुको लागि नीतिगत व्यवस्थाको लागि सहयोग तथा नगरपालिका र सम्बन्धित सरोकारवालाहरुको क्षमता विकासको लागि विभिन्न बिषयहरुमा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सार्वजनिक निजी साझेदारी कार्यक्रमतर्फ सचेत गराउन सहयोग पुऱ्याउँछ । यसै कार्यक्रमको सहयोगको लागि उद्योग वाणिज्य संघ, सुनसरीमा एकजना फोकल पर्सन, नगर पालिकामा एकजना संयुक्त राष्ट्रसंघीय स्वयंसेवक संस्थाबाट स्वयंसेविका (UNV) र धरानमा नै आधारित रही पूर्वाञ्चल क्षेत्र नै हेर्ने गरी एकजना फिल्ड कोओर्डिनेटिङ अफिसरको पनि व्यवस्था भएको छ । यसबाट धरानमा हुने कामहरुमा अझ थप र प्रत्यक्ष सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

२०१० जनवरीदेखि यस नगरपालिकामा सार्वजनिक निजी साझेदारी कार्यक्रम लागु भएपछि शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम (PPPUE) को सहयोगमा देहायका कार्यक्रमहरु संचालन भएका छन् ।

१. स्वस्तिका गौरा मार्ग खानेपानी आयोजना, वडा नं. १३ (कार्य सम्पन्न)
२. खानेपानी र फोहर मैला व्यवस्थापन तथा खेर जाने पानीको व्यवस्थापन सम्बन्धी अध्ययन (कार्य सम्पन्न)
३. शहरी सेवा केन्द्र निर्माण, वडा नं ६, भानुचौक (डिजाइनको काम शुरु भएको)
४. नगरका सम्भाव्य साझेदारी कार्यक्रमहरुको अध्ययन कार्य (अन्तिम प्रतिवेदन आउने क्रममा रहेको)
५. नगरपालिकाले उपलब्ध गराइरहेको सेवा सुविधा सम्बन्धमा आधारभूत अध्ययन (अन्तिम प्रतिवेदन आउने क्रममा रहेको)

**तत्कालीन कार्यक्रमहरु:**

यस नगरपालिकामा सार्वजनिक निजी साझेदारी अन्तर्गत संचालन गर्न सकिने सम्भाव्य परियोजनाहरुको अध्ययन कार्य समाप्त भई अन्तिम प्रतिवेदन प्राप्त हुन मात्र बाँकी भएकोले सो प्रतिवेदन प्राप्त भएपछि सोही प्रतिवेदनमा आधारित रहेर अन्य कार्यहरु गर्दै लगिने भएपनि तत्कालको लागि देहायका कार्यक्रमहरु सार्वजनिक निजी साझेदारीको प्रकृयाबाट अघि बढाउन नगरपालिकाको सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समितिले निर्णय गरी प्रक्रिया अघि बढाएको छ ।

१. सरोकारवालाहरुको लागि सार्वजनिक निजी साझेदारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम,
२. वडा नं. १३ फुस्रेमा बायोग्याँस उत्पादन,

३. वडा नं. ५, महेन्द्रपथमा फूटपाथ व्यवस्थापन र स:शुल्क पार्किङ,
४. वडा नं. १३, कृषि उपज बजारको हाताभित्र पशु बधस्थल निर्माण,
५. फोहरमैला पुन: प्रशोधन कार्य र
६. पार्क व्यवस्थापन तथा संचालन (औद्योगिक क्षेत्र अगाडि र रजत जयन्ती पार्क)

यी कार्यक्रमहरुको लागि उचित साझेदारको चयन र संचालन कार्य तत्काल अघि बढाइनेछ ।

**भावी कार्यक्रमहरु:**

नगरपालिकाले PPPUE को सहयोग समेतमा यस नगरमा संचालन गर्न सकिने सम्भाव्य परियोजनाहरुको अध्ययन तथा छनौट गरिरहेको छ । परियोजनाहरुको अन्तिम छनौट भइसकेपछि पूर्णरुपमा सार्वजनिक निजी साझेदारीमा ती परियोजनाहरु संचालन गर्नको लागि आवश्यक प्रकृया अघि बढाइनेछ । यसबाट नगरपालिकाले ती क्षेत्रहरुमा गर्नुपर्ने लगानीको भार कम हुन गई अन्यत्रको लगानी बढाउन सकिने र निजी क्षेत्रले सुरक्षित लगानीको अवसर प्राप्त गर्नेछ भने आम जनता वा उपभोक्ताहरुले गुणस्तरीय सेवा सुविधा प्राप्त गर्न सक्नेछन् । हालसम्मको अध्ययन तथा छलफलबाट आएका सम्भाव्य परियोजना तथा कार्यक्रमहरु निम्नानुसार छन् ।



PPPUE कार्यक्रम अन्तर्गत धरान-१३ स्थित स्वस्तिका गौरा मार्गमा निर्माण भएको धारा

**१. धरानको समग्र खानेपानी व्यवस्थापन:**

- नगरको समग्र खानेपानी आपूर्ति तथा व्यवस्थापन
- विद्यमान श्रोतहरुको व्यवस्थापन (विभिन्न उपभोक्ता समूहद्वारा संचालित साना खानेपानी आयोजनाहरु र जलाधार क्षेत्रको संरक्षण सम्बर्द्धन )

**२. फोहरमैला तथा सरसफाइ व्यवस्थापन:**

- ठोस फोहरमैला व्यवस्थापन (व्यवस्थित ल्याण्डफिल साइट समेत)
- पशु बधस्थल तथा व्यवस्थित मासु कम्प्लेक्स निर्माण (कृषि बजार तथा भौडी)
- शहरी सेवा केन्द्र संचालन व्यवस्थापन (भानुचौक)
- सुलभ शौचालय निर्माण तथा संचालन (BPKIHS अगाडि, छाता चौक र रेल्वे)
- कम्पोस्ट मल निर्माण
- फालिएका वस्तुहरुको पुन: प्रयोग तथा प्रशोधन (Reuse and Recycle)

**३. बैकल्पिक उर्जा व्यवस्थापन:**

- बायो ग्याँस उत्पादन (फुस्रे तथा सार्वजनिक शौचालयहरुमा)
- सडकबत्ति व्यवस्थापन (सोलार पावरबाट बत्ति बाल्ने)
- सुधारिएको चुलो प्रवर्द्धन

**४. सडक तथा यातायात व्यवस्थापन:**

- बस पार्क निर्माण तथा संचालन
- स:शुल्क पार्किङ र फूटपाथ व्यवस्थापन (वडा नं.५ महेन्द्र पथ)
- चक्रपथ निर्माण र नगर बस संचालन
- आकाशे पुल तथा यात्रु प्रतिक्षालय निर्माण

**५. सम्पत्ति तथा श्रोत संरक्षण, परिचालन:**

- भानुचौकमा सपिङ कम्प्लेक्स निर्माण
- भौडीमा मिट कम्प्लेक्स निर्माण
- सभागृह अपग्रेडिङ, संचालन तथा व्यवस्थापन
- घण्टाघर संचालन व्यवस्थापन
- विभिन्न खाली जग्गाहरुको उचित सदुपयोग
- व्यवस्थित तरकारी बजारको व्यवस्था

**६. आय वृद्धि तथा गरिबी न्यूनीकरण कार्यक्रमहरु:**

- आय आर्जनसम्बन्धी सीपमूलक तालिमहरु संचालन
- गरिब बस्तीहरुमा सडक, विद्युत, खानेपानी आपूर्ति जस्ता कार्यहरु
- बंगुर तथा कुखुरा पालन व्यवस्थापन
- परम्परागत सीपको प्रवर्द्धन र बजार व्यवस्था
- कृषि बजार प्रवर्द्धन र शीतभण्डार निर्माण

**७. शहरको सुन्दरता र आय आर्जन:**

- सप्तरंगी पार्क निर्माण संचालन तथा व्यवस्थापन
- विजयपुर मनोरञ्जन तथा जुलोजिकल पार्क निर्माण संचालन तथा व्यवस्थापन
- रजत जयन्ती पार्क संचालन व्यवस्थापन
- इन्जिनियरिङ क्याम्पस अगाडि तीनकुने पार्क

संचालन व्यवस्थापन

- धरान प्रवेशद्वार तथा पार्क निर्माण व्यवस्थापन
- कार्यालय हाताभित्र पार्कसहित धरानको प्रतीक चिन्ह तथा फोहरा निर्माण

**८. पर्यटन प्रवर्द्धन कार्यक्रम:**

- सांस्कृतिक प्रदर्शनी तथा जातीय संग्रहालय निर्माण
- पार्क, बनभोजस्थल निर्माण (विजयपुर र सप्तरंगी पार्क)
- हवाइ मैदान निर्माण
- राष्ट्रिय तथा क्षेत्रीय स्तरको खेलकूद कम्प्लेक्स (Stadium) निर्माण आदि।

नगरपालिकाले उल्लिखित कार्यक्रम हरुलाई कार्यक्रमको महत्व, सम्भाव्यता, वित्तीय विश्लेषण र लगानीको अवसरसमेतलाई अध्ययन गरी सार्वजनिक निजी साझेदारीको अवधारणालाई आत्मसात गर्दै प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्दै जाने र यसमा नगरपालिका, उद्योग वाणिज्य संघ, नागरिक समाज र सहयोगी निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको उत्तिकै चासो र सहयोग रहने हो भने नगरपालिकाले अपेक्षित नतीजा सहजै हासिल गर्न सक्ने कुरामा दुईमत नहोला।

*(लेखक नगरपालिकाको सार्वजनिक निजी साझेदारी प्रवर्द्धन कार्यक्रमका सदस्यसचिव र सम्पर्क व्यक्ति हुनुहुन्छ।)*


## खुल्ला दिशा मुक्त क्षेत्र निर्माण अभियान
## धरान नगरपालिका

सन् २०१० डिसेम्वर सम्म धरानलाई खुल्ला दिशा मुक्त क्षेत्र बनाउने अभियानमा सहभागी बनौं।
धरान नगरवासी, संघसंस्था, विद्यालय, सरकारी तथा गैर सरकारी कार्यालय, निकाय लगायत सरोकारवाला सवै दाजुभाइ तथा दिदीवहिनीहरुमा आ–आफ्नो क्षेत्र वरिपरि खुला दिशा मुक्त क्षेत्र निर्माण गर्ने अभियानमा सहभागी बनौं। धरान नगरक्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र वनाउनमा योगदान पुऱ्याऔं।

- एक घर एक चर्पी<br>स्वच्छ राखौं हाम्रो धर्ती।
- हामी सबैको घरमा सुरक्षित चर्पी छ,<br>त्यसैले हामीलाई गर्व छ।
- घर घरमा चर्पी निर्माण गरौं,<br>आत्म सम्मान, गौरव र<br>स्वाभिमानका साथ बाचौं।
- धरान शहर हाम्रो, सफा राखौं राम्रो,<br>गौरव बढ्छ हाम्रो।
- चर्पीको प्रयोग गरौं<br>स्वस्थ, सुन्दर र सुरक्षित धरान बनाऔं।
- खुल्ला दिशा पिसाव नगरौं<br>सभ्य नागरिकको परिचय दियौं।

# धरान नगरको फोहर व्यवस्थापन चुनौती र संभावना



सरसफाई प्राविधिक-शिशिर श्रेष्ठ

नगरपालिकाले गरी आएका मुख्य कार्यहरु मध्ये एक महत्वपूर्ण कार्य ठोष फोहर मैला व्यवस्थापन रहेकोछ । स्थानीय स्वायत्त शासन ऐन २०५६ मा भएको प्रावधान अनुसार नगरपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापनको जिम्मेवारी नगर पालिकाको रहे वमोजिम नगर पालिकाले फोहर व्यवस्थापनको कार्य गर्दै आईरहेको छ भने केही निजी (कवाडी संकलक, कवाडी डिलर) तथा सामुदायिक क्षेत्र (नगरस्तरीय वातावरण सुधार तथा समन्वय समितिद्धारा संचालित "पुन:चक्रिय फोहर संकलन तथा बिक्री केन्द्र") को पनि नगरको फोहर व्यवस्थापनमा अप्रत्यक्ष तर महत्वपूर्ण भूमिका रहँदै आएको छ ।



फोहोर उठाउदै सरसफाईको ट्याक्टर र कर्मचारी

धरान नगरपालिकाको सरसफाइ व्यवस्थापन उपशाखा अन्तर्गत १ सरसफाइ प्राविधिक, ५ सवारी चालक, ६० सफाइकर्मी प्रत्यक्ष रुपमा नगरको फोहर व्यवस्थापनको कार्यमा संलग्न रहेकाछन् । अनुमानित एकलाख पचासहजार जनसंख्या रहेको धरानमा दैनिक करिब ४५ टन फोहर उत्पादन हुने अनुमान छ । जसमध्ये नगरपालिकाको फोहर संकलन साधन मार्फत दैनिक करिब २० टन संकलन गरी डम्पिङ्ग गरिने, बाँकी फोहर मध्ये घरेलु

स्तरमा व्यवस्थापन हुने साथै सडक, खाली जग्गा, ड्रेन, खोला-खोल्सा आदिमा पुगी समस्याको रुपमा देखा परिरहेकोछ ।

फोहरको उचित व्यवस्थापनका लागि आवश्यक विभिन्न चरण र प्रकृयाहरु नअपनाई फोहर संकलन तथा डम्पिङ्गलाई मुख्य प्राथमिकतामा राखि संचालित हालको फोहर व्यवस्थापन प्रणाली झन्-झन् जटिल, खर्चिलो तथा वातावरणमा नकारात्मक असर पर्ने भई रहेको महसुस भएको छ । साथै फोहर व्यवस्थापनका पाटोहरु फोहरको वर्गीकरण, संकलन, ढुवानी, प्रशोधन, अन्तिम व्यवस्थापन, REDUCE, REUSE, RECYCLE आदि सबै प्रकृयाहरु नगरपालिका एक्लैले पुरा गर्न सकि रहेको छैन जसको कारण सम्पूर्ण नगरक्षेत्र तथा नगरवासीमा फोहर व्यवस्थापनको स्तरीय सेवा पुऱ्याउन गाह्रो भएको छ । तसर्थ सरोकारवाला सवैको सकृय सहभागिता, समन्वयमा PPP (सार्वजनिक निजी साझेदारी) अवधारणामा निजी क्षेत्र, नागरिक समाज, समुदाय र स्थानीय निकाय एकीकृत रुपमा अघि बढ्नु पर्ने आवश्यक्ता भएको छ ।


ढल सफा गर्दै सरसफाईकर्मी

एकीकृत दिगो फोहर व्यवस्थापन (ISWM : Integrated Sustainable Waste Management) प्रणाली संचालनका लागि तयारी स्वरुप घरेलु स्तरमा फोहर वर्गीकरण, Composting, संस्थागत Chamber Composting, पुनःचक्रिय फोहर संकलन तथा बिक्री केन्द्रको स्थापना, टोल स्तरीय सरसफाइ समूह, नगरस्तरीय वातावरण सुधार तथा समन्वय समिति, वातावरण उपसमिति धरान नगरपालिका, गठन तथा परिचालन, नगर क्षेत्रमा मासिक वातावरणिय अनुगमन जस्ता कार्यहरु संचालन भईरहेको छ । साथै राष्ट्रिय सर सफाई सप्ताह, विश्व वातावरण दिवस जस्ता अवसरमा विविध वातावरणिय कार्यक्रमहरु तथा अन्य जनचेतनामूलक कृयाकलापहरु संचालन भइरहेको छन् । यसरी भइरहेका विभिन्न कृयाकलापहरुबाट सिकाई भएका कुराहरु व्यवहारिक अभ्यासका लागि ISWM सम्वन्धि नमुना प्रोजेक्ट संचालन गर्दै जानु उपयुक्त हुन्छ ।

अन्तमा फोहर व्यवस्थापनको समस्या एक सामाजिक समस्या हो । त्यसैले, समाजका प्रत्येक अंगले आ-आफ्नो भूमिका जिम्मेवारीका साथ निर्वाह गरेमा यो समस्या चाँडो र प्रभावकारी रुपमा समाधान गर्न सकिन्छ ।

# 2010 OLYMPIC DAY भव्यताका साथ सम्पन्न



सूचना सहायक-शिव चाम्लिङ

प्रत्येक बर्ष June महिनाको २३ तारिक अन्तराष्ट्रिय ओलम्पिक कमिटीको स्थापना दिवसको उपलक्ष्यमा विश्वका सबै देशहरुमा खेलकुदको शहरको रुपमा परिचित शहरमा विविध कार्यक्रमका साथ विश्व ओलम्पिक दिवस विश्व भरी नै मनाईदै आएको छ | त्यहि सिलसिलामा हरेक वर्ष नेपालमा पनि उक्त दिन ओलम्पिक दिवस मनाउने गरिएकोमा नेपाल ओलम्पिक कमिटीको निर्णय अनुसार सन् २०१० को OLYMPIC DAY, खेलकुदको शहर उपनाम पाएको पूर्वाञ्चलकै सुन्दर नगरी धरानमा मनाउने निर्णय गरे अनुसार सप्ताहव्यापी (मिति २०६७|०३|०३ देखि ०९ गते सम्म) विभिन्न कार्यक्रमहरुका साथ भव्यताका साथ मनाईएको छ |




विश्व ओलम्पिक डे को समापन कार्यक्रममा सहभागी आमन्त्रित अतिथिहरु

2010 OLYMPIC DAY को मुख्य कार्यक्रम मिति २०६७ असार ९ गते धरान १३ स्थित प्रस्तावित क्षेत्रीय रंगशालामा आयोजना गरिएको थियो | उक्त कार्यक्रममा प्रमुख अतिथिको आसन ग्रहण महामहिम उपराष्ट्रपति परमानन्द झाज्यूले गर्नु भएको थियो | सोहि दिन विहान विजयपुर डाँडाँमा अवस्थित प्रसिद्ध बूढासुब्बा मन्दिरमा

उपराष्ट्रपति झाले नेपालका पहिलो ओलम्पियन भुपेन्द्र सिलवाललाई ओलम्पिक टर्च हस्तान्तरण गर्नुभएको थियो । त्यसपछि विभिन्न ओलम्पियनहरु तथा खेलाडीहरुले सो टर्च बोकेर नगरको परिक्रमा पश्चात रंगशालामा पुऱ्याएका थिए । असार ३ गतेदेखि जारी सप्ताहव्यापी खेलकुद कार्यक्रमको समापनसंगै ओलम्पिक उत्सव मनाउने क्रममा विशाल ऱ्याली प्रदर्शन समेत गरिएको थियो । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष ध्रुवबहादुर प्रधान सम्मिलित ऱ्यालीमा विभिन्न विद्यालयका विद्यार्थी, खेलाडीहरु एवं संघसंस्थाहरुले नगरको परिक्रमा गर्दै रंगशाला पुगेका थिए ।

उत्सवमा नेपालको प्रतिनिधित्व गर्दै सन् १९६४ मा जापानको टोकियो ओलम्पिकमा एथलेटिक्सबाट सहभागी प्रथम ओलम्पियन भुपेन्द्र सिलवाल संगै विभिन्न समयमा ओलम्पिक खेलमा सहभागी प्रविन तुलाधर, लक्ष्मण कुमार बस्नेत, मेनका रावल, डम्बर कुवर र चन्द्रकला थापालाई सम्मान गरिएको थियो । यसै अवसरमा धरानका ओलम्पियन नरेन्द्र पोमो, साफमा टेवलटेनिसमा पदक विजेता गीता थापा, फुटबलकी तुलसा सिंह, सुटिंगका टिकाराम श्रेष्ठ र शारीरिक सुगठनका राजभगत प्रधानांगलाई विशेष सम्मान गरिएको थियो । त्यस्तै गरि ओलम्पिक डेको अवसरमा असार ३ गतेदेखि आयोजित विभिन्न ११ वटा प्रतियोगिताका विजयी टिम एवं खेलाडीहरुलाई पुरस्कार वितरण गरिएको थियो भने उत्सवमा उसु, तेक्वान्दो, कराँते, बक्सिङ लगायतका खेलको प्रर्दशनी गरिएको थियो ।




*ओलम्पिक डे को अवसरमा आयोजित म्याराथुन दौड प्रतियोगितामा सहभागीहरु*

उक्त ओलम्पिक डेलाई सम्पन्न गर्न धरान नगरपालिका प्रमुख एवं कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलको संयोजकत्वमा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु रहेको ५०१ सदस्यीय मुल समिति, नगरपालिका संचालन दलीय संयन्त्रका पदाधिकारीज्यूहरुको प्रतिनिधित्व रहेको निरिक्षण तथा मूल्यांकन समिति, सल्लाहकार समिति र अन्य विभिन्न उपसमितिहरु समेत गठन गरिएको थियो ।

विशेष सहयागी संस्थाको रुपमा जिल्ला विकास समिति सुनसरी, सिमएन आयोजना र उद्योग बाणिज्य संघ सुनसरी रहेका थिए भने सहयोगी संस्थाहरु धरान फुटवल क्लव, धरान गणतान्त्रिक खेलकुद महासंघ, नेपाल

आदिवासी जनजाति महासंघ सुनसरी, नेपाल खेलकुद महासंघ धरान नगर, धरान रिकभरिङ, सुनसरी बुद्धिचाल संघ, धरान ब्याटमिन्टन क्लव, धरान रिक्रियसन क्लव, धरान गल्फ क्लव, युवाकला केन्द्र, सुनसरी एथलेटिक्स संघ, धरान नगर करांते महासंघ, धरान उसु संघ, धरान तेक्वान्दो संघ, सुनसरी जिल्ला वक्सिङ संघ, नेपाल नगर शारीरिक सुगठन संघ, वि.पि. कोईलारा स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा, नेपाल रेडक्रस सोसाईटी सुनसरी, इलाका प्रहरी कार्यालय धरान, ट्राफिक कार्यालय धरान, शसस्त्र प्रहरी गुल्म धरान, इलाका प्रशासन कार्यालय धरान, सामुदायिक वन उपभोक्ता नगर महासंघ, द क्रियटिभ ह्याण्ड अफ धरान, प्याबसन सुनसरी, एन. प्याब्सन सुनसरी, गो.भू.पू. सैनिक संघ, टेम्के क्लव, नेपाल पत्रकार महासंघ सुनसरी आदि रहेका थिए।

(2010 OLYMPIC DAY को बारेमा विस्तृत जानकारी www.dharan.gov.np/olympic_day/index.asp मा राखिएको छ)

❒❒❒

## राष्ट्रिय भवन निर्माण संहिता पालन गरौ, सुरक्षित धरानको निर्माण गरौ ।

वि.स. २०६४ साल भदौ ५ गते देखि धरान नगरपालिकाले "नेपाल राष्ट्रिय भवन निर्माण संहिता–२०६०" लागू गरेको हुनाले धरान नगर क्षेत्रभित्र बनिने नयाँ घरहरु तथा तला थप गर्दा सो संहिता अनुसार बनेको नक्सा अनुसार र दक्ष प्राविधिकको सरसल्लाहमा तालिमप्राप्त निर्माणकर्मी तथा तालिम प्राप्त निर्माण व्यवसायीहरुबाट भवन बनाउन हुन सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध छ।

संहिता अनुसार नबनेका घरहरुको नक्सा पास गर्न नगरपालिका बाध्य नहुने र स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीद्वारा प्रदत्त अधिकार प्रयोग गरी नियम विपरीत निर्माण भएका घर भत्काउन र जरिवाना समेत लगाउन सकिने समेत जानकारी गराईन्छ।

नेपाल राष्ट्रिय भवन निर्माण संहिता –२०६० का मुख्य अंशहरु:

१. सबै पिलरहरु ग्रिडमा पर्ने गरी १२"X१२" को साईजमा बनाउने।
२. बिमका सबै छडहरु पिलरको डण्डीभित्र पार्ने।
३. ७ मी.मी.भन्दा मसिनो रिङ्ग नबनाउने, रिङ्गको हुक ३ ईन्च भित्र घुसाउने।
४. पिलर र बिममा रिङ्गहरुको दूरी ४ ईन्चबाट नबढाउने।
५. बिम र पिलरको जोडमा पनि रिङ्ग राख्ने।
६. डण्डी जोड्दा कम्तिमा मोटाईको ६० गुणा खप्टाउने।
७. घरका सबै गाह्रोहरुलाई झ्याल राख्ने सतह र कोपु पिलरसंग बाध्ने।
८. कभर राख्दा पिलरमा १½", बिममा १" र स्ल्याबमा ½" राख्ने।
९. भवनको लम्वाई तथा उचाई भवनको चौडाईको ३ गुणा भन्दा बढी नबढाउने।
१०. भवन बनाउदा भरसक धेरै कटपिस ननिकाल्ने। निकाल्नु परेको खण्डमा भवनको चौडाईको १/६ भाग मात्र निकाल्ने।
११. भवनको क्यान्टिलिभर निकालिएको भागमा रेलिङ्ग बाहेक अन्य गाह्रो नउठाउने।
१२. तला थप गर्दा पहिले साविक तलालाई भूकम्पीय सुदृढीकरण गरेर मात्र संहिता अनुसार नयाँ तला थप्ने।

# धरान नगरपालिकामा DACAW कार्यक्रम एक परिचय



डकाउ सहजकर्ता-हेमा थलङ



राष्ट्रिय महिला हिंसा विरुद्धको अभियान कार्यक्रम अन्तर्गत धरानमा आयोजित कार्यक्रममा र्याली प्रदर्शन गर्दै धरान नगर पारालिगल कमिटी

नेपालमा महिला तथा बालबालिकाको क्षेत्रमा ४० दशक भन्दा लामो समयदेखी साझेदार को रुपमा काम गर्दै आएको यूनिसेफले नेपालको विभिन्न २३ वटा विकट तथा विपन्न जिल्लाहरुका महिला तथा बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, सरसफाइ, अधिकार सम्बन्धी काम गर्दै आएको छ । यूनिसेफले आफ्ना कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाउन १० वर्ष अघि देखी Decentralized Action for Child & Woman (DACAW) कार्यक्रम संचालनमा ल्याएको छ । जस अन्तर्गत सुनसरी जिल्लाका ३ वटा नगर पालिका र १९ वटा गा.वि.स. मा पनि यो कार्यक्रम संचालन भएको छ ।

धरान नगरपालिकाको सन्दर्भमा सन् २००१ (मिति २०५९ आषाढ) देखि DACAW कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रमले धरानको विपन्न तथा सुकुम्बासी वस्तीहरुमा महिला समूह गठन गरी त्यस क्षेत्रमा बचत, शिक्षा, स्वास्थ्य, पोषण, महिला अधिकार, बाल अधिकार,



मासिक बच्चा तौल कार्यक्रममा बच्चाको तौल लिईदै

सरसफाइ (ODF) जस्ता विभिन्न चेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । यस कार्यक्रमले समुदायको क्षमता विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

महिला समूहहरु निर्माण गर्ने क्रममा गरिब तथा विपन्न समुदायकामा ३० वटा महिला समूह निर्माण गरिएको छ । जसमा ७५६ सदस्य छन् । महिला बचत समूहरुले हाल सम्म १६ लाख रुपैयाँ भन्दा बढी बचत रकम संकलन गरी ऋण परिचालन कार्य संचालन गरी राखेका छन । ऋण कार्यक्रमले पेशागत तथा आयमूलक कार्यक्रमहरुमा लगानी गरी समुदायको आत्मनिर्भरता र आयश्रोत बढाएको छ ।

समुदायमा रहेका बालबालिकाहरुको चौतर्फी विकास गर्नको लागि विभिन्न सुकुम्बासी वस्तीहरुमा ३ देखी ५ वर्ष सम्मका बालबालिकाहरुको लागि ४० वटा बाल विकास केन्द्रहरु संचालनमा रहेका छन् । जस मध्ये ३ वटा बाल विकास केन्द्रहरु जिल्ला कै उत्कृष्ट बाल विकास केन्द्रको रुपमा पुरस्कृत समेत भएका छन् ।

त्यसै गरी बालबालिकालाई बालमैत्री शिक्षा दिनका लागि धरान नगरलाई बाल मैत्री शैक्षिक सहर घोषणा गर्न लागि हाल २४ वटा विद्यालयहरुमा बालमैत्री शिक्षण कार्यकम लागु गरिएको छ । नमुनाको रुपमा संचालन गर्दा बद्रीनाथ प्रा.वि. धरान १५ सुनसरी जिल्ला कै उत्कृष्ट बालमैत्री विद्यालय भई पुरस्कृत समेत भएको छ ।

बालबालिकाहरुलाई अकाल मृत्युबाट बचाउन र सुरक्षित मातृत्वका लागि धरान नगर पालिका तथा यूनिसेफको आर्थिक सहयोगमा एक नगर स्तरीय सुरक्षित मातृत्व चक्रिय कोषको स्थापना गरिएको छ । त्यस कोषले आर्थिक अभावमा उपचारबाट वञ्चित भई अकालमा मातृ मृत्यु तथा बाल मृत्यु दर घटाउन मद्दत गरेको छ ।

बालबालिकामा कुपोषणको दर घटाउनका लागि अभिभावकलाई विभिन्न बाल पोषण सम्बन्धी चेतनामूलक कार्यक्रम लगायत मासिक रुपमा बच्चा तौल कार्यक्रम संचालन गरिएको छ । हालसम्म ६५६८ बालबालिकाको तौल अनुगमन गरी उनीहरुको उमेर अनुसारको तौल बढे नबढेको जानकारी लिने तथा दिने काम भएको छ ।

कतिपय महिलाहरु हामीमा कसरी विभेद छ, हाम्रो अधिकार के हो र हामीले हाम्रो आवाज कहाँ राख्ने भन्ने समेत अनभिज्ञ रहेका महिलाहरुको लागि लैङ्गिक विभेद सम्बन्धि विभिन्न तालिमहरु दिई महिलाहरु कै माग बमोजिम २०६६ अशोज देखि धरान नगर पारालिगल कमिटी गठन गरी घरेलु हिंसाको विरुद्ध निःशुल्क कानुनी परामर्श तथा सहयोग पुऱ्याउन थालिएको छ । आ.व. २०६६।६७ मा पारालिगल कमिटीले विभिन्न २१ वटा केसमा परामर्श दिएकोछ । हाल नगर कमिटी कै सकृयतामा १८ वटा वडामा वडा स्तरीय

पारालिगल कमिटी समेत गठन भइसकेको छ ।

जन्म दर्ता जस्तो बालबालिकाको पहिलो कानूनी अधिकार दिलाउनका लागि विभिन्न समुदायमा जन्म दर्ता गराउन छुटेका बालबालिकाहरुको धरान नगरपालिका पंजिका इकाइ संग समन्वय गरी जन्मदर्तामा लाग्ने जरिवानामा छुट गराई, रु.१० मा हाल सम्ममा ५८६३ जना बालबालिकाको जन्मदर्ता गराईएको छ । त्यस्तै घरदैलो जन्मदर्ता कार्यक्रम संचालन गर्न सुरुवात गरिएको छ ।

यस DACAW कार्यक्रम अन्तर्गत बनेका समुदायका संरचनाहरुलाई दातृ निकायको सहयोग पछि पनि निरन्तरता दिनका लागि पहलहरु शुरु गरिएको छ । हाल समूहका अगुवा सामुदायिक परिचालक (CM) हरुको व्यबस्थापन समिति गठन गरी कोषको समेत व्यवस्था गरिएको छ । यस कोषमा धरान नगरपालिका र यूनिसेफले पनि थप गरि हाल कोषमा रु. ५५,०८० जम्मा भएको छ । त्यस्तै गठन गरिएका महिला समूहरुलाई संस्थागत गर्दै सामुदायिक संस्थाको रुपमा विकास गर्नेका लागि पहल शुरु गरिएको छ ।

**उपलब्धीहरु:**

- समुदायमा गर्भावस्था देखी नवजात शिशु स्याहार, बाल पोषण तथा बाल स्वास्थ्य, मातृत्व तथा स्वास्थ्य सम्बन्धी चेतनामूलक विषयहरु प्रचार प्रसार गरेको ।
- समुदायका महिलाहरु संगठित भएका र उनीहरुको क्षमता तथा नेतृत्व विकासमा सघाउ पुऱ्याएको ।
- समुदायका बालबालिकाहरुलाई उपयोगी शिक्षा प्रणाली अनुसार अध्ययनको लागि उपयोगी सामाग्रीहरु प्रदान तथा प्राविधिक सहयोग पाएको।
- बाल विकास केन्द्रबाट बालबालिकाहरुले बाल शिक्षा प्राप्त गरेको ।
- समुदायका किशोर किशोरीहरुमा यौन तथा प्रजनन तथा एच. आई.भी. एड्स सम्बन्धी चेतना बढेको ।
- सामुदायिक कार्य प्रकृया अनुसार काम गर्ने भएकोले समुदायलाई नागरिक दायित्व समेत बोध भएको ।
- सामाजिक परिचालनमा प्रभावकारी रुपमा भएको ।
- यस कार्यक्रम मार्फत् समुदायको चेतना तथा क्षमता विकासका लागि थोरै बजेटमा पनि धेरै कार्यक्रम संचालन भएको ।

**सुधार गर्नु पर्ने पक्षहरु:**

- आर्थिक वर्ष अनुसार बजेटिङ प्रकृया नमिल्दा

तथा जि.वि.स. मार्फत् बजेट निकासा हुने प्रणाली लामो भएकाले त्यसमा सुधार गरिएमा अझ चुस्त दुरुस्त तरिकाबाट कार्यक्रमहरु संचालन गर्न सकिने ।

- आगामी दिनहरुमा चेतनामूलक तथा क्षमता विकासका कार्यक्रमहरुका साथै भौतिक सेवाहरु दिईएका समुदायको सहभागिता तथा उत्साहमा बढ्न सक्ने ।
- महिलामुखी कार्यक्रम भएता पनि परिवारमा महिला तथा पुरुष दुवैको समान दायित्व र भूमिका हुंनेहुंदा महिलाको क्षमता तथा अधिकार का लागि पुरुषहरुलाई सहभागि गराएमा अझ प्रभावकारी हुने ।

**२००९ को लागत तथा क्रियाकलाप**

| क्र.सं. | विवरण | संख्या | लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सि.एम.मासिक बैठक | ६० जना | १०००० | |
| २ | सि.एम. रिफ्रेसर तालिम | २ पटक | ५९७०० | |
| ३ | समता मुलक कोष सहयोग | ६वटा समुह | ३०००० | |
| ४ | समुहमा ODF तथा चर्पीको महत्व सम्बन्धि अरेन्टेशन | ४० समुह | २००००० | |
| ५ | सरसफाई कार्यक्रम( चर्पी वितरण ) | ५० घर | १००००० | |
| १० | ३९ वटा बाल विकास केन्द्रमा चकटी वितरण | ९७५ वटा | ५०००० | १३६५ बालबालिका |
| ११ | पारालिगल कमिटी गठन तथ ६ दिने तालिम | | | |
| १२ | महिला हिंसा विरुद्ध चेताना महलक कार्यक्रम | | | |
| १३ | ODF कार्यक्रमको लागि विभिन्न संघ संस्था संग छलफल बैठक सम्पन्न गरिइएको | | | |
| १४ | मासिक रुपमा पारालिगल कमिटीको बैठक | | | |
| १५ | पारा लिगल कमिटीले हलसम्म हेरेको केश | ६ वटा | | |
| १६ | बाल मैत्री कार्यक्रमको बैठक तथा भिजिट गराएको | | | |
| १७ | न.पा.मा संचालित बाल विकास केन्द्रमा कार्पेट तथा खेल सामाग्री वितरण | ३९ वटामा | | न.पा.को समेत थप गरिबजेटबाट |
| १८ | हाल निमार्ण भएको चर्पी | १३५० वटा | | |
| १९ | DAG आबद्धता तालिम | ३० जना | १५००० | |
| २० | चर्पीको लागि अनुदान सहयोग | ६५ घर | १४०००० | |
| २१ | सहजकर्ता लजेष्टिक | १ जना | २००० | |
| २२ | सहजकर्ता साईकल | १ जना | ५००० | |
| २३ | महिला बालबालिका गाईड लाईन | | २०००० | |
| २४ | सि.एम.व्याबस्थापन समितिलाई फेडेरेशनको अवधारणा तालिम | ६० जना | २०००० | |
| २५ | पोषण कार्ड कभरको लागि माइ क्लियर ब्याग वितरण | ९०० | १०००० | |
| २६ | न.पा. स्तरीय समिक्षा बैठक | २० जना | १६००० | |
| २७ | सि.एम. लाई छाता वितरण | ६० जना | १२००० | |
| २८ | हाल भएका समुह संख्या | ३० वटा | | |
| २९ | साक्षरता कार्यक्रम संचालन | ५७ केन्द्र | | ११४० सहभागी |
| | जम्मा | | ६८९७०० | DACAW को मात्र |

स्थानीय सरकारको रुपमा रहेको धरान नगरपालिकाको प्रमुख दायित्व मध्ये एक समुदायको क्षमता विकास गर्नका लागि डकाव कार्यक्रमले उल्लेख्य भूमिका खेलेको छ ।

# एकीकृत सम्पत्ति कर पुनरावलोकन-२०६६ धरान नगरपालिकाको अभ्यास



कर अधिकृत-खगेन्द्रप्रसाद खतिवडा

एकीकृत सम्पत्ति कर लागू गर्ने नगरपालिकाहरुमा अग्रणी समूहमा पर्ने धरान नगर पालिकाले एकीकृत सम्पत्ति कर लागू गरेको १० वर्ष पुरा भई सकेको छ। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ बमोजिम एक पटक लागु गरिएको एकीकृत सम्पत्ति कर ५ वर्षसम्म परिवर्तन गर्न नपाईने व्यवस्था छ। सोही बमोजिम यस नगरपालिकाले आ.व. २०५७।०५८ मा लागु गरेको एकीकृत सम्पत्ति कर आर्थिक वर्ष २०६५।०६६ मा पहिलो पटक पुनरावलोकन गरी लागू गरिएको थियो र हाल पुनः ५ वर्ष पुरा भएकोहुंदा आर्थिक वर्ष २०६७।२०६८ मा पुनरावलोकन गरिएको एकीकृत सम्पत्ति कर लागू गर्न आ.व. २०६६।०६७ मा एकीकृत सम्पत्ति कर मूल्यांकन समिति गठन गरिएको थियो।

**एकीकृत सम्पत्ति कर मूल्यांकन समिति**

संयोजक – श्री राजेन्द्र शर्मा, महेन्द्र बहुमुखी क्याम्पस धरानका सहप्राध्यापक, व्यवस्थापन संकाय प्रमुख

सदस्य – श्री अध्यक्ष, उद्योग वाणिज्य संघ, सुनसरी (श्री अशोक ताम्राकार, श्री मोहनकाजी शाक्य)

सदस्य – श्री कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, धरान

सदस्य – श्री सुरज श्रेष्ठ, इन्जिनियर, धरान नगरपालिका कार्यालय

सदस्य सचिव – श्री खगेन्द्रप्रसाद खतिवडा, कर अधिकृत, धरान नगरपालिका कार्यालय

सल्लाहकार सदस्यहरु

- श्री चोत्लुङ, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि ए.ने.क.पा. (माओवादी)
- श्री किशोर राई, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि नेपाली कांग्रेस

- श्री तारा सुब्बा, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि ने.क.पा. (एमाले)
- श्री मोहन मगराती, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि ने.क.पा.(एकीकृत)
- श्री विवेक राई, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि राष्ट्रिय जनमुक्ती पार्टी
- श्री गोर्वद्धन शाह, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि सद्भावना पार्टी,
- श्री कुमार थाम्सुङ, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि संघीय लिम्बुवान रा.मो.(मञ्च सम्वद्ध)
- श्री लखन शाह, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि मधेशी जनाधिकार फोरम नेपाल
- श्री कमला खडका (तामाङ) न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि राष्ट्रिय जनमोर्चा नेपाल
- श्री जितेन्द्र विश्वकर्मा, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि दलित जनता पार्टी
- श्री मनोहर कार्की, न.पा.संचालन दलीय संयन्त्र, प्रतिनिधि राष्ट्रिय जनशक्ति पार्टी

## वडा स्तरीय भेलाको आयोजना

| वडा नं | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | २०६६।१०।३ | विहान ८:०० बजे | उद्योग वाणिज्य संघ सुनसरी, धरान १ | |
| २ | २०६६।१०।४ | विहान ८:०० बजे | वडा समिति कार्यालय, धरान २ | |
| ३ | २०६६।१०।५ | विहान ८:०० बजे | वडा समिति कार्यालय, धरान ३ | |
| ४ | २०६६।१०।३ | दिउँसो १:०० बजे | उद्योग वाणिज्य संघ सुनसरी, धरान १ | |
| ५ | २०६६।१०।४ | दिउँसो १:०० बजे | वडा समिति कार्यालय, धरान ५ | |
| ६ | २०६६।१०।५ | दिउँसो १:०० बजे | निकेतन उच्च मा.वी., धरान ६ | |
| ७ | २०६६।१०।६ | विहान ८:०० बजे | वडा समिति कार्यालय, धरान ७ | |
| ८ | २०६६।१०।७ | विहान ८:०० बजे | वडा समिति कार्यालय, धरान ८ | |
| ९ | २०६६।१०।७ | दिउँसो १:०० बजे | महेन्द्र बहुमुखी क्याम्पस, धरान | |
| १० | २०६६।१२।५ | विहान ८:०० बजे | किराँत यायोक्खाको भवन, धरान १० | |
| ११ | २०६६।१२।६ | दिउँसो १:०० बजे | ज्ञानोदय मा.वि., धरान ११ | |
| १२ | २०६६।१२।४ | विहान ८:०० बजे | मोती भवन, धरान १२ | |
| १३ | २०६६।११।२७ | विहान ८:०० बजे | अमर सेवा समाजको भवन, धरान १३ | |
| १४ | २०६६।११।२५ | विहान ८:०० बजे | दन्तकाली मन्दिर, धरान १४ | |
| १५ | २०६६।१२।१ | विहान ८:०० बजे | सदन सभा हल, धरान १५ | आंडा माथि |
| १५ | २०६६।१२।२ | विहान ८:०० बजे | बद्रिनाथ प्रा.वि., धरान १५ | आंडा मुनि |
| १६ | २०६६।१२।३ | विहान ८:०० बजे | भकारी स्कुल, धरान १६ | |
| १७ | २०६६।११।२८ | विहान ८:०० बजे | पन्चकन्या मा.वि., धरान १७ | |
| १८ | २०६६।१२।९ | विहान ८:०० बजे | वडा समिति कार्यालय, धरान १८ | |
| १९ | २०६६।११।२६ | विहान ८:०० बजे | किरातेश्वर मा.वि., धरान १९ | |

आमन्त्रित सदस्यहरु

- श्री तिलक राई, अध्यक्ष, धरान नगर विकास समिति
- श्री शिवकुमार भण्डारी, कानुनी सल्लाहकार, धरान नगरपालिका
- श्री गिरीधारी सापकोटा, धरान १५ एवं वाणिज्य सचिव उद्योग वाणिज्य संघ सुनसरी
- श्री हरीहरप्यारा श्रेष्ठ, पूर्ववडाध्यक्ष एवं पूर्व-आर्थिक समिति संयोजक
- श्री विकास कुमार वनेपाली, धरान ३, पूर्व वडा स्तरीय मूल्यांकन समिति

एकीकृत सम्पत्ति कर मूल्यांकन समितिको गठन मिति २०६६ कार्तिक २० मा भए तापनि समितिले औपचारीक रुपमा २०६७ मंशीर १० देखि शुरु गरिएको थियो । पटक पटक गरेर समितिले जम्मा ३२ वटा बैठकहरु बसेर आवश्यक कार्यहरु गरेको थियो ।

एकीकृत सम्पत्ति कर पुनरावलोकन गर्ने सिलसिलामा नगरका १९ वटै वडामा वडा स्तरीय मूल्यांकन गठन गरी एकीकृत सम्पत्ति कर सम्बन्धमा छलफल कार्यक्रम सञ्चालन गरी विभिन्न राय, सुझाव र गुनासाहरु टिपोट गर्ने कार्य गरीएको थियो ।

## वडास्तरीय मूल्यांकन समितिः

एकीकृत सम्पत्ति करको लागि जग्गाको मूल्यांकन दर निर्धारण गर्ने प्रयोजनको लागि वडा स्तरीय मूल्यांकन समितिलाई जिम्मेवारी दिईएको थियो भने २०६७ जेष्ठ मसान्तसम्ममा मात्र सम्पूर्ण वडाहरुबाट जग्गाको मूल्यांकन दर सिफारीश गरी पठाईएको थियो । वडाबाट प्राप्त मूल्यांकनलाई समितिले अध्ययन गर्दा वडाबाट प्राप्त मूल्यांकन केही वडाले केही राम्रो मूल्यांकन गरी पठाएका थिए भने अधिकांस वडाहरुले प्रचलित बजार मूल्यलाई आधार नमानी साविक (२०६२ सालमा निर्धारण गरिएको) रकमको ५, १०, २० र ५० वृद्धि गरी सिफारिश गरिएको र केहीमा अलिकति पनि नबढाई सिफारिश गरी पठाईएको थियो । जुन मूल्यांकन समितिले अपेक्षा गरे भन्दा निकै फरक र अनपेक्षित पनि थियो । जग्गाको मूल्यांकन दर निर्धारण गर्ने सम्बन्धमा समितिले छुट्टै आधार बनाई जग्गाहरुको न्यूनतम् मूल्यांकन दर निर्धारण गर्न बाध्य पनि भएको थियो ।

## जग्गाको न्यूनतम् मूल्यांकन दर निर्धारणः

आ.व. २०६२|०६३ मा एकीकृत सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरिएको जग्गाको कर योग्य न्यूनतम् दरका तुलनामा हाल वडाहरुबाट सिफारिश भई आएको मूल्यमा वृद्धि प्रतिशतमा आधारित भई वडाबाट आएको जग्गाको मूल्यांकन भार र समितिले निर्धारण गरेको प्रचलित न्यूनतम् मूल्यको भार निर्धारण गरी जग्गाको मूल्यांकन दर निर्धारण गरिएको छ ।

| क्र.सं. | साविक दरमा हाल प्राप्त दरमा बृद्धि प्रतिशत | वडाबाट भई आएको मूल्यमा भार (वडाबाट मूल्य नआएकोमा २०६२/०६३ को दरमा) | प्रचलित बजार मूल्यमा भार | कैफियत |
|---|---|---|---|---|
| क | ५० वा सो भन्दा बढि भएमा | ८० | २० | सम्पूर्ण वडाहरु |
| ख | २५ देखि ५० सम्म | ७५ | २५ | सम्पूर्ण वडाहरु |
| ग | १ देखि २५ सम्म | ७० | ३० | सम्पूर्ण वडाहरु |
| घ | ० वा नबढाएको अवस्था | ६५ | ३५ | सम्पूर्ण वडाहरु |
| ङ | २०० भन्दा बढि वृद्धिमा | २० | ८० | वडा नं. १८ मात्र |
| च | १०० भन्दा बढि वृद्धिमा | ४० | ६० | वडा नं. १८ मात्र |

नोट : १) क सम्बन्धको मात्र जग्गाको मूल्य निर्धारण भएको हकमा शाखा सडक नभएमा क सम्बन्धको दरमा सम्बन्ध ख लाई २०, ग लाई ३० र घ लाई ४० घटाई मूल्यांकन दर निर्धारण गरिनेछ । तर ख को मूल्यांकन भएको भए ग र घ लाई क्रमश: १० र २० प्रतिशत र ग को भएको भए घ लाई ग को १० मूल्य घटाई मूल्यांकन दर निर्धारण गरिनेछ ।

नयाँ आधारमा निर्धारण गरिएको जग्गाको मूल्यांकन सम्बन्धमा छलफल :

### १) वडा स्तरीय मूल्यांकन समितिमा छलफल:

वडा स्तरीय मूल्यांकन समितिका संयोजकहरुको संयुक्त बैठकमा माथि उल्लेख गरिएको जग्गाको मूल्यांकन आधारहरुमा छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त छलफलमा समितिले तयार गरी प्रस्तुत गरेको न्यूनतम प्रचलित बजार मूल्यमाथि छलफल गरिएको थियो । समितिले प्रस्तुत गरेको प्रचलित न्यूनतम् बजार मूल्यमा केही संशोधन गरी त्यसलाई अन्तिम रुप दिने कार्य भएको थियो ।

### २) न.पा.दलीय संयन्त्रमा छलफल:

एकीकृत सम्पत्ति कर मूल्यांकन समितिले तयार गरेको जग्गाको न्यूनतम् मूल्यांकन दर र मूल्यांकनको भार लगाएतका विषयहरु न.पा.सञ्चालन दलीय संयन्त्रमा व्यापक रुपमा छलफल गरिएको थियो । मूल्यांकन समितिले वडा तथा प्रचलित बजार मूल्यको भार निर्धारण गरी कायम

सो भारबाट कायम हुन आउने एक मुष्ठ रकममा ५ ले कट्टा गरी हुन आउने प्रतिधुर मूल्यलाई मूल्यांकन दर कायम गरी दररेट पारित गरेको थियो ।

**भौतिक संरचनाको मूल्यांकन दर निर्धारण:**

भौतिक संरचनाको मूल्यांकन दर निर्धारण गर्ने सम्बन्धमा छलफल प्रचलित बजार मूल्यमा ४०%ले कट्टा गरी कायम हुन आउने रकमलाई मूल्यांकन दर निर्धारण गरी आ.व. २०६२।०६३ मा निर्धारण गरिएको गुणक (मुख्य बजार क्षेत्रमा १।२ र अन्य क्षेत्रमा ०।९५) मा आधारित भई अन्तिम मूल्यांकन दर तथा ह्रासकट्टि दर निर्धारण गरिएको छ ।
यसरी जग्गा र भौतिक संरचनाको मूल्यांकन गरी ह्रासकट्टि रकम कट्टा गरी कर योग्य मूल्यमा तोकिएको सिलिङमा निर्धारण गरेको करको दर बराबरको रकम एकीकृत सम्पत्ति कर निर्धारण हुनेछ ।

**आ.व. २०६७।०६८ मा एकीकृत सम्पत्ति कर:**

आ.व. २०६२।०६३ को तुलनामा आ.व. २०६७।०६८ मा प्रचलित बजार मूल्यमा निकै धेरै फरक आए तापनि मूल्यांकन समितिले आकाशीयको बजार मूल्यलाई नभई सर्वसाधारण करदातालाई करको भार बढि नपरोस् भन्ने उद्देश्यले प्रचलित न्यूनतम् बजार मूल्यमा आधारित भई जग्गाको मूल्यांकन दर निर्धारण गरिएको छ ।

आ.व. २०६७।०६८ को लागि मिति २०६७।३।१५ मा बसेको नगर परिषद् बैठकको नगर पालिकाले एकीकृत सम्पत्ति करबाट रु. १ करोड आम्दानी गर्ने अपेक्षा राखेको छ भने एकीकृत सम्पत्ति करको साथमा सरसफाइ सेवा शुल्क र सडकबत्ती सेवा शुल्कमा समेत केही संशोधन गरी शुल्कको दरमा वृद्धि गरिएको छ ।

मिति २०६७ आषाढ १५ मा बसेको नगर परिषदबाट प्रदत्त अधिकार बमोजिम मिति २०६७।४।२ मा बसेको वोर्ड बैठकबाट निर्णय भई २०६७।४।३ देखि पुनरावलोकित एकीकृत सम्पत्ति कर लागू गरिएको छ ।

# LGCDP कार्यक्रम



❑पूर्णकला राई
LGCDP सहायक सहजकर्ता

नगरपालिकाहरुलाई प्राप्त हुने थप अनुदान, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme - LGCDP) नेपाल सरकार र विभिन्न १२ वटा दातृ निकायहरुको संयुक्त लगानीमा संचालन भएको कार्यक्रम हो । दातृ निकायहरुवाट प्राप्त हुने सहयोग रकमलाई एकमुस्ट गरी स्थानीय निकायहरु मार्फत योजनाहरु सञ्चालन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ ।

यस कार्यक्रममा दातृ निकायहरुले ससर्त अनुदान रकम उपलब्ध गराएका छन् । निर्धारण गरिएका, योजना छनौट र कार्यान्वयनमा जनताको सहि जनसहभागीता हुनुपर्ने, योजनाप्रति सबैको स्वामित्वभाव र पहुँच हुनुपर्ने, योजनाहरुले सबै वर्ग, जात र समुदायलाइ समेटिने र योजनाहरु परिणाममुखी पनि हुनुपर्ने जस्ता शर्तहरु दातृ निकायले यस कार्यक्रममा लगानी गर्दा राखेका छन् । नेपाल सरकारको आ.ब. २०६३|६४ को बजेट बक्तव्यमा समुदायको सहभागिताको सुनिश्चितताको लागी सार्वजनिक लेखा परीक्षण गर्न प्रतिबद्धता व्यक्त गरिए अनुरुप सार्बजनिक परीक्षण कार्यविधि २०६३ अनुसार LGCDP बाट सञ्चालित सम्पूर्ण आयोजनाहरुको सार्वजनिक परीक्षण गर्नु पर्ने प्रावधान रहेको छ ।

सम्पूर्ण अनुदान रकमलाई १०० प्रतिशत मानेर ७० प्रतिशत पूर्वाधार विकास आयोजनामा, १५ प्रतिशत बालबालिका तथा महिला लक्षित आयोजनाहरु र १५ प्रतिशत विभिन्न जातजाति र समुदायलाई समेटेर खर्च गर्नु पर्नेछ । साथै अनुदान थप दिने सम्वन्धमा पनि नगरपालिकाहरुको न्यूनतम् शर्त तथा कार्य सम्पादन मुल्याङ्कन (Minimum Condition and Performance Measures - MCPM) सूचकको नतिजालाई प्रमुख आधार मानिन्छ । MCPMs को सूचकको नतिजाको आधारमा नगरपालिकाहरुलाई प्राप्त हुने थप अनुदान रकम घट्ने तथा बढ्न सक्ने भएको हुदा प्रत्येक वर्ष हुने MCPMs मूल्यांकनमा सूचकहरुमा बढी भन्दा बढी अंक ल्याउनका लागि नगरपालिकाहरु प्रयासरत रहने गर्दछन् ।

आ.व. २०६४|६५ को MCPM मूल्याङ्कनमा धरान नगरपालिकाले ९ वटा MC न्यूनतम शर्त पुरा गरेको र PM कार्य सम्पादन मा ५९ नंम्बर प्राप्त गरेको हुदा आ.व. २०६५|६६ मा २५ प्रतिशत थप अनुदान रकम प्राप्त गरेको थियो । LGCDP नगरपालिका थप अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०६५|६६ मा धरान नगरपालिकाले १ करोड ४० लाख अनुदान रकम प्राप्त गरेको थियो । उक्त रकमबाट धरान नगरपालिकाले १२ वटा आयोजनाहरु सम्पन्न गरको छ । जसमा पूर्वाधार निर्माणमा ६ वटा, विभिन्न जातजाति र समुदायलाई लक्षित ३ वटा र बालबालिका तथा महिला लक्षित ३ वटा आयोजनाहरु छन् । ती आयोजनाहरुको विवरण तल टेवलमा राखिएको छ ।

## पूर्वाधार बिकास आयोजनाहरू

| आयोजनाको नाम | स्थान | परिमाण | लगानी कर्ताहरु | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | LGCDP | उपभोक्ता समुह | |
| देउ बहादुर मार्ग सडक तथा ढल निर्माण | धरान-८ | ५१० मि | २३२,००० | २,५५३,००० | ९२९,००० | ३,७१४,००० |
| भानु मार्ग, (श्याम चौक-महादेव चौक) सडक निर्माण | धरान-१५ | ७२५ मि | ७३३,००० | १,९८४,००० | १,८१४,००० | ४,५३४,००० |
| जुनेली पथ सडक तथा ड्रेन निर्माण | धरान-१६ | २०० मि | २०८,००० | १,०००,००० | २०५,००० | २,०१३,००० |
| पुतली लाईन ढल निर्माण | धरान-१० | ३०० मि | ५८२,००० | १,४५६,००० | ८७४,००० | २,९१२,००० |
| विकास मार्ग सडक निर्माण | धरान-१६ | २३० मि | ४९६,००० | ६१३,००० | ७३९,००० | १,८४८,००० |
| बूढासुब्बा लाईन सडक तथा ढल निर्माण | धरान-१० | ४०० मि | ८८७,००० | १,७७४,००० | १,७७४,००० | ४,४३५,००० |
| | जम्मा | | ३,१३८,००० | ९,३८०,००० | ६,३३५,००० | १९,४५६,००० |

पूर्वाधार विकास आयोजनाहरुमा यस वर्ष धरान नगरपालिकाले सम्पूर्ण लगानी सडक पिच तथा ढल निर्माण कार्यमा लगानी गरेको छ । सम्पूर्ण आयोजनाहरु उपभोक्ता समूह मार्फत नै सम्पन्न गराईएको हो ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक लक्षित आयोजनाहरु

| आयोजनाको नाम | स्थान | परिमाण | लगानीकर्ताहरु | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | LGCDP | उपभोक्ता समूह | |
| चन्द्र संस्कृत स्कुलमा रिटेनिङ्ग वाल निर्माण तथा बाढीबाट क्षतिग्रस्त कम्पाउण्ड वाल निर्माण | धरान -१६ | ७५ मिटर | २५०,००० | ७५०,००० | | १,०००,००० |
| नगरपालिका तरकारी बजार मर्मत तथा जेष्ठ नागरिक विश्राम पार्क निर्माण | धरान -३ | मर्मत सम्भार तथा ७ वटा नयाँ टहरा निर्माण तथा एक पार्क निर्माण | | ५००,००० | १५०,००० | ६५०,००० |
| एकल महिला सामुदायिक भवनमा खानेपानी तथा कम्पाउण्ड वाल निर्माण | धरान -१७ | खानेपानी र कम्पाउण्ड वाल निर्माण | १५०,००० | ८५०,००० | | १,०००,००० |
| जम्मा | | | ४००,००० | २,१००,००० | १५०,००० | २,६५०,००० |

महिला, बालबालिका  तथा जेष्ठ नागरिक लक्षित आयोजनाहरुमा यस वर्ष धरान नगरपालिकाले बालबालिकालाई समेटेर  चन्द्र संस्कृत विद्यालयमा बाढीवाट क्षतिग्रस्त कम्पाउण्ड वाल निर्माण र रिटेनिङ्ग वाल निर्माण, जेष्ठ नागरिकलाई समेटेर तरकारी बजार तथा जेष्ठ नागरिक पार्क र महिलालाई समेटेर एकल महिला सामुदायिक भवनमा खानेपानी तथा कम्पाउण्ड वाल निर्माणकार्य सम्पन्न गरेको छ । सम्पूर्ण आयोजनाहरु उपभोक्ता समूह मार्फत नै सम्पन्न गराईएको हो ।

जनजाति तथा पिछडा वर्ग लक्षित आयोजनाहरु

| आयोजनाको नाम | स्थान | परिमाण | लगानीकर्ताहरु | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | LGCDP | उपभोक्ता समूह | |
| अपाङ्ग मैत्री सामुदायिक भवन निर्माण | धरान -१६ | १ तले पिलर भएको RCC भवन | २५०,००० | १,०००,००० | | १,२५०,००० |
| दलित, सुकुम्वासी तथा पिछडावर्गमा चर्पि निर्माण | धरान - ११,१७,९ | ६० वटा चर्पी निर्माण | १५०,००० | ६००,००० | जनश्रमदान | ७५०,००० |
| बौद्ध दाह संस्कार स्थलमा सेड तथा वाटो निर्माण | धरान-८ | एउटा सेड र बाटो निर्माण | | ५००,००० | १५०,००० | ६५०,००० |
| जम्मा | | | ४००,००० | २,१००,००० | १५०,००० | २,६५०,००० |

जनजाति तथा पिछडावर्ग लक्षित आयोजनाहरुमा अपाङ्ग मैत्री सामुदायिक भवन, वडा कार्यालय प्रयोजनको लागि, दलित तथा सुकुम्वासी वस्तीमा चर्पी निर्माण र बौद्ध दाह सस्कार स्थलमा सेड तथा बाटो निर्माण कार्य सम्पन्न गरिएको छ । सम्पूर्ण आयोजनाहरु उपभोक्ता समूह मार्फत नै सम्पन्न गरिएको हो ।

योजनाहरु कार्यान्वयन गर्ने क्रममा धरान नगरपालिकाले LGCDP संचालन कार्यविधि २०६६ अनुसार सम्पूर्ण आयोजनाहरु सम्पन्न गरेका छ । कार्यविधिले तोकेको सम्पूर्ण नीति नियमहरुलाई आत्मसात गर्दै वडाबाट प्राथमिकीकरणमा परेका योजनाहरुलाई नगर परिषद्ले स्वीकृत गर्ने, योजनाको वारेमा स्थानीयवासी सबैलाई जानकारी गराउने र उपभोक्ता समिति गठन प्रकृया देखिनै कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता सहित महिलालाई समितिको निर्णायक तहमा नै राखिएको छ ।

उपभोक्ता समितिको कारोबार बैंक खाता खोली संचालन गरिएको र उक्त उपभोक्ता समितिको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिएको, योजना

सम्वन्धि सम्पूर्ण विवरण (लगानीकर्ता, उपभोक्ता समिति सदस्यको जानकारी, योजना सम्झौता मिति र सम्पन्न गर्नु पर्ने मिति) लाई समेटेर कार्यविधिले दिएको तालिका वा नमुनामा राखी सूचना पार्टी (Hording Board) योजना स्थलमा सबैले देख्ने गरी राखिएको, योजनामा जनसहभागिताको सुनिश्चितता गर्नको लागी ४० प्रतिशत सम्म जनसहभागिता जुटाईएको, विकास निर्माणको उपलव्धी माथी सबै वर्ग र जातिको पहुँच र स्वामित्व देखाउन बालबालिका, जेष्ठ नागरिक, महिला, जनजाति र पिछडा वर्गलाई समेटेर योजनाहरु सञ्चालन गरिएको, पेश्कि फछर्यौट भएको प्राविधिक प्रतिवेदन पश्चात् योजनाको आय व्यय सम्बन्धि विवरणलाई सार्वजनिक गर्न सार्वजनिक परीक्षण समेत गर्ने गरिएको छ ।

नगरपालिका थप अनुदान कार्यविधि अनुरुप नै योजना सम्पन्न भैसकेपछि उपभोक्ता समितिहरुलाई धन्यवादको पात्रको रुपमा स्वीकार गर्दै योजनाको मर्मत सम्भारका लागि मर्मत सम्भार कोष खडा गरी योजना हस्तान्तरण गर्ने तर्फ पनि सुरुवात गरिएको छ ।

आ.व. २०६६।६७ मा उपभोक्ता समितिको लगनशिलता र तत्परताको कारणबाट नै LGCDP मार्फत सञ्चालित सम्पूर्ण आयोजनाहरु न्यून समयावधीका बावजुद पनि सफलता पूर्वक सम्पन्न भएका छन् ।

**(धरान नगरपालिकाको LGCDP कार्यक्रमको बारेमा विस्तृत जानकारी www.dharan.gov.up मा पनि पाउन सकिन्छ)**

# गर्व गरौं हामी धरानबासी हौं ।
# सभ्य नागरिक बनौं र सभ्यताको विकास गरौं ।

# हङकङको सद्भावना भ्रमण




धरान हङकङ मञ्चका अध्यक्ष प्रदिप थापालाई धरानको तर्फबाट मायाको चिनो प्रदान गर्दै धरान नगरपालिकाका कार्यकारी अधिकृत राजेन्द्रकुमार पौडेल लगायत

❑ **किरण भूजेल** ❑ **भक्तिराज शर्मा**

हङकङमा बस्ने धरानेहरुको धरान सहरप्रतिको माया एवं धरान नगरको विकास प्रतिको लगावको ज्वलन्त उदाहरण पेश गर्न सफल धरान हङकङ मञ्चको १० औं वार्षिक उत्सवको अवसरमा मञ्चको प्रमुख आतिथ्यको निमन्त्रणालाई स्वीकार गरी धरान नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री राजेन्द्रकुमार पौडेलको नेतृत्वको ५ जनाको टोलीले २०६७ जेष्ठ २ देखि १० सम्मको हङकङको सद्भावना भ्रमण गरेको छ ।

धरान हङकङमञ्चको दशौ वार्षिकोत्सव कार्यक्रममा सहभागि भएर धरानबाट हङकङमा गएर बसोवास गरिरहेका धरानेहरु विच सहकार्य तथा सम्बन्ध विस्तार गर्नु उक्त भ्रमणको प्रमुख उद्देश्य रहेको थियो । धरान घण्टाघर निर्माण जस्तो कोशेढुंगे कार्यमा महत्वपूर्ण भूमिका खेल्न सफल साथै धरान रंगशाला घेराबारा कार्यक्रममा मूल गेट निर्माणमा समेत सहयोग गरिरहेको अग्रणी संस्थाको अनुरोधलाई स्वीकार गरी गरिएको सद्भावना भ्रमणले धरान र हङकङका धरानेहरु बिचको सम्बन्धमा एक नयाआयाम थपिने आशा भ्रमण टोलीले राखेका थिए ।

उक्त भ्रमण टोलीमा धरान नगरपालिका कार्यालयका तर्फबाट कार्यकारी अधिकृत राजेन्द्रकुमार पौडेल, सूचना अधिकृत भक्तिराज शर्मा तथा बरिष्ठ योजना प्रशासन सहायक किरण भूजेलको सहभागिता रहेको थियो । त्यस्तै उद्योग बाणिज्य संघ सुनसरीबाट अध्यक्ष मोहनकाजी शाक्य र होटल एशोसिएसन अफ धरानका अध्यक्ष प्रमेश श्रेष्ठसमेतको सहभागिता रहेको थियो ।

धरान हङकङ मञ्चको दशौ वार्षिकोत्सव कार्यक्रम May 16th, 2010 मा भव्यताका साथ सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सभापतित्व मञ्चका अध्यक्ष प्रदिप थापाले गर्नु भएको थियो भने प्रमुखअतिथिको आसन ग्रहण धरान नगर पालिकाका

प्रमुख एवं कार्यकारी अधिकृत राजेन्द्रकुमार पौडेलले गर्नु भएको थियो । कार्यक्रममा भ्रमण टोलीको तर्फबाट प्रमुख अतिथिले आफ्ने मन्तब्यको क्रममा धरान नगर पालिकाको क्रियाकलापका बारेमा विस्तृत चर्चा गर्नु भएको थियो भने अन्य पदाधिकारीहरुले पनि आ–आफनो भनाई राख्नु भएको थियो । उक्त कार्यक्रममा धर ानेहरुको तर्फबाट प्रमुख अतिथिबाट धरान घण्टाघर निर्माणमा सहयोग पुऱ्याउनु हुने धरान हङकङ मञ्चका अध्यक्ष – श्री प्रदीप थापा र पूर्व अध्यक्षहरु श्री विष्णु पाखिन, प्रेम सुब्बा , किसन राईलाई सम्मान गरिएको थियो ।

१० औ वार्षिक उत्सवमा औपचारिक कार्यक्रमका साथ साथै कलाकर्मीहरुबाट प्रस्तुत गरिएको सांगीतिक कार्यक्रमले थप रोचकता दिएको थियो । नेपाली शैली, फिलिपिनो शैली तथा आधुनिक शैलीका सांगितिक कार्यक्रमले दर्शक तथा सहभागिलाई मनोरञ्जन दिलाएको अवस्थामा मायाको चिनो साटासाट तथा हस्तान्तरणले नेपाली, नेपाली प्रतिको अगाढ सम्वन्ध तथा देश प्रति भक्तिभाव दर्शाएको थियो । साथै "मलाई ठूलाशहर होईन" भन्ने गीतले त हङकङवासीको नेपाल प्रतिको माया आफनै हृदयभित्र राखेको आभास दिएको थियो भने नेपालको राष्ट्रिय झण्डा बोकी कलाकारहरुले प्रस्तुती गर्दा दर्शकहरुलाई स्वयं नेपालमा नै रहेको छु जस्तो भानहुन्थ्यो ।

१० औ वार्षिक उत्सव कार्यक्रम पश्चात भ्रमण टोली विभिन्न मितिहरुमा हङकङमा धरानको वडा अनुसार संगठित भई बसेका वडावासीहरु, विभिन्न समाज तथा संघसस्थाहरुसंग भेटघाट तथा छलफल कार्यक्रममा सहभागि भएको थियो । उक्त कार्यक्रमहरुमा सहभागिहरुबाट समग्र धरानका समस्याहरुका बारेमा चासो एवं चिन्ता व्यक्त गरिएका थिए भने धरानको विकासकालागि धरान र




**वडागत छलफल कार्यक्रममा सहभागी हुँदै भ्रमण टोली**

धरान हङकङ मञ्च बीच सहकार्य गर्न सकिने मुद्दाहरु उपर व्यापक अन्तरक्रियाभएको थियो । उक्त कार्यक्रमहरुमा सहभागिहरुले आपसी सहकार्य एवं समन्वयमा जोड दिएका थिए ।

**छलफल तथा अन्तरकृयामा उठेका प्रमुख विषयहरु :**

- धरान नगरको खानेपानी स्थिति, समस्या तथा दीर्घकालीन तथा अल्पकालीन समाधानका उपायहरु ।
- धरानमा एयरपोर्ट निर्माण ।
- क्षेत्रीय रंगशाला धरानमा बन्ने किन बन्ने र धरानले गरेका प्रयासहरु ।
- धरानमा खेलकुदको विकास, राष्ट्रिय स्तरका खेल तथा खेलाडीहरुलाई प्रवर्द्धन ।
- वडा नं. ८ को सभागृह संचालन ।
- धरानको विकासका लागि विभिन्न विकासे कार्यहरुको योजना छनौट तथा कार्यान्वयनमा तिब्रता ल्याउनु पर्ने ।
- फोहरमैला व्यवस्थापनमा धरान नगरपालिकाले सकृयता वृद्धि गर्नु पर्ने ।
- Close Drain सहितको शहरी पूर्वाधार विकास गर्नु पर्ने ।
- सहरको विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय निर्माण ।

- प्राविधिक कर्मचारीलाई हङकङको विकास निर्माणमा परिचित गराई धरानको विकासमा सो विधि तथा प्रविधिको प्रयोग ।

**भ्रमण टोलीको अनुभव :**

- हङकङका धरानेहरुमा हङकङमा बसेर पनि धरानको समग्र विकासमा अत्याधिक चासो र चिन्ता रहेको पाईयो । आ–आफनो क्षमताले धरानको विकासमा केही योगदान गरी गौरवान्वित हुने उद्देश्य उल्लेख्य रुपमा हङकङका धरानेहरुमा रहेको भेटियो भने धरानमा खानेपानीको समस्या थाहा पाई त्यसलाइ कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा अत्याधिक चासो लिएको पाइयो ।
- हङकङमा रहेका धराने दाजुभाइ दिदीवहिनीहरु धरानको जस्तै वडागत, जातिगत तथा समग्र धरान हङकङ मञ्चको छातामुनी बसेको र आइपरेको समस्याहरु समाधानमा समूहगत सहयोग हुने गरेको पाईयो ।
- हङकङमा नेपाली कला संस्कृतिको पहिचान कायम राखेको र यसको जगेर्ना गर्ने प्रयास गरेको पाईयो ।
- हङकङमा नेपालीहरुलाई प्रमुख रुपमा भाषाको समस्या रहेको पाईयो ।
- प्रमुख रुपमा रोजगारीको अवसर प्राईभेट सुरक्षामा रहेको पाईयो भने यहाँ २४ सै घण्टा जस्तो काममा जानुपर्ने हुँदा रोजगारीको अवसर वढी रहेको पाईयो ।
- हङकङमा रहेका धराने दाजुभाइ दिदीवहिनीहरु अधिकांस आ–आफनो काममा व्यस्त रहने गरेको पाईयो जसले गर्दा सामूहिक रुपमा भेटघाट हुनलामो समय पनिलाग्ने गरेको रहेको पाईयो ।
- धरानको विकास सम्बन्धी सहभागितामूलक योजनाहरुमा लगानी गर्ने ईच्छा जाहेर भएको ।
- धरानमा देखिएका प्रमुख समस्याहरुलाई समाधान गर्न हरसम्भव प्रयास गरिन जानकारी प्राप्त भएको ।



धरान घण्टाघरको मूलप्रति हङकङको घण्टाघर अगाडि तस्वीर खिच्दै भ्रमण टोलीका एक सदस्य : किरण भुजेल

- योजनाहरुको प्रस्ताव प्राप्त भए पछि छलफल गरी लगानी गर्ने विषयमा जानकारी प्रदान गरिने प्रतिवद्धता रह्यो । त्यस्तै पार्क र सरसफाइको क्षेत्रमा तत्काल लगानी गर्न सकिने अवस्थाको जानकारी भयो ।

अन्तमा उक्त सद्भावना भ्रमणले धरान र हङकङमा बसोवास गर्ने धरानेहरु बीचको सम्बन्धलाई अझ गाढा बनाएको छ भने आगामी दिनहरुमा धरान र मञ्चबीच धरानको विकासका लागि हुने सहकार्यहरुका लागि नयाँ ढोका खोलेको छ । भविष्यमा पनि यस्तो सद्भावना भ्रमणको माध्यमबाट धरान र हङकङमा बस्ने धरानेहरु बीच सुमुधुर सम्बन्ध विस्तार को प्रयासहरु दुवै पक्षको तर्फबाट हुने कुरामा पनि आशावादी रहेका छौ ।

# जनसहभागिताको अनुपम नमुना धरान



केशव सापकोटा



१ सय वर्षभन्दा लामो इतिहास बोकेको धरानको १० वर्ष अगाडिको तस्विर र अहिलेको भूगोल हेरे आकाश जमिनको फरक पाउन सकिन्छ । पहिले पूर्वी पहाडबाट नुनतेल लिन आउनेको जमघट स्थल, तराईको औलो छल्नेको सुरक्षित वासस्थानका रुपमा परिचित धरान अहिले विकास निर्माणमा स्थानिय सहभागिता रहेकै कारण पूर्वाञ्चलकै सुन्दर पर्यटकीय नगरीका रुपमा उभिएको छ, धरानको घण्टाघर ठाडो भएर उभिए सरी ।

हो, धरानलाई पर्यटकीय नगरी बनाउन यहाँका भू.पू ब्रिटिश लाहुरेले हात नहालेका भए,स्थानिय निकायसँग सहकार्य नगरेको भए अझै पनि पुरानै स्वरुपमा रहने थियो । विदेशमा रहेर त्यहाँको वातावरण, रहनसहन र विकासका हरेक पक्षलाई केलाएर भूपूहरुले जसै स्थानिय सरकारसँग हातेमालो गरी बाटोघाटो, पुल, पुलेसा, विद्युत्, पानीमा लगानी गर्न थाले एकाएक

ढुङ्गै ढुङ्गाको धरान, स्वच्छ हराभरा र सुन्दर धरानका रुपमा पुनर्जीवित भएको हो। एक दशक यता धरानमा चिल्ला र सुन्दर सडक मात्रै ८० किलोमिटर भन्दा बढी निर्माण भएका छन्। यसमा स्थानीय निकाय धरान नगर पालिका र धरानबासीको महत्वपूर्ण योगदान रहेको छ। २०५४/०५५ देखि धरान नगरपालिका र स्थानिय बासी बीच विकास निर्माणका हरेक विषयमा सहकार्य हुन थालेपछि धरानका हरेक गल्ली चौक र वडाहरुमा चिल्ला र सुन्दर सडक निर्माण भएका छन्। धरान-१५ स्थित भानुमार्ग, धरान-८ स्थित सिद्धार्थ मार्ग, १९ स्थित आवर होम मार्ग, धरान-१६ स्थित विकास मार्ग, लगायत १९ वटै वडाहरुमा बाटाघाटा, खोल्साखाल्सीमा कल्बोट, ड्रेन, निर्माण हुँदा धरानले नेपालकै मिनी हङकङको उपमा समेत पाएको छ। यो सबै ब्रीटिश लाहुरे समुदाय, स्थानीय उद्योगी व्यवसायी, जनता र स्थानीय निकायबीचको सहकार्यले सम्भव भएको स्वयम् नगरबासी भन्दछन्।

अहिले पनि नगरपालिकाको पी.पी.पी. योजना अन्तर्गत यहाँ विभिन्न सडक, ड्रेन निर्माण भइरहेका छन्। यसै परिप्रेक्ष्यमा आफ्नो घर अगाडिको बाटाघाटा सफा राख्नुपर्छ, सुन्दर बनाउनुपर्छ र विकासको लागि सरकारी ढोका मात्रै चहार्नुहुन्न भन्ने मान्यताले धरान-३ सदन रोडका उपभोक्ताले पनि धरानको विकास निर्माणमा उदाहरणीय सहभागिता जनाएका छन्। २०५३ सालमै सडक निर्माण भएको भए पनि कमजोर प्रविधिका कारण १ वर्षमै भत्किएपछि जीर्ण बनेको माछा भौंडी सदन रोडको सडक अहिले फेरि निर्माण भइरहेको छ।

बारम्बार सरकारलाई बाटो बनाऊ भनेर भनेपनि कान ठाडो नपारेपछि आफ्नो घरको बाटो आफैं निर्माण गर्न जुटेका सदनरोड, माछाभौंडीबासीले धरान नगरपालिकाको साझेदारीमा करिब ३२ लाख रुपैयाँको लागतमा ३० फुट चौडाइको बाटो निर्माण गर्न लागेका छन्। प्रतिफुट ८ सय ६० रुपैयाँ प्रतिघर संकलन गरेर निर्माण गर्न लागिरहेको सो बाटो प्रयोग गर्ने ८३ घर संख्या मात्रै होइन पुरै वडा नं. १५, ३ लगायत छिमेकी गाविस, पाँचकन्या, पानवारीका बासिन्दासमेत लाभान्वित भएका छन्।

"हाम्रो घर अगाडि बाटो भएपछि फाइदा हामीलाई त हो तर यो बाटो ज्यादै महत्त्वपूर्ण रहेको छ, यसले ३ र १५ मात्र नभई पाँचकन्या र पानमाराबासीलाई पनि आवतजावत गर्न सहज हुन्छ" सदनरोड ड्रेन पिच निर्माण उपभोक्ता समितिका संयोजक सर्वधन राई बाटोको महत्वका बारेमा भन्नुहुन्छ।

बाटोको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको गुणस्तरियता हो। सदनरोडको यो बाटो निर्माणमा प्रयोग भएको मसला मात्रै ५/१ को रहेको संयोजक राईले जानकारी दिनुभयो। "ड्रेन ५/१ र बाटोको स्याप मोटाई ४/१ को रहेको छ। यो एकदमै गुणस्तरको हो।" "स्थानीय निकायले विकासमा जनसहभागिता खोजेपछि हामीलाई पनि आफ्नो ठाउँको विकास आफैं गर्नुपर्छ भन्ने दायित्व बोध भएको छ" उहाँले बताउनु भयो।

त्यसैगरी अहिले धरान १५ स्थित श्याम चौक देखि महादेव चौक सम्म पनि धरान नगर पालिका, LGCPD र जनसहभागिताबाट झण्डै १ किलोमिटर भन्दा लामो बाटो निर्माण भइरहेको छ। जसको लागत ४५ लाख ३४ हजार छ। जसमा स्थानीय बासीले १८ लाख १४ हजार लगानी गरेका छन् भने अरु रकम नगरपालिका र LGCPD को रहेको सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष गोपालप्रसाद गुरागाईंले बताउनुभयो। सडकका बारेमा उहाँ भन्नुहुन्छ "यो सडक धरान १५ का बासीको मात्र नभई छिमेकी गा.वि.स. पाँचकन्या र पानमारा बासीहरुको आवत जावत गर्ने बाटो पनि हो। बाटो नबनाउँदा यहाँ वर्षा

याममा हिँडिसक्ने अवस्था हुँदैन थियो । अहिले हजारौं जनता यो सडकबाट लाभान्वित भएका छन् ।"

त्यस्तै गरी धरान-८ स्थित देउबहादुर मार्ग पनि स्थानीय जनसहभागिता र नगरपालिका तथा LGCPD बीचको सहकार्यमा धमाधम सडक निर्माण भइरहेको छ । उक्त सडकमा नगरपालिकाले २ लाख ३२ हजार लगानी गरेको छ भने जनसहभागिता नौ लाख ३९ हजार र LGCPD २५ लाख ५३ हजार लगानी रहेको निर्माण उपभोक्ता समितिका अध्यक्ष तथा पूर्व नगर प्रमुख मनोज कुमार मेन्याङ्वो बताउनुहुन्छ । यस्तै जनसहभागिताकै अर्को नमुना हो जुनेली पथ । यो सडक पनि नगरपालिका र जनसहभागिता अन्तर्गत नै निर्माणाधिन छ । नगरलाई स्वच्छ, हराभरा र विकासका पूर्वाधारयुक्त बनाउने नीति अनुरुप निर्माण भएको यो सडकमा नगरपालिकाले २ लाख ८ हजार व्यहोरेको छ भने जनसहभागिता ८ लाख ५६ हजार रहेको छ बाँकी रकम LGCPD बाट अनुदान प्राप्त भएको जुनेली पथ पिच तथा ढल निर्माण उपभोक्ता समितिका अध्यक्ष बसन्त श्रेष्ठले जानकारी दिनुभयो । यसरी सरसर्ती हेर्दा धरान नगरको विकासमा स्थानीय जनताको सहभागिता उल्लेख्य रुपमा पाइएको छ । नगर हाम्रो हो । हामी आफैंले बनाउनुपर्छ संरक्षण गर्नुपर्छ भन्ने मानसिकता लिएर सहकार्यको भावनालाई अगाडि बढाएका धरानबासी विकास निर्माणका काममा सधैं अग्रसर रहेका छन् यता नगरपालिकाले पनि नगर विकास नै आफ्नो प्रमुख उद्देश्य लिएर नगरको शिक्षा, स्वास्थ्य, यातायात लगायत हरेक विषयमा नगर बासीसँग सहकार्य गर्न सदैव तयार रहेको छ। जनताका हरेक गुनासालाई, उनीहरुको आवश्यकतालाई मनन गरेर नीति तथा योजना निर्माण गरेको नगरपालिकाले यहाँको विकास निर्माणका विषयलाई प्राथमिकताका साथ अगाडि बढाउनाले पनि विकासका सम्पूर्ण भौतिक पूर्वाधार युक्त सुन्दर शान्त नगर बन्न सफल भएको छ । पुर्वाञ्चलमै पर्यटकिय नगरका रुपमा समेत ख्याती कमाएको धरान नगरपालिका क्षेत्रमा अहिले आफ्नो घर अगाडि सडक बनाउने, फुलवारी लगाउने नगरवासीमा लहरनैं चलेको छ। धरानका हरेक घर अगाडि सदावहार फुल, चायनिज दुवो,अनि चिल्लो कालो पत्रे सडक रहेका छन् जसको संरक्षण सम्बर्द्धनमा नगरवासी र नगर पालिका हातेमालो गरेर अगाडि बढेका छन्। जुन आगामी दिनमा पनि हुनु पर्दछ।

**मान्छे जागून घरघर सधैं होस उज्यालो धरान,**
**हाँसोस् बाँचोस् युग-युग सधैं उच्च हाम्रो धरान !**

# आर्थिक वर्ष २०६७।०६८ को बजेट विवरण

# धरान नगरपालिका
## आ.व. ०६७/०६८ को अनुमानित आय विवरण

| क्र.सं. | विवरण | २०६४/०६५ को यथार्थ | २०६५/०६६ को अनुमान | २०६५/०६६ को यथार्थ | २०६६/०६७ को अनुमान | २०६६/०६७ जेठ सम्मको यथार्थ | २०६७/०६८ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न करहरु | ९३४८०७६\|३३ | ११०५५०००\|०० | ११३८१३६५\|०० | १२०५००००\|०० | ९४८८४७८\|०० | १६८५००००\|०० |
| १ | एकीकृत सम्पत्ति कर | ५७४३१६७\|०० | ६००००००\|०० | ६०५९४७९\|०० | ६५०००००\|०० | ४९६९४०५\|०० | १००००००\|०० |
| २ | बहाल बिटौरी | ८९६५६\|०० | १०००००\|०० | ९१५०४\|०० | १०००००\|०० | ६३५००\|०० | १०००००\|०० |
| ३ | पेशा व्यवसाय | १९५६८४६\|०० | २५०००००\|०० | ३४५६९५६\|०० | ३००००००\|०० | ३०७०१३२\|०० | ४००००००\|०० |
| ४ | सवारी कर, पटके | ९२४९६७\|३३ | ११०००००\|०० | ९३०५९३\|०० | ११०००००\|०० | ६०६६९१\|०० | १५०००००\|०० |
| ५ | बहाल कर | १६०५२९\|०० | ५०००००\|०० | २७७५३८\|०० | ५०००००\|०० | ८९८५०\|०० | ५०००००\|०० |
| ६ | मनोरञ्जन कर | ७२०००\|०० | ४०००००\|०० | १९६४००\|०० | ५०००००\|०० | ३३५९००\|०० | ५०००००\|०० |
| ७ | विज्ञापन कर | ४००९११\|०० | ४५५०००\|०० | ३६८८९५\|०० | ३५००००\|०० | ३५३०००\|०० | २५००००\|०० |
| २ | सेवा शुल्क तथा दस्तुर | ९८९९०११\|०० | १२३९५०००\|०० | १२६७७८८८\|०० | १५२४५०००\|०० | ११२४२६३०\|०० | १८२६००००\|०० |
| १ | सरसफाई सेवा शुल्क | ४४८००८ | ५०००००\|०० | ४६४४२१\|०० | ५०००००\|०० | ३६२७८७\|०० | १५०००००\|०० |
| २ | सडकबत्ती मर्मत सेवा शुल्क | ४६६६७४ | ५०००००\|०० | ४७९४७८\|०० | ५०००००\|०० | ४३९५७४\|०० | १५०००००\|०० |
| ३ | सवारी पार्किङ शुल्क | ६३३७७६ | ५०००००\|०० | ४५४०६१\|०० | ५०००००\|०० | ३४२०००\|०० | ६५००००\|०० |
| ४ | हाटवजार तथा मवेशी सेवा शुल्क | ३२५३७४ | ५०००००\|०० | ४०६९४५\|०० | ४५००००\|०० | ४५३९५\|०० | ५०००००\|०० |
| ५ | कान्जीहाउस शुल्क | १७२३२ | २५०००\|०० | १०२५०\|०० | १५०००\|०० | ०\|०० | २५०००\|०० |
| ६ | निवेदन दर्ता शुल्क | १०९७९७ | १२५०००\|०० | १०४१३०\|०० | १२५०००\|०० | ९०६२५\|०० | १२५०००\|०० |
| ७ | नक्सा पास दस्तुर | २५७३९७४ | ३००००००\|०० | ३५७१६६९\|०० | ४००००००\|०० | ३९१९२३५\|०० | ४५०००००\|०० |

| क्र. सं. | विवरण | २०६४/०६५ को यथार्थ | २०६५/०६६ को अनुमान | २०६५/०६६ को यथार्थ | २०६६/०६७ को अनुमान | २०६६/०६७ जेठ सम्मको यथार्थ | २०६७/०६८ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| ८ | बक्सौनी र सिफारीस दस्तुर | २६२८६६२ | ४०००००० ०० | ३३२१२२६ ०० | ४०००००० ०० | ३९४४५४७ ०० | ५०००००० ०० |
| ९ | मूल्यांकन सेवा शुल्क | ४६२८९९ | ६००००० ०० | ४९१९४७ ०० | ६००००० ०० | १५०२७५ ०० | २५०००० ०० |
| १० | नाता प्रमाणीत दस्तुर | १३२०३९ | १५०००० ०० | १०९४८१ ०० | १२५००० ०० | ११४२३८ ०० | १२५००० ०० |
| ११ | दण्ड जरीवाना | ८७३६२३ | ९००००० ०० | १७५१२५४ ०० | १६००००० ०० | ८१०६१३ ०० | १०००००० ०० |
| १२ | नक्सा डिजाईन शुल्क | ६५५९५ | ७५००० ०० | ८२०६१ ०० | ७५००० ०० | ६१४२५ ०० | ७५००० ०० |
| १३ | वारुणयन्त्र पानी बिक्री | १२७८२५ | ५०००० ०० | ९००० ०० | २५००० ०० | २२१०० ०० | १०००० ०० |
| १४ | शौचालय सेवा शुल्क | १९४३८५ | २६५००० ०० | २३७२८० ०० | ५००००० ०० | १२८३५ ०० | २००००० ०० |
| १५ | ले आउट | १०५६५० | १२५००० ०० | १२३०५० ०० | १२५००० ०० | १०४१०० ०० | १२५००० ०० |
| १६ | निवेदन फारम शुल्क | ५९९४२८ | ६५०००० ०० | ७२९५०८ ०० | ७५०००० ०० | ६०८०८१ ०० | ७५०००० ०० |
| १७ | विद्युत / पानी महशुल | ३२०८ | ५००० ०० | ३५२३ ०० | ५००० ०० | २२८ ०० | ५००० ०० |
| १८ | वारुणयन्त्र सेवा शुल्क | ११३१०६ | १२०००० ०० | १११३४० ०० | १२०००० ०० | ११७२१० ०० | १५०००० ०० |
| १९ | जग्गा नापी दस्तुर (अमिन) | १७००० | ५०००० ०० | १७५०० ०० | २०००० ०० | ३००० ०० | २५००० ०० |
| २० | पंजिकरण दर्ता शुल्क | ० | २५०००० ०० | १९९७६४ ०० | २५०००० ०० | ८४६४५ ०० | १२५००० ०० |
| २१ | विद्युत, टेलीफोन पोल शुल्क | | | | ७२०००० ०० | ० ०० | ७२०००० ०० |
| २२ | विद्युत ट्रान्सफर्मरको शुल्क | | | | ६०००० ०० | ० ०० | ७२००० ०० |
| २३ | टेलीफोन पोल शुल्क | | | | १८०००० ०० | ० ०० | १८०००० ०० |
| २४ | अन्य सेवा शुल्क | ७५६ | ५००० ०० | | ० ०० | ९७१७ ०० | ० ०० |
| ३ | सम्पत्ति बहाल | १२०७७५१ ०० | १३३१००० ०० | ८७७५५२ ०० | १६७५००० ०० | ९१३२३६ ०० | १७००००० ०० |

| क्र. सं. | विवरण | २०६४/०६५ को यथार्थ | २०६५/०६६ को अनुमान | २०६५/०६६ को यथार्थ | २०६६/०६७ को अनुमान | २०६६/०६७ जेठ सम्मको यथार्थ | २०६७/०६८ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | पालिका तरकारी वजार बहाल | ७००११० | ७५००००\|०० | ६३१८२५\|०० | १००००००\|०० | ६७८७००\|०० | १००००००\|०० |
| २ | पुस्तकालय बहुउद्देश्यीय भवन | ८४६३८ | १०००००\|०० | ६६०००\|०० | ५००००\|०० | ३९४००\|०० | ५००००\|०० |
| ३ | मोति भवन तथा सभागृह बहाल | ५४२०० | २०००००\|०० | ८६६२५\|०० | २२५०००\|०० | ५२२२६\|०० | २५००००\|०० |
| ४ | सपिङ कम्प्लेक्स | ३६८८०३ | २८१०००\|०० | १०१२८४\|०० | ३०००००\|०० | १००१००\|०० | ३०००००\|०० |
| ५ | क्यान्टिन भवन | | ०\|०० | १०००००\|०० | ४२८१०\|०० | १०००००\|०० | |
| ४ | अन्य आय | ६३६०७६\|०० | १९२५०००\|०० | ३४६८४९\|०० | २६३००००\|०० | ७११७८९\|०० | ८६००००\|०० |
| १ | सडक कटान दस्तुर | ८६४११\|०० | ३०००००\|०० | ७४३२३\|०० | ३०००००\|०० | १२३७९०\|०० | २०००००\|०० |
| २ | पुरानो मालसामान विक्री | ११३५३६\|०० | २०००००\|०० | १९१८२\|०० | ७५००००\|०० | ३६३४९०\|०० | १०००००\|०० |
| ३ | पेश्की, बेरुजु, सापटी फिर्ता | १६९३८१\|०० | १०००००\|०० | ९८४८५\|०० | २०००००\|०० | २३६४५\|०० | २०००००\|०० |
| ४ | धरौटी जफत | ६४३४१\|०० | १०००००\|०० | ३०७०७\|०० | १५००००\|०० | ६५३६९\|०० | १०००००\|०० |
| ५ | कोटेशन, टेण्डर फारम विक्री | ३८८००\|०० | २५०००\|०० | २४९००\|०० | ३००००\|०० | ४२३००\|०० | ५००००\|०० |
| ६ | जग्गा विकास आयोजनाबाट फिर्ता | ०\|०० | १००००००\|०० | ०\|०० | १००००००\|०० | ०\|०० | १००००\|०० |
| ७ | अन्य विविध आय | १६३६०७\|०० | २०००००\|०० | ९९२५२\|०० | २०००००\|०० | ९३१९५\|०० | २०००००\|०० |
| | आफ्नो श्रोतको जम्मा : | २१०९०९१४\|३३ | २६७०६०००\|०० | २५२८३६५४\|०० | ३१६००००००\|०० | २२३५६१३३\|०० | ३७६७००००\|०० |
| ५ | स्थानीय विकास शुल्क | २१९४८०००\|०० | ३२७८२५००\|०० | ३२७८२०००\|०० | ३२७८२०००\|०० | २९९८७०००\|०० | |
| ६ | जि.वि.स.बाट श्रोत बाँडफाँड वापत | १७५००००\|०० | २५०००००\|०० | ११०२०००\|०० | २५०००००\|०० | ०\|०० | २००००००\|०० |
| ७ | जिम्मेवारी | ११८१२९९\|१ | ५१८९५००\|०० | ५१८९४८६\|५९ | २९७०७०००\|०० | २३२०८९२४\|४९ | ४००००००\|०० |
| | कूल आन्तरिक आय | ४५९७०२१३\|३८ | ६७१७८०००\|०० | ६४३५७१४०\|५९ | ९६५८९०००\|०० | ७५५५२०५७\|४९ | ४३६७००००\|०० |

| क्र. सं. | विवरण | २०६४/०६५ को यथार्थ | २०६५/०६६ को अनुमान | २०६५/०६६ को यथार्थ | २०६६/०६७ को अनुमान | २०६६/०६७ जेठ सम्मको यथार्थ | २०६७/०६८ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| ८ | जनसहभागिता | ४६८३५५०\|०० | ७५०००००\|०० | १७८८२२९८\|०० | १५००००००\|०० | २०५२९४४७\|०० | २००००००००\|०० |
| ९ | अनुदान तथा सहयोग | | | | | | |
| क) | नेपाल सरकार: | | | | | | |
| | १) प्रशासन,वारुणयन्त्र र अतिथि गृह संचालन | ११००००० | ११०००००\|०० | ११०००\|०० | १२०००००\|०० | १२०००००\|०० | १२०००००\|०० |
| | २) जगेडा कोष | २५९७९९०\|५७ | १३००००००\|०० | ५२०२०\|०० | ११००००००\|०० | ५८८९०००\|०० | १२५०००००\|०० |
| | ३) विकास अनुदान । जनसहभागितामा आधारित कार्यक्रम | ४४५६०००\|०० | ५००००००\|०० | ५००००००\|०० | ३७०००००\|०० | १३०००००\|०० | १३०००००\|०० |
| | ४) सडक बोर्डबाट प्राप्त हुने | ०\|०० | ३००००००\|०० | २३२१०९७\|०० | ३५०००००\|०० | ५१३२८०५\|०० | ५००००००\|०० |
| | ५) कृषि सडक | ६२०००००\|०० | ४००००००\|०० | २६०००००\|०० | ४००००००\|०० | ४००००००\|०० | ४००००००\|०० |
| | ६) बर्ड फ्लू नियन्त्रण कार्यक्रम | ९३९५०\|०० | ०\|०० | ४३९५०\|०० | ४५०००\|०० | ०\|०० | ०\|०० |
| | ७) श.वि.तथा भ.नि.वि.बाट | | ५००००\|०० | ०\|०० | ५००००\|०० | ०\|०० | ५००००\|०० |
| | ८) सहरी गरिबी न्यूनिकरणका लागि | | ५०००००\|०० | ५०००००\|०० | ५०००००\|०० | ०\|०० | ०\|०० |
| | ९) स्थानीय विकास शुल्क | | ४४८४७०००\|०० | २९८९८०००\|०० | १४९४९०००\|०० | १४९४९०००\|०० | ३२८०००००\|०० |
| | १०) जिल्ला शिक्षा कार्यालयबाट बा.वि.के. र साक्षरता | | | | १६५२०००\|०० | १४१९५२५\|०० | १६५२०००\|०० |
| | ११) जिल्ला विकास समितिबाट सामाजिक सुरक्षा | | | | २७००००००\|०० | १३८९२०००\|०० | २५००००००\|०० |
| | १२) LGCDP बाट प्राप्त | | | | ३५०००००\|०० | १५०६८८००\|०० | १५००००००\|०० |
| ख) | नगर विकास कोषबाट | ०\|०० | | | | | |

| क्र.सं. | विवरण | २०६४/०६५ को यथार्थ | २०६५/०६६ को अनुमान | २०६५/०६६ को यथार्थ | २०६६/०६७ को अनुमान | २०६६/०६७ जेठ सम्मको यथार्थ | २०६७/०६८ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| ग) | यूडीएलईबाट | ३६२१५०\|०० | १३०००००\|०० | ०\|०० | १०५००००\|०० | ०\|०० | ५००००\|०० |
| घ) | युनिसेफबाट | ७४६०१४\|०० | ८५२५००\|०० | ४८८५००\|०० | ६१५०००\|०० | १३१४५००\|०० | २१६५०००\|०० |
